असोज - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ११ | २०७५, असोज १-१५ | पूर्णाङ्क ६२९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दीरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | १४ |
| इजलास नं. ८ | ११ |
| जम्मा | ५९ |

| | |
|---|---|
| इजलास नं. ९ | ४ |
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | १२ |
| इजलास नं. १२ | ७ |
| इजलास नं. १३ | ४ |
| इजलास नं. १४ | ३ |
| इजलास नं. १६ | ५ |
| इजलास नं. १७ | ६ |
| जम्मा | ४३ |

**कूल जम्मा ५९ + ४३ = १०२**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, असोज – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| १. | मानव बेचबिखन | रामचन्द्र सार्की मिजार रोक्का वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **१ - ८** |
| २. | उत्प्रेषण / परमादेश | कञ्चन श्रेष्ठ वि. विद्यालय शिक्षक किताबखाना, काठमाडौंसमेत | |
| ३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. झलकबहादुर बस्नेतसमेत | |
| ४. | हानि नोक्सानी बिगो असुलउपर गरिपाउँ | रामचन्द्र भट्ट वि. अनुप अधिकारी | |
| ५. | भ्रष्टाचार अनियमितता | नारायण यादव वि. नेपाल सरकार | |
| ६. | भ्रष्टाचार | अशोककुमार साह वि. नेपाल सरकार | |
| ७. | लागु औषध खैरो हेरोइन | जनक साहसमेत वि. नेपाल सरकार | |
| ८. | कर्तव्य ज्यान | धनबहादुर घिसिङसमेत वि. नेपाल सरकार | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धाप्रु धिमाल | |
| १०. | उत्प्रेषण / परमादेश | अनिल के.सी. वि. बलबहादुर के.सी.समेत | |
| ११. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर गौतम वि. पुनरावेदन अदालत, सुर्खेतसमेत | |
| १२. | उत्प्रेषण / परमादेश | लालकाजी श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत | |
| **इजलास नं. १** | | | **८ - १६** |
| १३. | भ्रष्टाचार | खेमराज भट्टराई वि. नेपाल सरकार | |
| १४. | भ्रष्टाचार | नेपाल सरकार वि. प्रल्हादप्रसाद धिताल | |
| **इजलास नं. २** | | | **१६ - १९** |
| १५. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. यमबहादुर पुन | |
| १६. | कर्तव्य ज्यान | मईत सिंह बल वि. नेपाल सरकार | |
| १७. | भन्सार महशुल निर्धारण | विराटनगरसमेत भन्सार कार्यालय, विराटनगर वि. दिल सुन्दर श्रेष्ठ | |
| **इजलास नं. ३** | | | **१९ - २७** |
| १८. | भ्रष्टाचार | नेपाल सरकार वि. डोलराज शर्मासमेत | |
| १९. | घर खाली जग्गा खिचोला चलन | शिवजी गडेरीसमेत वि. सितादेवी गडेरी | |
| २०. | आयकर (०६४।६५) | आन्तरिक राजश्व कार्यालय, विराटनगर वि. हुलास मेटल क्राफ्टस लि., विराटनगर | |
| २१. | परमादेश | माधवकुमार बस्नेतसमेत वि. नेपाल कानून व्यवसायी परिषद भवन, कुपण्डोलसमेत | |
| २२. | आगो लगाई ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. हर्कबहादुर खत्री | |
| २३. | जबरजस्ती करणी | लक्ष्मीभक्त राजबहाक वि. नेपाल सरकार | |
| **इजलास नं. ४** | | | **२७ - २९** |
| २४. | मोही नामसारी | झंकनाथ उपाध्याय पण्डित वि. मिठूदेवी उपाध्याय | |
| २५. | कर्तव्य ज्यान | पहलमान सारू मगर वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| **इजलास नं. ५** | | **२९ - ३३** |
| **२६.** | कर्तव्य ज्यान | गोविन्द घर्ती मगर वि. नेपाल सरकार |
| **२७.** | कर्तव्य ज्यान | खगु बस्याल वि. नेपाल सरकार |
| **२८.** | अंश चलन | लिलामाया लावतीसमेत वि. रामकुमार लावती |
| **२९.** | जबरजस्ती करणी | रमेश राई वि. नेपाल सरकार |
| **३०.** | अंश चलन | बद्रीप्रसाद कट्टेल वि. शकुन्तला कट्टेलसमेत |
| **३१.** | कर्तव्य ज्यान | सुरेन्द्र सिंह महर वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **३३ - ३५** |
| **३२.** | घरमा आगो लगाएको | नेपाल सरकार वि. बालीबहादुर थापा मगर |
| **३३.** | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. सुर्वण थापा |
| **३४.** | उत्प्रेषण | देशमन वैद्य वि. काठमाडौं महानगरपालिका वडा नं.३४ वडा कार्यालयसमेत |
| **इजलास नं. ७** | | **३५ - ४३** |
| **३५.** | शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | नारायणप्रसाद रिजाल वि. नेपाल सरकार |
| **३६.** | निषेधाज्ञा | गोर्खा ब्रुअरी प्रा.लि. वि. आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवन |
| **३७.** | परमादेश | बसन्तराज अर्याल वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाडौं |
| **३८.** | कर्तव्य ज्यान | होमबहादुर सुनारसमेत वि. नेपाल सरकार |
| **३९.** | उत्प्रेषण / परमादेश | केशरी ब्रह्मरत्न प्रजापति वि. मालपोत कार्यालय, भक्तपुर मुकाम जगाती |
| **४०.** | कर्तव्य ज्यान | ईन्द्रा राई वि. नेपाल सरकार |
| **४१.** | उत्प्रेषण / परमादेश | चन्देश्वर साह सुडी वि. मालपोत कार्यालय, जलेश्वरसमेत |
| **४२.** | उत्प्रेषण | ध्रुवप्रसाद रिजाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| **४३.** | कर्तव्य ज्यान | गंगाबहादुर पुलामीमगर वि. नेपाल सरकार |
| **४४.** | बहुविवाह | नेपाल सरकार वि. विनोज कार्कीसमेत |
| **४५.** | उत्प्रेषण | ल्हाक्पा सोनाम शेर्पा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत |
| **४६.** | उत्प्रेषण | दीपक कार्की वि. नेपाल राष्ट्र बैंक, बालुवाटारसमेत |
| **इजलास नं. ८** | | **४३ - ४८** |
| **४७.** | उत्प्रेषण / परमादेश | शकुन शेरचनसमेत वि. मन्त्री परिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **४८.** | उत्प्रेषण / परमादेश | गोविन्दप्रसाद जयसवाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत |
| **४९.** | कर्तव्य ज्यान र रहजनी चोरी | दीपक थापासमेत वि. नेपाल सरकार |
| **५०.** | कर्तव्य ज्यान | भोजबहादुर घर्ती वि. नेपाल सरकार |
| **५१.** | उत्प्रेषण / परमादेश | अन्जना श्रेष्ठ वि. काठमाडौं विश्वविद्यालय धुलिखेल, काभ्रेपलाञ्चोकसमेत |
| **५२.** | निषेधाज्ञा / परमादेश | कमलासरण वैष्णव वि. रामवरण पासवान |

| | | |
|---|---|---|
| ५३. | जालसाजी | भिमबहादुर श्रेष्ठ (कोजु) वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत |
| **इजलास नं. ९** | | **४८ - ५०** |
| | घर जग्गा खिचोला | उमर अलि मियाँ वि. जैवुन निसा मुसलमान |
| ५४. | निषेधाज्ञा / परमादेश | लिलानाथ शर्मा वि. मीना शर्मासमेत |
| ५५. | परमादेश | नन्दाद्वी जोशी वि. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरसमेत |
| ५६. | निषेधाज्ञा / परमादेश | प्रेमकुमार अग्रवाल वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| **इजलास नं. १०** | | **५० - ५१** |
| ५७. | बन्दी प्रत्यक्षीकरण | कल्पना कुमारी विश्वकर्मा वि. मकवानपुर जिल्ला अदालत, हेटौंडा, मकवानपुरसमेत |
| ५८. | निषेधाज्ञा | जोगिन्द्र पण्डित कुम्हार वि. फेकन ठाकुर बरही |
| **इजलास नं. ११** | | **५१ - ६०** |
| ५९. | निर्णय दर्ता बदर | गोदावरीदेवी सिंह राजपुत वि. नरेशप्रसाद सिंह राजधोव |
| ६०. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. रेशमराज पन्त |
| ६१. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सिमसोन चेपाङ |
| ६२. | अंश दर्ता | श्रीमती आनन्दी देवी वि. अनतिया देवीसमेत |
| ६३. | अंश | सफ्फार जोलाहसमेत वि. सितारा जोलाह |
| ६४. | कर्तव्य ज्यान तथा जबरजस्ती करणी | नेपाल सरकार वि. जलबहादुर गुरूङ |
| ६५. | बन्दी प्रत्यक्षीकरण | ईन्द्रबहादुर अधिकारी वि. भक्तपुर जिल्ला अदालत, तहसिल शाखासमेत |
| ६६. | वन पैदावर अवैध कटान तथा ओसारपसार | नेपाल सरकार वि. मजलुम मियाँसमेत |
| ६७. | अंश दपोट | खेदु महतो धानुक वि. सविताकुमारी मण्डल |
| ६८. | अंश | लहरी लोनियासमेत वि. रतिराम लोनिया |
| ६९. | कर्तव्य ज्यान | कर्णदेव सन्यासी वि. नेपाल सरकार |
| **इजलास नं. १२** | | **६१ - ६५** |
| ७०. | उत्प्रेषण / परमादेश | विरेन्द्रकुमार यादव वि. गृह मन्त्रालय, सिंहदरबारसमेत |
| ७१. | वैदेशिक रोजगार ठगी | प्रमीला के.सी. वि. नेपाल सरकार |
| ७२. | हातहतियार खरखजाना | नेपाल सरकार वि. श्रवणकुमार मण्डल |
| ७३. | जबरजस्ती करणी | नेपाल सरकार वि. गुन्नु कवाडिया |
| ७४. | वैदेशिक रोजगार | नेपाल सरकार वि. कमला बोहरा |
| ७५. | जबरजस्ती करणी | नेपाल सरकार वि. धनकुमार शेर्पा |
| ७६. | अंश चलन | मौजेलाल मण्डल धानुक वि. परशुराम मण्डल |
| **इजलास नं. १३** | | **६५ - ६७** |
| ७७. | जबरजस्ती करणी | रहरबहादुर तामाङ वि. नेपाल सरकार |
| ७८. | जग्गा दर्ता हक कायमसमेत | राजेन्द्रमान सिंहसमेत वि. मोहन कुमार श्रेष्ठ |
| ७९. | वैदेशिक रोजगार कसुर | चमेली लामा वि. नेपाल सरकार |

| इजलास नं. १४ | | ६७ - ६९ |
|---|---|---|
| ८०. | बन्दी प्रत्यक्षीकरण | उत्तरबहादुर खड्का वि. नेपाल सरकार |
| ८१. | हातहतियार खरखजाना | शशिभुषण तिवारी वि. नेपाल सरकार |
| ८२. | जग्गा नामसारी दा.खा. | रिषमलाल घर्ती वि. खलिबुढा मगर |
| **इजलास नं. १६** | | **६९ - ७२** |
| ८३. | ठगी | शिवदास यादव वि. नेपाल सरकार |
| ८४. | उत्प्रेषण / परमादेश | सन्तोषकुमार खत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ८५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रबहादुर आलेमगर |
| ८६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजन भुजेल |
| ८७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विनाराम के.सी. |

| इजलास नं. १८ | | ७२ - ७६ |
|---|---|---|
| ८८. | कर्तव्य ज्यान | जयकुमार यादव वि. नेपाल सरकार |
| ८९. | कर्तव्य ज्यान | डिल्ली देवानसरकार वि. नेपाल सरकार |
| ९०. | निषेधाज्ञा | नमिता पोखरेल (घिमिरे) समेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, केशरमहलसमेत |
| ९१. | निषेधाज्ञा | अमर शमशेर ज.ब.रा. वि. महानगरीय प्रहरी परिसर साबिक, हनुमानढोका हाल टेकुसमेत |
| ९२. | निषेधाज्ञा / परमादेश | सुमित्रा शाहसमेत वि. वैदेशिक रोजगार विभाग तिनकुने (हाल बुद्धनगर) समेत |
| ९३. | कर्तव्य ज्यान | उदयबहादुर शाही वि. नेपाल सरकार |

## पूर्ण इजलास

**मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री केदारप्राद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CF-०००८, मानव बेचबिखन, *रामचन्द्र सार्की मिजार रोक्का वि. नेपाल सरकार*

मिति २०७०।८।११ को फैसलाले प्रतिवादीलाई १२ वर्ष कैद र १ लाख जरिवाना भएकोमा मिति २०७२।८।२७ को फैसलाले प्रतिवादीलाई उक्त कैद, जरिवानाको अतिरिक्त पीडितले यी पुनरावेदक प्रतिवादीबाट रू.५०,०००।– क्षतिपूर्ति भराई लिन पाउने र प्रतिवादीको कार्यलाई नैतिक पतन देखिने फौजदारी कसुर कायम गरेको देखिन्छ। १२ वर्ष कैद र १ लाख जरिवाना हुने ठहर भएको मिति २०७०।८।११ को फैसलाउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन परी विचाराधीन रहेको देखिन्छ। तर प्रतिवादीले थप क्षति व्यहोर्नु पर्ने गरी भएको मिति २०७२।८।२७ को फैसलामा प्रतिवादीले पुनरावेदन नगरी फैसला अन्तिम भएको अतिरिक्त एउटै विवादमा पुनरावेदन अदालत, पाटनको फरकफरक मितिमा फरकफरक फैसला भएको देखिने।

पुनरावेदन अदालत, पाटनको एउटै वादी प्रतिवादी भएको मुद्दामा पुनरावेदक प्रतिवादीउपर अभियोगपत्रमा लिएको दाबीमध्ये सबै दाबीमा नबोली भएको फैसला मुलुकी ऐन, अ.बं. १९२ नं. को कानूनी व्यवस्था विपरीत हुने देखियो। त्यसमा पनि मिति २०७०।८।११ मा पुनरावेदन अदालत, पाटनबाट प्रतिवादीको पुनरावेदनमा समान तहको संयुक्त इजलासबाट एकपटक सुरूको फैसला सदर हुने भनी ठहर गरिसकेपछि परेको नेपाल सरकारको पुनरावेदनमा सुनुवाइ गरी समान तहको अर्को संयुक्त इजलासले सुरू फैसला केही उल्टी हुने भनी मिति २०७२।८।२७ मा गरेको फैसलालाई फैसलाको अन्तिमताको सिद्धान्तअनुकूल मान्न मिल्ने देखिएन। समान तहको इजलासले पहिले गरेको फैसलामा प्रतिवादीलाई भएको सजायभन्दा थप सजाय गर्ने गरी अर्को इजलासबाट फैसला हुनु न्यायिक संयमताअनुकूल हुनेसमेत नदेखिने।

अत: पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।११ र मिति २०७२।८।२७ को फैसलाहरू बदर हुने ठहर्छ। अब वादी नेपाल सरकार र प्रतिवादी रामचन्द्र सार्की मिजार रोक्का दुवै पक्षबाट दुवै पक्षबाट पुनरावेदन अदालतमा परेका पुनरावेदनको सन्दर्भमा जे जो बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी उच्च अदालत, पाटनमा मिसिल पठाई वादी प्रतिवादीलाई जानकारी दिने।

इजलास अधिकृत: भिमबहादुर निरौला

इति संवत् २०७४ साल चैत २२ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०१०४, उत्प्रेषण / परमादेश, *कञ्चन श्रेष्ठ वि. विद्यालय शिक्षक किताबखाना, काठमाडौंसमेत*

रिट निवेदकले आफू कार्यरत विद्यालयमा निरन्तर रूपमा काम गरिरहेको देखिएको र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूको अभिलेख दुरूस्त राखी अनिवार्य अवकाश हुने शिक्षक कुन मितिबाट अवकाश हुने हो ? सो कुराको जानकारी सम्बन्धित शिक्षक एवम् निज कार्यरत् विद्यालयलाई दिनु पर्ने दायित्व विद्यालय शिक्षक किताबखानाको रहेकोले आफ्नो दायित्व समयमै पूरा गरेको देखिएन। आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा मिति २०६९।९।२३ गतेसम्म विद्यालयमा रूजु हाजिर भई सेवा गरी आएकी यी निवेदकले २०६७।१०।९ देखि २०६९।९।२३ सम्म काम गरेको तलब पाउनु पर्ने नै हुन्छ। आधिकारिक निकायबाट अवकाश पत्र नदिई साबिकबमोजिम नै नियमित रूपमा काम गरेको अवधिको तलब, भत्ता नपाउने भन्न मिल्ने हुँदैन। यस्तो अवस्थामा बढी अवधि कार्य गरी निजले बुझेको तलब, भत्ता एवम् सञ्चयकोष कट्टी रकम निजले कानूनबमोजिम प्राप्त गर्ने औषधी उपचार रकमबाट कट्टा गरी हिसाब मिलान गर्ने गरी गरिएको विद्यालय शिक्षक किताबखानाको मिति २०७०।३।२४ को निर्णय प्राकृतिक न्याय र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेको देखिने। समयमा

अवकाशको जानकारी नगराएका कारण निरन्तर रूपमा शिक्षक पदमा कार्यरत यी निवेदकले खाइपाई आएको तलब भत्ता निजले पाउने औषधी उपचार खर्च तथा बिदालगायतको सेवा सुविधाबाट कट्टा गर्ने गरी विद्यालय शिक्षक किताबखानाबाट भएको निर्णय कानूनसम्मत् देखिन नआउने।

अतः उल्लिखित तथ्य एंव आधारबाट रिट निवेदक कञ्चन श्रेष्ठलाई अवकाश हुने मिति विद्यालय शिक्षक किताबखानाले समयमा जानकारी नगराएका कारण निजले आफू कार्यरत शिक्षकको हैसियतमा निरन्तर रूपमा अध्यापन गराउँदै आएको देखिँदा निजले खाइपाई आएको तलब भत्ता निजले पाउने औषधी उपचार खर्चलगायतका अन्य सुविधाबाट कट्टा गर्ने गरी विद्यालय शिक्षक किताबखानाबाट मिति २०७०।३।२४ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर हुन्छ। साथै निवेदकले अवकाश हुँदा नियमानुसार पाउने सबै सेवा सुविधाबापतको रकम भुक्तानी दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०८४२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. झलकबहादुर बस्नेतसमेत*

जाहेरवालाहरूले जाहेरी दरखास्त वा उजुरीपत्रमा उल्लेख गरेको आधारमा मात्र फौजदारी मुद्दामा कसुरदार ठहर गर्नु न्यायसम्मत् हुने देखिँदैन। स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट समर्थित र पुष्टि हुन नसकेको जाहेरी दरखास्त वा उजुरी केवल घटनाको जानकारीसम्म हुन जाने भई त्यस्तो जाहेरी दरखास्तले आफैँमा स्वतन्त्र प्रमाणको रूप ग्रहण गर्न नसक्ने। जाहेरवालाहरू प्रेमबहादुर वाकावल, रामबहादुर (दुर्गा) सारू, सोनाम लामा, तेजबहादुर गुरूङबाट समेत प्रतिवादीहरू झलकबहादुर बस्नेतसमेतले रकम ठगी गरेका हुन् भन्ने वस्तुनिष्ठ प्रमाण पुऱ्याउने भार अभियोजनपक्षमा नै रहेकोमा सोअनुसार प्रमाण पेस गरी अभियोग पुष्टि गर्न सकेको देखिएन। फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको हुँदा अभियोजन पक्षले जाहेरी दरखास्तलाई मात्र आधार मानी अभियोग दायर गरी सो अभियोगलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सक्दैन भने त्यस्तो अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने।

जाहेरवालाहरू प्रेमबहादुर वाकावल, दुर्गाबहादुर सारू, सोनाम लामा र तेजबहादुर गुरूङसमेतबाट प्रतिवादीहरूले रकम लिई ठगी गरेको भन्ने अभियोजन पक्षले ठोस प्रमाण गुजारी पुष्टि गर्न सकेको देखिँदैन। त्यस्तै अन्य जाहेरवालाहरू छत्रबहादुर दर्जी, देवीप्रसाद सेन लिम्बु, शिवशंकर श्रेष्ठ, मणिकुमार तामाङ र सुदर्शन महतसमेतको अभियोग दाबीबमोजिमको बिगो नै प्रतिवादीहरूले ठगी गरेको भन्ने पुष्टि हुने तथ्यगत प्रमाणहरू पेस गर्न नसकेको अवस्थामा प्रमाणबाट पुष्टि हुन सकेको बिगो मात्र कायम गर्नु न्यायोचित नै हुन्छ। वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नै हुन नसकेको बिगोसमेत प्रतिवादीहरूले ठगी गरेका हुन् भनी अनुमानको भरमा व्याख्या गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुँदा प्रतिवादीहरूलाई कम बिगो कायम गरेको मिलेन भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू दीपक सुवेदी, भैरवबहादुर बस्नेत, मनोज अधिकारी र केदारप्रसाद हुमागाईंसमेत उक्त Blue Heaven International कम्पनीका सञ्चालकमध्येका व्यक्तिहरू रहेका भए पनि उक्त कम्पनीको आर्थिक अधिकारको जिम्मेवारी सञ्चालक समितिको बैठकबाट प्रतिवादीमध्येका झलकबहादुर बस्नेतलाई सुम्पिएको र प्रतिवादीहरूको जाहेरवालाहरूलाई ठगी गर्ने कार्यमा संलग्नता रहेको भन्ने पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरू दीपक सुवेदी, भैरवबहादुर बस्नेत, मनोज अधिकारी र केदारप्रसाद हुमागाइँलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणहरूबाट प्रतिवादीहरूमध्ये दीपक सुवेदी, भैरवबहादुर बस्नेत, मनोज अधिकारी र केदारप्रसाद हुमागाइँलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादीहरू झलकबहादुर

बस्नेत र वीरेन्द्रकुमार गुरमैतालाई तत्काल प्रचलित वैदेशिक रोजगार ऐन, २०४२ दफा ३ र २४ (२) को कसुरमा ऐ. दफा २४(२) बमोजिम जनही २ (दुई) वर्ष कैद र रू. १,००,०००।- (एक लाख रूपैयाँ) का दरले जरिवाना हुने र जाहेरवालाहरूले प्रतिवादीहरू झलकबहादुर बस्नेत र वीरेन्द्रकुमार गुरमैताबाट फिर्ता पाउन बाँकी रकम रू.४१,७३,०००।- (एकचालीस लाख त्रिहत्तर हजार रूपैयाँ) र सोको ५०% ले हुने रकम रू. २०,८६,५००।- (बीस लाख छयासी हजार पाँच सय रूपैयाँ) हर्जाना बापतसमेत गरी जम्मा रू. ६२,५९,५००।- (बैसट्ठी लाख उनान्साठी हजार पाँच सय रूपैयाँ) भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधीकरणबाट मिति २०६९।६।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कार्तिक १० गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०९४८, हानि नोक्सानी बिगो असुलउपर गरिपाउँ, *रामचन्द्र भट्ट वि. अनुप अधिकारी*

आफ्नो जिम्मामा रहेको आफ्नो क्षेत्रभित्रका काठ दाउरा हानि नोक्सानी हुनबाट रोकी पाउन प्रतिवादी अनुप अधिकारीले केन्द्रमा तथा सम्बन्धित अन्य निकायमा समेत पत्राचार गरी पहल गरिरहेको भन्ने देखिएको अवस्थामा निजले लापरवाहीपूर्ण कार्य गरी कर्पोरेशनलाई हानि नोक्सानी हुन गएको रहेछ भनी अनुमान गरी दोषी ठहर गर्न नमिल्ने ।

प्रमाण ऐन, २०३१ को दफा २६ मा दाबी प्रमाणित गर्ने भार वादीमा राखेको अवस्थामा प्रतिवादी अनुप अधिकारीको लापरवाही र गैरजिम्मेवारपूर्ण कार्यबाट कर्पोरेशनको सम्पत्ति हिनामिना भएको भन्ने वस्तुनिष्ठ प्रमाण पेस गरी वादी पक्षले फिराद दाबी प्रमाणित गर्न सकेकोसमेत देखिँदैन । छानबिन समितिको प्रतिवेदनको आधारमा प्रतिवादीले कर्पोरेशनको काठ दाउरा हिनामिना गरी कर्पोरेशनको रू.४१,९९,४१५।१७ बराबरको बिगो हानि नोक्सानी गरेको भनी फिराद दायर गरेको भए तापनि उक्त छानबिन प्रतिवेदनबाटै देशमा तत्कालीन अवस्थामा रहेको विद्यमान परिस्थिति र शान्ति सुरक्षाको कारणबाट कर्पोरेशनका काठ दाउराहरू हिनामिना भएको भन्ने तथ्य खुल्न आएको अवस्थामा प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य, प्रमाण मिसिल एवम् कागजातसमेतका प्रमाणबाट जिल्ला लगिङ चितवन तथा लगिङ क्याम्प चितवनअन्तर्गतका विभिन्न घाटगद्दीबाट नोक्सानी भएको काठ दाउराहरू प्रतिवादी अनुप अधिकारीको लापरबाही एवम् गैरजिम्मेवारीपूर्ण कार्यबाट भएको भन्ने वस्तुगत र ठोस प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरी चितवन जिल्ला अदालतबाट मिति २०६९।१।१८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।५।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०४०६, भ्रष्टाचार (अनियमितता), नारायण यादव वि. *नेपाल सरकार*

प्रा.स. मो. वकिल मियाँले यी प्रतिवादीलाई सघाएको, निजलाई प्रतिवादी बनाएको नदेखिएको र भरपाइमा भएको सहीछाप प्रतिवादीको सहीछापसँग मेल खाएको भन्ने कुरा विशेषज्ञको परीक्षणबाट देखिनुको साथै प्रतिवादीले बिगो राखेको कुरा मिसिलबाट नदेखिएको, दिघवा गा.वि.स. ५ वर्षमुनिका दलित बालबालिकाको भत्ता पछि बाँडेको भन्ने देखिएको र डाढा गा.वि.स.का ६० वर्षमुनिका एकल महिलाको भत्ता नबाँडी फिर्ता गरेको देखिएबाट यी प्रतिवादीबाट दाबीबमोजिम बिगो असुल गर्नु मनासिब नहुने भनी विशेष अदालतले निकालेको निष्कर्षलाई अन्यथा मान्नुपर्ने नदेखिने ।

प्रतिवादीबाट मिति २०६८।५।२९ मा दिघवा गा.वि.स.मा पेस भएको र डाढा गा.वि.स. का ४१ जना ६० वर्षमुनिका एकल महिलाको भत्ता वितरण गरेको

भरपाइ मिति २०६९।५।२१ मा पेस गरेको देखिएकोमा सो मितिपश्चात् मिति २०६९।५।२१ मा झिकेको रू. १,२३,०००।– फिर्ता गरेको देखिएकोले एकपटक दाबीको रकम झिकी सोको कीर्ते भरपाइ पेस गरी सो सम्बन्धमा उजुर परेपश्चात् दिघवा गा.वि.स.को रकम फिर्ता गरेको देखिएको र हाल प्रतिवादीको साथमा बिगो बाँकी नदेखिएको अवस्थामा यी प्रतिवादीबाट नक्कली भरपाइसम्म पेस गरेको देखिएको अवस्थामा प्रतिवादीले गरेको कसुर अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१), ३(१)(घ) र १७ अनुसारको नभई ऐ. को दफा ८(३) अनुसारको राष्ट्रसेवकबाट सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हानि नोक्सानी गरे वा गराएको कसुरसम्म कायम हुने देखिँदा निज प्रतिवादी नारायण यादवलाई सो दफा ८(३) अनुसारको कसुर कायम गरी ६ महिना कैद हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको फैसला मिलेकै देखिन आउने।

अतः उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी नारायण यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसारको कसुर कायम गरी ६ महिना कैद हुने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०५०७, भ्रष्टाचार, *अशोककुमार साह* वि.*नेपाल सरकार*

बरामदी मुचुल्का तयार गर्ने कानून अधिकृत महेन्द्रबहादुर थापा, प्रहरी नायब निरीक्षक बाबुराम पुरी, प्रहरी हवल्दार दयाशंकर यादव र प्रहरी जवान राम्जी नेपालीको बकपत्रमा घले रेस्टुरेन्टमा बसेको अवस्थामा पुनरावेदक प्रतिवादी अशोककुमार साहको पाइन्टको दायाँ खल्तीबाट उक्त नोटहरू बरामद भएको भनी खुलाई बरामदी मुचुल्कालाई पुष्टि गरिदिएको समेतका प्रमाणबाट पुनरावेदक प्रतिवादी अशोककुमार साहको साथबाट रिसवत लिएको रकम बरामद भएको भन्ने नै देखिने।

छानबिनको प्रक्रिया अगाडि बढाई रिसवत लेनदेन भएमा कानूनबमोजिम बरामद गरी प्रतिवेदन पेस गर्नु भनी कानून अधिकृत महेन्द्रबहादुर थापालाई खटाई पठाएको भन्ने जिल्ला प्रशासन कार्यालय, कास्कीको मिसिल संलग्न मिति २०७०।२।२८ को पत्रबाट देखिन्छ। सोही दिन महेन्द्रबहादुर थापासमेतको टोलीबाट प्रतिवादीलाई घले रेस्टुरेन्टबाट रकमसहित पक्राउ गरेको भन्ने बरामदी मुचुल्काबाट पुष्टि हुँदा पुनरावेदक प्रतिवादीले आफ्नो ओहदाको दुरूपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कानूनी व्यवस्थाको बर्खिलाप कार्य गरी भ्रष्टाचार गरेको भन्ने नै देखिँदा फसाउने उद्देश्यले झुट्टा अभियोग लगाएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कानूनी व्यवस्थाअनुसार राष्ट्रसेवक कर्मचारीले ओहदाको आफ्नो दुरूपयोग गरी कसैबाट रिसवत लिनु वा लिन मन्जुर गर्नु मात्र पनि कसुर गरेको ठहर्ने देखिन्छ । राष्ट्रसेवक भइसकेको व्यक्तिले मात्र होइन राष्ट्रसेवक हुन लागेको व्यक्तिले समेत राम्रो आचरणमा रहनु पर्ने भन्ने उक्त कानूनी व्यवस्थाको मनसाय हो। कानूनले निषेधित गरेको कार्य गरेको अवस्थामा त्यस्तो कार्य गर्ने व्यक्तिले कानूनले निर्धारण गरेको सजायबाट उन्मुक्ति पाउन सक्ने हुँदैन। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी अशोककुमार साहले रामबहादुर गुरूङबाट रू.३०,०००।- रकम लिएको भन्ने बरामदी मुचुल्कासमेतबाट पुष्टि भएको अवस्थामा पुनरावेदक प्रतिवादीले कसुर गरेका होइनन् भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट पुनरावेदक प्रतिवादी अशोककुमार साहले रिसवत घुस लिएको पुष्टि हुँदा पुनरावेदक प्रतिवादी अशोककुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(ख) को कसुरमा ऐ. बमोजिम रू. ३०,०००।- (तीस हजार *रूपैयाँ*) जरिवाना र ३ (तीन) महिना कैदसमेत हुने ठहर गरी विशेष अदालत,

काठमाडौंबाट मिति २०७१।९।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृतः इन्दिरा शर्मा
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल पुस ४ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१५९८, ०७०-CR-१६९७, लागु औषध खैरो हेरोइन, *जनक साहसमेत वि. नेपाल सरकार, जासुद्दिन खाँ पैठान वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरू सोनालाल साह र जनक साहले काठमाडौंमा बिक्री वितरण गर्ने उद्देश्यले उक्त लागु औषध खैरो हेरोइन लुकाई छिपाई बोकी वीरगञ्जबाट काठमाडौंको बसमा आउँदै गर्दा बाटोबाटै पक्राउ परेको अवस्था हुँदा उक्त लागु औषध खरीद गर्ने क्रेता कोही नभएको भन्ने आधारमा प्रतिवादीहरू लागु औषधको कारोबार गर्ने व्यक्ति होइनन् भनी अनुमान गर्न मिल्ने हुँदैन। त्यत्रो ठूलो परिमाणको लागु औषध लुकाई छिपाई बोकेर हिँड्दै गरेको अवस्थामा प्रतिवादीहरू पक्राउ परेको भन्ने देखिँदा लागु औषध खरीद बिक्री, ओसारपसार, सञ्चयसमेत गर्नका लागि ढक तराजु बरामद नभएको भन्नेमात्र आधारमा कसुरदार होइनन् भन्नसमेत नमिल्ने हुँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले अदालतको बयानमा सहप्रतिवादीहरूले मेरो नाम किन पोल गरेका हुन् थाहा छैन भनी खुलाएकोसमेतबाट प्रतिवादी ज्ञासुद्दिन मियाँ र पुनरावेदक ज्ञासुद्दिन खाँ पैठान भन्ने व्यक्ति फरकफरक नभई पुनरावेदक प्रतिवादी नै रहेको भन्ने पुष्टि हुँदा प्रतिवादीहरू सोनालाल साह र जनक साहलाई ९९९ ग्राम ८१ मिलि ग्राम लागु औषध खैरो हेरोइन दिई काठमाडौं वीर अस्पताल चोकसम्म पुऱ्याउन लगाई लागु औषधको खरीद बिक्री, सञ्चय, निकासी वा पैठारी, ओसारपसार गर्ने गराउने मुख्य व्यक्ति पुनरावेदक प्रतिवादी ज्ञासुद्दिन खाँ रहेको पुष्टि हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी ज्ञासुद्दिन खाँ पैठानको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा पुनरावेदक प्रतिवादीहरू ज्ञासुद्दिन मियाँ (खाँ), सोनालाल साह सोनार र जनक साहसमेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ)(च) को कसुरमा ऐ. दफा १४(१)(छ)(३) बमोजिम लागु औषध खरीद, सञ्चय, ओसारपसारसमेततर्फ जनही १८ (अठार) वर्ष कैद र रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।५।१८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृतः इन्दिरा शर्मा
इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०३६८ र ०७१-RC-००४६, कर्तव्य ज्यान, *धनबहादुर घिसिङ वि. नेपाल सरकार*, नेपाल सरकार वि. विक्रम लामा तामाङ

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण टाउकोलगायत शरीरका अन्य भागमा गम्भीर चोट लागी मृत्यु भएको भन्ने उल्लेख गरेको पाइन्छ। सहप्रतिवादी विक्रम लामा तामाङको मौकामा तथा अदालतमा भएको बयानमा प्रतिवादी धनबहादुर घिसिङले सिसाको बोतल फुटाई पेटमा हानी आन्द्रासमेत निकालेका र मृतकको लिङ्ग एवम् लिङ्गभन्दा मुनि ३ ठाउँमा जोरले हानेको भनी खुलाएकोमा मिसिल संलग्न मृतकको फोटोसमेतले सहप्रतिवादीको उक्त भनाइलाई समर्थन गरेको पाइयो। वारदात घटनाको बारेमा सिलसिलेवार रूपमा उल्लेख गरी गरेको बयानलाई अन्य परिस्थितिजन्य तथ्यहरूबाट समर्थन गरेको अवस्थामा वारदात घटनाको प्रत्यक्षदर्शी नभएको भन्नेमात्र आधारमा पुनरावेदक प्रतिवादी धनबहादुर घिसिङ निर्दोष रहेछन् भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादी धनबहादुर घिसिङले मृतकलाई क्रूरतापूर्ण तवरबाट पटकपटक शिशाजस्तो

जोखिमी वस्तुले शरीरको विभिन्न भागमा प्रहार गरेको देखिँदा त्यस्तो कार्यलाई पुनरावेदक प्रतिवादीले आपराधिक मनसायले प्रेरित भएर गरेको आपराधिक कार्य होइन भन्न सकिने नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी धनबहादुर घिसिङको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अपराध गर्ने गराउनेमा अन्य प्रतिवादीहरूसँग मत सल्लाह गरी योजनाबद्ध ढङ्गबाट मृतकको घरमा गई मृतकलाई बोलाई वारदातस्थलमा पुऱ्याई अन्य प्रतिवादीहरू सँगसँगै मृतकलाई कुटपिट गरी हत्या गर्नेसम्मको कार्यमा प्रत्यक्ष संलग्नता रहेको भनी कसुरमा साबित रहेकोबाट प्रतिवादी विक्रम लामा तामाङले आपराधिक कार्य गर्ने आपराधिक मनसायले प्रेरित भएर नै उक्त कार्य गरेको भन्ने देखिँदा प्रतिवादी विक्रम लामा तामाङलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न सकिएन। साधक सदर हुने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीहरू विक्रम लामा तामाङ र धनबहादुर घिसिङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा ऐ. १३(१) नं. बमजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६९।४।२९ को फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।११।१३ मा भएको फैसला मिलेको देखिँदा साधकसमेत सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RC-०१२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धाप्रु धिमाल*

मृतक श्रीमती मनमाया धिमालले मलाई तथानाम गाली गरेपछि तत्काले मलाई साह्रै रिस उठेकाले एक मुड्की कन्चटमा हान्न पुगेछु त्यसपछि उ ढलिन्, सुतेर उठ्दा त उसको मृत्यु भइसकेको रहेछ भनी प्रतिवादीले अदालतमा बयान गरेका छन्। प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानलाई पनि अन्यथा प्रमाणित गर्न सकेका छैनन । साथै शव परीक्षण प्रतिवेदनबाट Asphyxia due to suffocation and chocking उल्लेख भएबाट प्रतिवादीकै उल्लिखित कर्तव्यबाट नै मृतकको मृत्यु भएको भन्ने कुरामा दुविधा नरहेकोले प्रतिवादीउपर अभियोग दाबीबमोजिमको कसुर स्थापित रहेको देखिन आएकोले निज प्रतिवादी धाप्रु धिमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुरूप सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।११।११ मा भएको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादीले आफ्नो श्रीमतीलाई मार्ने मनसाय लिई जोखिम हतियारले हानेर मारेको पुष्टि हुन नसकेको, मार्नु पर्नेसम्मको पूर्व रिसइवी नरहेको, जोखिमी हतियारले हानेको पुष्टि नभएको, प्रतिवादी र मृतक एकाघरको लोग्ने स्वास्नी रक्सी सेवनले मातेको अवस्थाका घरायसी व्यवहारमा विवाद भई हातले कुटे थिचेको कारणबाट मृतकको मृत्यु भएको प्रतिवादीले आफूबाट भएको कसुरलाई स्वीकार गरी अदालतमा गरेको बयानसमेतले अदालतलाई इन्साफ गर्न सहयोग पुगेको, प्रतिवादीको उमेर पाको वृद्ध रहेभएको समेतका परिस्थिति र अवस्थालाई विचार गर्दा निज प्रतिवादीलाई उपर्युक्त ऐनबमोजिम भएको सजाय चर्को हुने देखिँदा वारदात र कसुर गरेको अवस्थाको सन्दर्भमा प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम राय व्यक्त गरी १०(दश) वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७३।३।९ मा भएको फैसला इन्साफ जाँचको रोहमा मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२८०, उत्प्रेषण / परमादेश, *अनिल के.सी. वि. बलबहादुर के.सी.समेत*

बन्डा छुट्याउने कार्यको लागि कानूनबमोजिम वारेस राखेपछि मुद्दाको सकार आफूले नगरेसम्म वा वारेस नबदलेसम्म वारेसले गरेको काम कारवाही निज आफैँले गरे सरह मान्नु पर्ने हुन्छ । वारेसलाई बन्डा छुट्याउन डोरको तारिख दिएपश्चात् कानूनतः सो डोर खटेकोबारे निज निवेदकलाई जानकारी भएको मान्नु पर्ने भएकोले डोर खटेको बारे निजलाई जानकारी थिएन भनी मान्न मिलेन । रीतपूर्वक तयार पारिएको उक्त बन्डा मुचुल्कामा वादी अनिल के.सी. बन्डा गर्दाको अवस्थामा रोहबरमा रहेको तर मुचुल्कामा सही नगरेको र हिडी गएको" भनी बेहोरा उल्लेख भएबाट समेत निजलाई बन्डा छुट्याउने कार्यबारे जानकारी थिएन भनी मान्न नमिल्ने ।

मिति २०६९।१२।३० मा डोर खटिई सोही दिन तयार भएको बन्डा मुचुल्कामा यी निवेदकको चित्त नबुझेको भए उल्लिखित दण्ड सजायको ६१ नं. बमोजिम १५ दिनभित्र सो उपर निवेदन दिनु पर्थ्यो । तर सो बन्डा मुचुल्का बदरको लागि मिति २०७०।२।१२ मा निवेदन दिएको देखिन्छ । यसरी तहसिलदारबाट मिति २०६९।१२।३० मा भएको काम कारवाही बदरको लागि मिति २०७०।२।१२ मा अर्थात १ महिना १२ दिनपछि दिएको देखिएकोले सो निवेदन हदम्यादभित्र परेको मान्न नमिल्ने । कानूनबमोजिम पाएको कुनै हक अधिकार हनन् भएको अवस्थामा कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र प्रचलन गराउन कारवाही थाल्नु पर्नेमा सो हदम्याद नघाई दिएको निवेदनबाट सो हक अधिकार प्रचलन गराउन मिल्ने अवस्था रहँदैन । कानूनबमोजिम पाएको हक अधिकार प्रयोग गर्न कानूनले तोकेको प्रक्रिया प्रति चनाखो रहनु हक अधिकार पाएको व्यक्तिको कर्तव्य हो । कानूनले तोकेको हदम्याद नघाई परेको निवेदनबाट कारवाही गर्न नमिल्ने भएकोले दरपिठ गर्ने गरेको बाँके जिल्ला अदालतको तहसिलदारको मिति २०७०।२।१२ को आदेश रीतपूर्वकको रहेकोले त्यसलाई सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।५।६ को आदेशबाट निवेदकको कानून एवम् संविधानप्रदत्त हक अधिकार आघातित भएको मान्न नमिल्ने ।

तसर्थ, उल्लिखित आधार कारणबाट मिति २०६९।१२।३० मा भएको बन्डा मुचुल्का र लगत कट्टा आदेश बदरको लागि मिति २०७०।२।१२ मा परेको निवेदन हदम्याद विहिन भएकोले दरपिठ गरेको बाँके जिल्ला अदालतको तहसिलदारको मिति २०७०।२।१२ को आदेशलाई बदर गरेको बाँके जिल्ला अदालतको मिति २०७०।३।७ को आदेशलाई उल्टी गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।५।६ को आदेश कानूनसम्मत् भएकोले त्यसबाट निवेदकको कानून एवम् संविधानप्रदत्त हक अधिकार हनन् भएको मान्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०९८०, उत्प्रेषण / परमादेश, *कृष्णबहादुर गौतम वि. पुनरावेदन अदालत, सुर्खेतसमेत*

निवेदक प्रतिवादी भएको खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दामा जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भएपछि प्रतिवादीको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई पाउँ निवेदन परेको छ । उक्त मुद्दाको फैसला कार्यान्वयनको सम्बन्धमा पुनरावेदन अदालतबाट अन्यथा आदेशसमेत भएको देखिँदैन । अर्थात् फैसला कार्यान्वयनको कार्य रोक्ने गरी आदेश भएको देखिँदैन । यस अवस्थामा उल्लिखित जिल्ला अदालत, नियमावली, २०५० को नियम ८०(क) को कानूनी व्यवस्थासमेतको आधारबाट फैसला कार्यान्वयनको कार्य रोक्न कानूनतः मिल्ने नदेखिने ।

कानूनबमोजिम मुद्दा सुन्ने क्षेत्राधिकार सम्पन्न भएको अदालतबाट निज निवेदकको विरूद्धमा भएको फैसलाउपर निजको चित्त नबुझेपछि पुनरावेदन सुन्ने अदालतमा निजको पुनरावेदन परी जिल्ला अदालतको फैसला सदर भएको र सो फैसलाउपर पुनरावेदन लाग्न सक्ने कानूनी अवस्था नरहेकोमा सो फैसलाको कार्यान्वयनबाट कसैको हक अधिकार हनन् हुने भनी मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार कारणबाट पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।२।२८ को आदेश कानूनसम्मत् देखिएकोले सोबाट रिट निवेदकको संविधान एवम् कानूनप्रदत्त हक अधिकारमा कुनै असर परेको मान्न मिलेन । प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले निवेदन मागबमोजिमको आदेश जारी गरी रहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०४३३, उत्प्रेषण / परमादेश, *लालकाजी श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

अदालती प्रक्रियामा मुद्दाका पक्षहरूलाई तारिखमा राख्नुको उद्देश्य मुद्दाको कामकारवाहीमा भएका प्रगतिकोबारेमा पक्षहरूलाई जानकारी गराउनु हो । मिति २०७१।१।१० मा पुजा श्रेष्ठसमेतको निवेदन परेपश्चात् रिट निवेदक पहिलो पटक मिति २०७१।१।२२ मा अदालतमा उपस्थित भएको निजले लिएको तारिखबाट देखिएको अवस्थामा निजसमेत सरोकारवाला भएको फैसला कार्यान्वयनको निवेदनमा भएको कामकारवाहीको सम्बन्धमा भएको प्रगतिको बारेमा निजलाई सो समयमा जानकारी भएको थिएन होला भनी मान्न मिल्ने नदेखिने।

पुजा श्रेष्ठसमेतको निवेदनको सम्बन्धमा निवेदक लालकाजी श्रेष्ठले मिति २०७१।२।१८ मा नक्कल लिएपश्चात् मात्र निजलाई जानकारी हुन आएको भनी अर्थ गर्ने हो भने मुद्दाका पक्षहरूलाई तारिखमा राख्ने कानूनी प्रावधान प्रयोजनविहीन हुन जाने देखिएकोले यी निवेदकले बन्डा छुट्टयाई पाउँ भनी पुजा श्रेष्ठसमेतको मिति २०७१।१।१० मा परेको निवेदनको सन्दर्भमा मिति २०७१।१।२२ मा तारिख लिँदा नै थाहा जानकारी भएको मान्नु पर्ने देखिन आयो । मिति २०७१।१।२२ देखि १५ दिनभित्र फैसला कार्यान्वयन अधिकारीको मिति २०७१।१।१० आदेशउपर निवेदन नदिई सो हदम्याद नघाई मिति २०७१।२।२९ मा मात्र दिएको निवेदनमा म्याद नघाई दिएकोले दरपीठ गरेको तहसिलदारको आदेश कानूनसम्मत् देखिँदा सोलाई सदर गरेको काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको आदेश कानूनसम्मत् देखिन आयो । सो मितिमा आफूलाई थाहा नभएको, मिति २०७१।२।१८ मा नक्कल लिई थाहा पाएकोले सोही मितिदेखि दण्ड सजायको ६१ नं. बमोजिम १५ दिनको म्याद सुरू हुनुपर्ने भन्ने निवेदकको मागदाबीसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार, कारण एवम् प्रमाणबाट काठमाडौं जिल्ला अदालतको फैसला कार्यान्वयन अधिकारीको मिति २०७१।१।१० को आदेशउपर निवेदक लालकाजी श्रेष्ठले मिति २०७१।२।२९ मा दिएको निवेदन म्याद नाघी परेकोले दरपीठ गर्ने गरेको काठमाडौं जिल्ला अदालतको तहसिलदारको आदेशलाई सदर गरेको काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।७।२७ को आदेश कानूनसम्मत् देखिन आयो । कानूनबमोजिम भए गरेको काम कारवाहीबाट रिट निवेदकको संविधान एवम् कानूनप्रदत्त हकअधिकरामा असर परेको मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०५८७, ०६७-CR-०५८८, ०६७-CR-०५८९ र ०६७-CR-०२०२, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *खेमराज भट्टराई वि. नेपाल सरकार, गीता भट्टराई वि. नेपाल सरकार, तला भट्टराई वि. नेपाल सरकार र नेपाल सरकार वि. खेमराज भट्टराईसमेत*

मूल्याङ्कन प्रतिवेदनअनुसार भुइँतला र पहिलो

तलाको क्षेत्रफल १३११.८५।१३११.८५ एवम् दोस्रो तलाको क्षेत्रफल १००९ वर्गफिट भएको कुरा उल्लेख भएको देखिन्छ । पुनरावेदक प्रतिवादीले त्यस प्रतिवेदनमा उल्लेख भएको वर्गफिटलाई अन्यथा भन्न नसकी सो प्रतिवेदनमा आफैँ रोहबरमा बसी सहीछाप गरेको देखिन्छ । साथै घरको नाप नक्सा गरी मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्ने व्यक्ति नेपाल सरकारका इन्जिनियर सेवाका कर्मचारी भएकोले निजले पेस गरेको मूल्याङ्कन प्रतिवेदन अन्य स्वतन्त्र प्रमाणबाट अन्यथा नभएसम्म त्यसलाई मान्नु पर्ने हुन्छ । प्रतिवादीले घर निर्माण गर्दा पास भएको नक्सामा २९६७.२३ वर्गफिट उल्लेख भएको कारण सोही २९६७.२३ वर्गफिट कायम हुनु पर्ने जिकिर गरेको भए तापनि प्रतिवादीले त्यस कुरालाई तत्काल केही भन्न नसकेको कारण पुनरावेदक प्रतिवादीको जिकिर समर्थित हुन सकेन । तसर्थ प्रतिवादीको घर ३६३२.७० वर्गफिटमा बनेको तथ्य स्थापित हुन आउने ।

भौतिक संरचना (घर) प्रतिवादीले ठेकेदारबाट निर्माण नगराई आफैँले निर्माण गरेको भन्ने देखिँदा व्यक्ति आफैँले आफ्नो हेरचाहमा निर्माण गरेको घरको आधारभूत लागत ओभरहेड कष्ट १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशत गरी २० प्रतिशत रकम घटाउँदा प्रतिवादीको घरको रू.२२,०३,६६८।४८ लागत लाग्ने देखिँदा विशेष अदालतले घरको निर्माण हुँदाको वर्षको दररेटअनुसार घर निर्माण लागत कायम गरेको फैसला अन्यथा देखिएन । प्रतिवादीको घर निर्माणको लागत रू.२२,०३,६६८।४८ कायम हुने ।

**आन्तरिक सजावटतर्फ**

एकातिर प्रतिवादीले फर्निचरका मूल्य घटी गर्नुपर्ने प्रमाण पेस गर्न सकेको देखिँदैन भने अर्कोतिर पुनरावेदक प्रतिवादीको तर्फबाट पेस भएको बहसनोटमा विशेष अदालतले फर्निचरको लागत कायम गरेकोमा चित्त बुझेको छ भन्नेसमेतका बेहोरा उल्लेख भएको अतिरिक्त फर्निचर सामानको मूल्य दिनदिनै बढ्दै गएको परिप्रेक्ष्यमा प्रतिवादीको घरमा प्रयोग भएका फर्निचरको मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको रू. ५,७९,३९९।– मूल्यको आधा २,८९,६९९।५० लागत कायम गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने ।

प्रतिवादीले बयानमा रू.१६,०००।– मूल्य बराबरको १४ इन्च टि.भि., रू.१२,०००।– मूल्य बराबरको फ्रिज, रू.२०,०००।– मूल्य बराबरको ओभन, रू.१८,०००।– मूल्य बराबरको भि.सि. आर डेक, रू.१३,०००।– मूल्य बराबरको धुलाई मेसिन, रू.३५,०००।– मूल्य बराबरको भि.सि. डी र रू.१९,०००।– मूल्य बराबरको कुलरसमेत रू.१,३३,०००।– बराबरको उपकरण दिदी सीता पोखरेलको घरको second hand प्रयोग गरेको हो भन्ने बेहोरा लेखाएको देखिन्छ । तर उपर्युक्त उपकरण दिदी सीता पोखरेलको घरबाट ल्याई प्रयोग गरेको भन्ने कुरा प्रमाणबाट समर्थन गराउन सकेको देखिँदैन । प्रमाणबाट समर्थन नभएको अवस्थामा रू.१,३३,०००।– का विद्युतीय आफ्नो उपकरण शीर्षकको लागत प्रतिवादीको बयान र बहसनोट जिकिरको आधारमा मात्र घटाउन न्यायोचित नदेखिएबाट प्रतिवादीको घरमा प्रयोग भएको उपकरणको लागत रू.२,२२,५००।– कायम गरेको विशेष अदालतको फैसला मनासिब देखिन आउने ।

**स्यानिटरी र विद्युतिय समान**

प्रतिवादीको घरमा रू.४,०००।– मूल्य बराबरको विद्युतीय समान र रू.६७,४५९।२४ मूल्य बराबरको स्यानिटरी भएको देखिन्छ । उक्त रकमलाई विशेष अदालतले बिगोमा कायम गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीले बिगोमा गणना गर्न नमिल्ने जिकिरसहित पुनरावेदन गरेको देखिन्छ । उपर्युक्तबमोजिम पुनरावेदन जिकिर भएको भए तापनि विद्युतीय समान र स्यानिटरी भएको कुरालाई अन्यथा भन्न नसकेको अवस्थालाई हेर्दा विशेष अदालतले पुनरावेदक प्रतिवादीको बिगोमा विद्युतीय समानको रू.४,०००।– र स्यानिटरीको रू.६७,४५९।२४ समेत रू.७१,४५९।२४ कायम गरेको फैसला मिलेकै देखिने ।

**जग्गा जमिन खरीदको**

कि.नं. ५५० को जग्गा खरीद गर्दा पारित लिखतमा मूल्य उल्लेख भएको छ । त्यस मूल्यलाई अदालतले अन्यथा भन्न सक्ने आधार र कारण प्रतिवादीबाट पेस हुन सकेको छैन । केवल बिगोमा गणना हुनुहुँदैन भन्ने मात्र उल्लेख भएको छ । त्यसको आधारमा पुनरावेदनपत्र र बहसनोटमा अनुसन्धान हुँदा अस्तित्त्वमा नरहेको भन्नेसम्म देखिन्छ । तर बिगो कायम गर्नुको कारण सारतः जाँच अवधिमा गरेको खर्च अर्थात (व्यय) नै हो । प्रतिवादीले जाँच अवधिमा नै रू.१,१०,०००।– मूल्य खर्चेर कि.नं. ५५० को जग्गा खरीद गरेको अवस्थामा हाल बिक्री भइसकेको भन्ने कुराले यस मुद्दामा मान्यता पाउन सक्दैन । तसर्थ सो जग्गाको खरीद मूल्य रू.१,१०,०००।– बिगो कायम हुने ।

प्रतिवादी लता भट्टराईको नामको कि.नं. ११३५, १४३७ र १४३९ को जग्गाको बिगो रू.२,२९,०००।– कायम गरेको विशेष अदालतको फैसला अन्यथा देखिएन । अतः प्रतिवादीको जग्गा खरीदतर्फको रू.३,३९,०००।– बिगो कायम हुन्छ । त्यसमा कि.नं. ५५० को जग्गाको खरीद मूल्य पनि समावेश हुने ।

**VDIS बापत तिरेको रकम**

प्रतिवादी खेमराज भट्टराईले VDIS बापत तिरेको रकम व्ययमा गणना हुने तथ्यमा विवाद छैन । वादी पक्षले सो रकमको सम्बन्धमा जिकिर लिएको देखिँदैन । तथापि वादी पक्षले दाबी नगरेको भए तापनि VDIS बापत तिरिएको रकम VDIS तिर्ने पक्षको व्यय हुने सन्र्दभमा पुनरावेदनको रोहमा रू.१३,०००।- पुनरावेदक प्रतिवादी खेमराज भट्टराईको बिगोमा गणना हुने ।

**नगद रकमतर्फ**

बैंक खाता बन्द गर्दा निकालेको रकम होस् वा घर बिक्रीको रकम होस् त्यसको निश्चित स्रोत देखाउने दायित्व प्रतिवादीको हो । मौकामा भएको बरामदी मुचुल्कालाई प्रतिवादीले अन्यथा भन्न सकेको पनि देखिँदैन । मौकामा बरामद भएको रकमलाई यस शीर्षकअन्तर्गत बिगो कायम गर्न उपर्युक्त देखिँदा रू.१,२२,१४६।– बिगो कायम गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने ।

**डलरतर्फ**

आयमा समावेश गर्नुपर्ने मुख्य कारणमा प्रतिवादीले अमेरिकी डलर १६०० रकम विदेश जाँदाको ट्राभल्स चेक भएको भन्ने आधार देखाएको देखिन्छ । तर यस प्रकृतिका मुद्दामा अनुसन्धान हुँदाका बखत साथमा रहेको सम्पत्तिलाई यस अदालतबाट समेत बिगोमा समावेश गर्ने गरेकोसमेतका आधार र कारणबाट विशेष अदालतले प्रतिवादीको घरमा बरामद भएको अमेरिकी डलर १६०० को हुने नेपाली मुद्रा रू.१,२१,२४८।- बिगोमा समावेश गरेको फैसला मनासिब नै देखिने ।

**खाता बन्द गर्दा निकालेको रकम**

प्रतिवादीहरूको खातामा रहेको रकम बैंकबाट निकाली लुकाई छिपाएको भनी दाबी लिएको रकमबाट प्रतिवादीले अस्वाभाविक र अमिल्दो जीवनस्तर यापन गरेको वा निजले कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको भन्ने कुराको कुनै तथ्ययुक्त, ठोस र विश्वसनीय प्रमाण वादीले पेस गर्न सकेको नदेखिएको यस्तो स्थितिमा वादी दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिमको भन्न मिल्ने देखिएन । बैंक खातामा बाँकी नरहेको र खाता नै बन्द भई अस्तित्त्वमा नै नरहेको रकमलाई पनि प्रतिवादीको बिगोमा गणना गर्न नमिल्ने ।

**बचतपत्र र भ्यान एवं ट्रकको सम्बन्धमा**

प्रतिवादी खेमराज भट्टराईले मिति २०५४।३।८ देखि मिति २०५७।९।२५ को अवधिमा खरीद गरेको रू.६३,५०,१००।- मूल्य बराबरको बचतपत्र मिति २०५८।९।१७ मा श्रवणकुमार गोयललाई र लता भट्टराई नामको बचतपत्र मिति २०५८।९।२३ मा बिक्री गरेको देखिन्छ । प्रतिवादी खेमराज भट्टराई र निजको परिवारका सदस्यको नाममा जम्मा रू.१,८२,१५,८००।- मूल्य बराबरको बचतपत्र देखिएकोमा तालिका नं. ९ को क्र.सं. ११,१२,१६,४० मा उल्लेख भएका बचतपत्र बिक्रीबाट

क्र.सं. २१, २२, ३७, ३९ मा उल्लेख भएका बचतपत्र खरीद गरेको रू. २०,८५,०००।- र क्र.सं. २५ एवम् २६ मा उल्लेख भएका बचतपत्रको मूल्य घटाई दाबी गरेको देखिन्छ । क्र.सं. २५ र २६ मा उल्लेख भएका रू.१०,००,०००।- मूल्य बराबरका बचतपत्र हालसम्म प्रतिवादी लता भट्टराईको नाममा नै रही अस्तित्त्वमा रहेको कुरा मिसिल संलग्न प्रमाणबाट समर्थित भएको हुँदा उक्त रू. १०,००,०००।- प्रतिवादीको बिगोमा कायम गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने ।

लता भट्टराई नामको बचतपत्र मिति २०५८।९।२३ मा, खेमराज भट्टराईको नामको बचतपत्र मिति २०५८।९।१७ मा बिक्री भएको तथ्य नागरिक लगानी कोषको मिति २०६०।१।११ को पत्रबाट पुष्टि हुन आयो भने सवारी साधनमध्ये ट्रक मिति २०५८।९।२४ मा र मारूती भ्यान मिति २०५८।९।२६ मा बिक्री भएको देखिन्छ । वादी नेपाल सरकारले आरोपत्रमा प्रतिवादी खेमराज भट्टराई मिति २०५९।१२।५ मा कारवाहीमा परेको भोलिपल्ट रू.७३,८०,६००।– मूल्यको बचतपत्र गीता भट्टराईले बिक्री गरेको भन्ने देखिन्छ । प्रतिवादी गीता भट्टराईले पुनरावेदक प्रतिवादी खेमराज भट्टराई कारवाहीमा परेको भोलिपल्ट बिक्री गरको भए तापनि गीता भट्टराईले लता भट्टराईबाट मिति २०५८।९।२३ मा नै आफ्नो नाममा नामसारी गरिसकेको अवस्था छ । यस कुरालाई आरोपपत्रले पनि स्वीकार गरेको देखिँदा उक्त रू.१,५१,३०,८००।– को बचतपत्र र रू.१६,९४,२८०।– मूल्य बराबरको दुईवटा सवारी साधन मिति २०५९।१२।५ मा प्रतिवादीको साथमा रहे भएको नदेखिने ।

**<u>बैंक खातामा जम्मा भएको रकम सम्बन्धमा</u>**

पुनरावेदिका प्रतिवादी लता भट्टराईले अमेरिकामा बस्ने दिदी सीता पोखरलले पठाएको अमेरिकी डलर ९९७९।– को रूपान्तरित नेपाली मुद्रा हो भन्ने मेतको बेहोराले बयान गरेकोमा सो कुरा मिसिल संलग्न बैंक स्टेटमेन्टबाट पनि समर्थित भएको देखिन्छ । वादी पक्षले आरोपपत्रमा पनि दिदी सीता पोखरेलले पठाएको भन्ने कुरा स्वीकार गरेको अवस्थामा सो रकमलाई बिगोमा गणना गर्न मिल्ने नदेखिने ।

**<u>सुन, चादी र जवाहारततर्फ</u>**

विशेष अदालतमा पेस भएको बहसनोट, २०५७ र २०५९ सालमा भरेको सम्पत्ति विवरणमा ५० तोला सुन, २०० तोला चाँदी र १ लाख बराबरका जवाहारत भएको स्वीकार गरेको अवस्थामा यस अदालतमा पेस भएको बहसनोटमा फरक विवरण उल्लेख गर्नुबाट न्याय निरूपणमा अन्यौल उत्पन्न पार्न खोजिएको जस्तो देखिन्छ । तथापि विशेष अदालतले प्रतिवादीले २०५५ सालमा बुझाएको सम्पत्ति विवरणमा उल्लेख भएको १० तोला सुन र ५० तोला चाँदीलाई दाइजो, पेवा र पैतृकबाट प्राप्त हुनसक्ने भनी सोको मूल्य बिगोमा गणना गरेको देखिएन । उक्त परिमाणको सुन र चाँदी बिगोमा गणना नहुने सम्बन्धमा यस इजलासको पनि सहमत भएको हुँदा उक्त परिमाणको सुन र चाँदी बिगोमा गणना नहुने ।

पुनरावेदक प्रतिवादीले २०५७ र २०५९ सालमा भरेको सम्पत्ति विवरणमा उल्लेख भएको थप ४० तोला सुन, १५० तोला चाँदी र १ लाख मूल्य बराबरको जवाहारतको सम्बन्धमा विचार गर्दा सम्पत्ति विवरणमा भरिएको सम्पत्ति वास्तवमा आफूसँग रहे भएको सम्पत्ति हो भन्ने मानिन्छ । बरामद भएको मात्र दाबीको सम्पत्ति हुने र बरामद नभएको तर पक्षले लिखित रूपमा सम्पत्ति विवरणमा स्वीकार गरेको सम्पत्ति अभियोजित नहुने भन्ने कुरा न्यायसम्मत् नहुने हुँदा विशेष अदालतले ४० तोला सुन र १५० तोला चाँदीको तत्काल प्रचलित दरभाउअनुसार एवम् १ लाख मूल्य बराबरको जवाहारतको बिगो कायम गरेको फैसला अन्यथा देखिएन । ४० तोला सुन, १५० तोला चाँदीको रू.३,५३,६२४।– र जवाहारतको रू.१ लाखसमेत गरी रू.४,५३,६२४।– प्रतिवादीको बिगोमा गणना हुने ।

**<u>पारिश्रमिक</u>**

पुनरावेदक वादीले प्रमाण पेस नगर्ने अनि आरोपपत्रमा उल्लेख भएको आयभन्दा बढी आय कायम गरेको नमिल्ने भनी पुनरावेदन जिकिर मात्र लिँदा

प्रतिवादीले पेस गरेका प्रमाणको औचित्य रहन सक्दैन। वादी वा प्रतिवादीले सम्बद्ध प्रमाण पेस गरेको अवस्थामा पेस भएका प्रमाण कानूनसम्मत् र औचित्यपूर्ण भएमा विवेचना हुन्छ। यस विवादमा प्रतिवादीले विशेष अदालतमा आरोपपत्रमा उल्लिखित तलबभन्दा बढी र सोबाहेकका अन्य आर्थिक सुविधा पनि प्राप्त भएको प्रमाण पेस गरेको देखिन्छ। ती प्रमाणहरू प्रतिवादी आफैँले सिर्जना गरेको देखिँदैन। सरकारी निकायमार्फत प्राप्त गरी पेस गरेको देखिँदा त्यस कुरालाई पनि कानूनसम्मत् र तार्किक रूपमा विवेचना गर्नुपर्ने।

आरोपपत्रमा पुनरावेदक प्रतिवादीको २०५९ साल फाल्गुण मसान्तसम्मको मात्र पारिश्रमिक गणना भएको भए तापनि प्रतिवादीको सोही सालको चैत्र मसान्तसम्म जाँच अवधि कायम भएको हुँदा सो जाँच अवधिमा पुनरावेदक प्रतिवादीले उल्लेख भएबमोजिमको रू.८,८३,७२५।– पारिश्रमिक प्राप्त गरेको कुरा देखियो। त्यसलाई पुनरावेदक वादीले प्राप्त गरेको होइन भन्न सकेको अवस्था छैन। जब जाँच अवधिमा प्रतिवादीले यति रकम प्राप्त गरेको छ भनी आधिकारिक निकायबाट लेखी आउँछ भने त्यसलाई यस अदालतले अन्यथा गर्न मिल्दैन। तसर्थ पारिश्रमिकबापत पुनरावेदक प्रतिवादीले जाँच अवधिमा रू.८,८३,७२५।– पाएकोलाई निजको पारिश्रमिक आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिने।

**<u>दशैं खर्च</u>**

प्रतिवादीको स्रोत खुलेको सम्पत्तिको विवरण हेर्दा दशैं खर्चबापत पाउने रकमले मात्र दशैं खर्च चलाउनु पर्ने अवस्था देखिँदैन। आरोपपत्र आफैँले प्रतिवादीसँग अन्य स्रोत पनि छ भन्ने कुरा स्वीकार गरेको देखिन्छ। यस तथ्यको अतिरिक्त प्रतिवादीले प्रमाणस्वरूप पेस गरेको कागजात हेर्दा प्रतिवादीले जाँच अवधिमा रू.८७,४०४।- प्राप्त गरेको देखिँदा नेपाल सरकार विरूद्ध बद्रीनाथ श्रेष्ठ (*नेकाप* २०७२, अङ्क ८, निर्णय नं.९४४९), नेपाल सरकार विरूद्ध गुरूप्रसाद ढकालसमेत (०६५-CR-०१९८) र नेपाल सरकार विरूद्ध रामकृष्ण तिवारी (०६२-CR-३३९९) भएको मुद्दामा प्रतिपादित सिद्धान्तको आधारमा उक्त रकम प्रतिवादीको आयमा गणना हुने।

**<u>स्थानीय भत्ता</u>**

स्थानीय भत्ताबापतको रू.१८,०२०।- पुनरावेदक प्रतिवादीको आयमा गणना गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने।

**<u>महङ्गी भत्ता</u>**

पुनरावेदक प्रतिवादीले पेस गरेको तलब भत्ताको विवरणबाट पुनरावेदक प्रतिवादीले २०४३ पुसदेखि २०४४ असार मसान्तसम्म ६ महिनाको प्रति महिनाको रू.१००।- का दरले रू.७००।-, आ.व. २०५०।५१ र ०५१।०५२ को २ वर्षको प्रति महिना रू.३,०००।- का दरले रू.७,२००।- गरी जम्मा रू.७,९००।- महङ्गीभत्ता प्राप्त गरेको देखिँदा सो रकम पुनरावेदक प्रतिवादीको आयमा गणना मिल्ने नै देखिने।

**<u>सञ्चित बिदाबापतको रकम</u>**

पुनरावेदक प्रतिवादीले सञ्चित बिदाबापत रू. १३,८९६।- प्राप्त गरेकोलाई आयमा गणना गरेको मनासिब नै देखिने।

**<u>पुरस्कार</u>**

पुनरावेदक प्रतिवादीको आय शीर्षकको अध्ययन गर्दा पुरस्कार शीर्षकमा पनि विशेष अदालतबाट रू.४७,३२९।४८ आय कायम गरेको देखिन्छ। वादी पक्षले पुनरावेदक प्रतिवादीले पुरस्कार पाएको भन्ने कुरा नदेखिँदा आयमा गणना गर्न नमिल्ने जिकिर गरेको भए तापनि वादी पक्षबाट पेस भएको आरोप पत्रको तालिका नं. ८ को क्र.स. ५ मा प्रतिवादीले पुरस्कार प्राप्त गरेको स्वीकार गरेको अतिरिक्त भन्सार विभागको मिति २०६०।३।२६ को पत्रबाट समर्थित भएको हुँदा पुनरावेदक प्रतिवादीको पुरस्कार शीर्षकमा कायम भएको रू.४७,३२९।४८ आयलाई अन्यथा भन्न नमिल्ने।

**खाजा भत्ता, लुगा भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, दैनिक भ्रमण भत्ताबापत समेत**

मिसिल संलग्न भन्सार विभागको मिति २०६०।२।१३ को पत्रबाट पुनरावेदक प्रतिवादीले खाजा भत्ताबापत मिति २०५८।४।३२ मा रू.१,८७५।–, मिति २०५९।४।२२ मा रू.२,८५०।– समेत गरी रू.४,७२५।– मिति २०५४।११।११ मा लुगाभत्ताबापत रू.५,००८।– मिति २०५४।६।२० मा दैनिक भ्रमणभत्ताबापत रू.२,७२४।–, अतिरिक्त काम गरेबापत रू.८७५।– र अर्थ मन्त्रालयमा रहँदा बजेटसम्बन्धी काम गर्दा लिएको अतिरिक्त भत्ता रू.५,१२५।– समेत रू.२०,४५७।– पाएको देखिँदा सो रकमलाई पुनरावेदक प्रतिवादीको आयमा गणना गर्न नमिल्ने भन्न मिलेन । तसर्थ रू.२०,४५७।– रूपैयाँ पुनरावेदक प्रतिवादीको आयमा गणना हुने ठहर गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने ।

**लेख रचनाबापतको रकम**

पुनरावेदक प्रतिवादीले लेख रचनासमेतबाट रू.१,००,०००।– आय गरेको हुन सक्ने भनी आरोपपत्रमा विवेचना गरेको अवस्थामा अहिले पुनरावेदन गर्दा कसरी आय हुन नसक्ने भन्ने कुरा देखिएको छैन । स्पष्ट रूपमा यो यस कारणले लेख रचनाको रकम आयमा गणना गर्न नमिल्ने उल्लेख नभएको अवस्थामा आयमा गणना नगर्न मिल्दैन । तसर्थ यस शीर्षकअन्तर्गत रू.१,००,०००।– पुनरावेदक प्रतिवादीको आयमा गणना हुने ।

**विदेश भ्रमणबापतको**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विदेश भ्रमण गर्ने कर्मचारीको ७०% बचत हुने भनी सामान्य मान्यताहरू (General Norms) मिति २०६०।१०।१९ को निर्णयबाट विकसित गरेकोमा यस अदालतबाट सोहीबमोजिम ७०% बचत हुने बेहोराले नेपाल सरकार विरूद्ध खुमबहादुर खड्का समेत भएको (*नेकाप* २०६९, अङ्क ५, निर्णय नं.८८३२) मुद्दामा न्यायिक मापदण्ड कायम भएकोमा त्यसपछिका नेपाल सरकार विरूद्ध अच्युतकृष्ण खरेल (*नेकाप* २०७२, अङ्क ६, निर्णय नं.९४१५), नेपाल सरकार विरूद्ध निरन्जनबाबु श्रेष्ठ (०६५-CR-००६४) र नेपाल सरकार विरूद्ध गुरूप्रसाद ढकालसमेत (०६५-CR-०१९८) भएका मुद्दामा पनि सोहीबमोजिम विदेश भ्रमणको बचत रकमलाई आय कायम गर्ने गरिएको छ । यसरी उल्लिखित मुद्दामा समेत प्राप्त रकमको ७०% लाई आयमा गणना गरिँदै आएको हुँदा अरू मुद्दामा भएसरहको व्यवहार प्रतिवादीको हकमा पनि गर्नुपर्ने हुँदा विशेष अदालत, काठमाडौंले प्रतिवादीको विदेश भ्रमणबाट बचत भनी रू.५,२७,८६९।२० आय कायम गरेको अन्यथा देखिएन । मनासिब देखिन आउने ।

**टीका टालाबाट प्राप्त रकम**

नेपाली समाजमा वैवाहिक समारोहमा गोडधुवामा नगद दिने प्रचलन थियो र अझै पनि कायम रहेको देखिन्छ । छोरी चेलीले जन्मेदेखिनै माइती, मावली र अन्य आफन्तजनबाट कुनै समारोह, चाड पर्व, उत्सव, जन्मदिनसमेतका अवसरमा टीका टालोबाट नगद पाउने गर्दछन् । त्यसरी पाएको नगद पाउने व्यक्तिको नै हुने भन्ने हाम्रो नेपाली समाजको विशिष्ट चरित्र हो । त्यस कारण पुनरावेदिका प्रतिवादीले दाइजो पेवा र टीकाटालोबापत प्राप्त गर्ने कुरा उपयुक्त र स्वाभाविक हुँदा रू.२,००,०००।– प्रतिवादी खेमराज भट्टराईको आयमा गणना गरेको विशेष अदालतको फैसला मिलेकै देखिने ।

**घर भाडा**

भई आएको घर कम्पाउण्डको मूल्याङ्कन प्रतिवेदनमा संलग्न फर्निचर विवरण खण्डमा 'जमिन तला (भुइँ तला) भाडामा हुँदा सोको विवरण समावेश नभएको' र प्रविधिक विवरणको सि.नं. २३ मा 'जमिन तला भाडा प्रयोजनमा रहेको' बेहोरा उल्लेख भएको देखिन्छ । यसबाट प्रतिवादीको घरको तीन तलामध्येको भुइँतला भाडामा लगाएको पुष्टि भइरहेको छ । यसरी वादीले नै प्रतिवादीको घरको भुइँतल्ला भाडामा भएको भन्ने बेहोरा स्वीकार गरेको कुरा भई आएको मूल्यांकन प्रतिवेदन प्रतिवेदनबाट देखिँदा विशेष अदालतले गरेको विवेचनाको आधारमा घरभाडाबापतको रू.४,३८,०००।– प्रतिवादीको आयमा

गणना हुने।

**जग्गा बिक्रीको आय**

मिसिल संलग्न रहेका प्रमाण कागजहरूबाट प्रतिवादीले लता भट्टराई नामको का.जि.का.म.न.पा.को कि.नं. १५२ र ऐ.ऐ. वडा नं. ५ को कि.नं. ५५० को जग्गा कित्ताकाट गरी कि.नं. ३३५ र कि.नं. ३३६ कायम भई कि.नं. ३३५ र १३६ को दुवै कित्ता जग्गा बिक्री गरेको देखिन्छ । सो जग्गा बिक्रीबाट पुनरावेदक प्रतिवादीले रू.१०,५७,०००।– प्राप्त गरेको देखिन्छ । कि.नं. १५२ र कि.नं. ५५० उक्त जग्गाको हक हस्तान्तरण हुँदाको समयको *पारित* लिखतको मूल्यलाई वादीले अन्यथा भन्न सकेको पनि छैन। यस अदालतबाट यस प्रकृतिको मुद्दामा जग्गा *पारित* गर्दाको अवस्थामा अंकित मूल्यलाई आय र व्यय दुवै मान्ने गरी सिद्धान्त प्रतिपादन भएको अवस्थालाई हृदयंगम गर्दा जग्गा बिक्रीको मूल्यलाई पुनरावेदक प्रतिवादीको आयमा गणना गरेको विशेष अदालतको फैसलामा परिवर्तन गरी रहन नपर्ने।

**सवारी साधन बिक्रीको**

सवारी साधन पुनरावेदिका प्रतिवादी लता भट्टराईले आफूले धितोमा लिएको हो, खरीद बिक्री गरेको होइन, धितोमा रहेको गाडी धितो रकम फिर्ता भएपछि गाडी धनीले भने बमोजिम फिर्ता भइसकेका छन् भनी विशेष अदालतमा बयान गरेको देखिन्छ। बा.३ च ७३०१ नं. को मारूती भ्यान र बा.१ ख ६३९५ नं. को असोक लेल्याण्ड ट्रक मध्ये बा.३ च ७३०१ नं. को मारूती भ्यान मिति २०५९।९।२६ मा रू.४,६५,०००।– मा र वा १ ख ६३९५ नं. को ट्रक मिति २०५८।९।२४ मा रू.८,००,०००।– मा बिक्री गरेको कुरा बिक्री तथा नामसारीसँग सम्बन्धित कागजातबाट देखिन्छ । यसरी बा.३ च ७३०१ नं. को गाडी रू.४,६५,०००।– मा र बा.१ ख ६३९५ नं. को ट्रक रू.८,००,०००।– समेत गरी रू.१२,६५,०००।– मा बिक्री गरेको देखिँदा उक्त रकम प्रतिवादीको आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिन आउने।

**कृषि आय**

सुनसरी जिल्ला वविया २(ख) अन्तर्गतको १–१९–० जग्गाको २०४१–२०५० सालसम्म १० वर्षको प्रति बिगहा रू.१६,०००।– का दरले रू.३,१२,०००।– र २०५१–२०५९ सालसम्म ९ वर्षको प्रति बिगहा प्रतिवर्ष रू.२०,०००।– का दरले रू.३,५१,०००।– हुने देखियो । ईनरूवा न.पा. वडा नं. ९ को कि.नं. २१ को ०–६–१५ बिगहा जग्गाको हकमा विचार गर्दा २०४१–२०५० सालसम्म १० वर्षको प्रतिवर्ष प्रतिबिगहा रू.१६,०००।– का दरले हुने रू.५२,०००।– र २०५१–२०५९ सालसम्मको ९ वर्षको रू.२०,०००।– का दरले रू.५९,४००।– हुने देखियो । यसरी प्रतिवादीसमेतको नामको जग्गाबाट २०४१–२०५९ सालसम्म १९ वर्षको रू.७,७५,२००।– आय हुने देखियो । रू.७,७५,२००।– आय तीनजनासमेतको भई प्रतिवादीले त्यसको १ भाग मात्र पाउने हुँदा १ भाग रू.२,५८,४००।– प्रतिवादीको आयमा गणना गरेको फैसला मिलेकै देखिने।

**बैंक मौज्दात**

वादी पक्षबाट पनि स्वीकार गरेको अतिरिक्त नेपाल ईन्भेष्टमेन्ट बैंकमा भएको रकम अमेरिकाबाट सीता पोखरेलले पठाई लता भट्टराईको नाममा नेपाल इन्भेष्टमेन्ट बैंकको खाता नं. १९५४४२१ मा जम्मा भएको कुरा मिसिल संलग्न सोही बैंकको बैंक स्टेटमेन्टबाट समर्थित भएको हुँदा उक्त रू.५,३६,३८४।८७ पुनरावेदक प्रतिवादीको आयमा गणना हुने नै देखिने।

पुनरावेदक प्रतिवादीले सुनसरी जिल्लाको ईनरूवा नगरपालिका अन्तर्गतको काठको दोमल्ला घर २,६०,५००।– मा बिक्री गरेको हुँदाँ रू.२,६०,५००।– आयमा गणना हुनुपर्दछ भन्ने बेहोराको बयान गर्नुको साथै सोही बेहोरा समर्थन गर्दै पुनरावेदन र बहसनोट पेस गरेकोमा उक्त घर रू.२,६०,५००।– मा बिक्री गरेको कुरा मिसिल संलग्न प्रमाणबाट समर्थन नभएको हुँदा प्रतिवादीको आयमा गणना गर्न नमिल्ने।

प्रतिवादीका तर्फबाट पेस भएको बहसनोटमा

प्रतिवादी लता भट्टराईको नामको रू.१०,००,०००।– मूल्य बराबरको बचतपत्रबाट मिति २०५९।३।१३ देखि ०५९ फाल्गुण मसान्तसम्मको ८ महिनाको अवधिमा रू.५०,१३३।३६ रूपैयाँ ब्याज प्राप्त भएको हुँदा उक्त रकम आयमा गणना गरिपाउँ भन्ने बेहोरा उल्लेख गरेको देखिएकोमा उपर्युक्त व्याज रकम कानूनअनुरूप आर्जन भएको नदेखिएकोले आयमा गणना गर्न मिल्ने नदेखिने।

दिदी सीता पोखरेलले आफ्नो घर भाडामा लगाई भाडाबापतको रकम बहिनी पुनरावेदिका प्रतिवादी लता भट्टराईलाई चलाउनु भनी दिएको होला र बहिनीले पनि त्यसरी पाएको भन्ने कुराको विश्वास गर्ने विश्वास योग्य प्रमाणहरूको अभाव देखिन्छ। सीता पोखरेलले दिदीको नाताले बहिनी लता भट्टराईलाई अमेरिकाबाट केही रकम पठाएको मात्र आधारमा सीता पोखरेलको घरको घर भाडा पुनरावेदिका लता भट्टराईको आय हुन नसक्ने।

पुनरावेदिका लता भट्टराईले कित उक्त घर आफ्नो हो भन्ने जिकिर लिनु पर्छ यात घरभाडा उठाई खान पाउने गरी निजहरूबीच भएको कागज वा त्यस्तै प्रमाण देखाउन सक्नु पर्दछ। यस विवादमा दुवै कुराको अस्तित्त्व रहेको छैन। कानूनसम्मत रूपमा हुने आयलाई अन्यथा गरिएको छैन। दिदी बहिनीको नाताले घर भाडा पाउने र पाएको कुरा पुष्टि हुँदैन। घर भाडाबापतको रकम प्राप्त गर्न र प्रयोग गर्न घर आफ्नो हुन अनिवार्य छ। यसको पुष्टि प्रमाणको भार प्रतिवादीमा हुने भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले गरेको व्यवस्थाबाट प्रष्ट भएको छ। कानूनमा भएको व्यवस्थाबमोजिम पुष्टि नभएको अवस्थामा सीता पोखरेल नामको घरको घर भाडा भनी दाबी गरिएको रू.८,१०,०००।– प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिने।

शिक्षित र उद्यमशील व्यक्तिले ट्युसन पढाउने, कम्प्युटर सिकाउने, खाद्य सामाग्रीको फुटकर कारोबार गर्ने, कम्प्युटरको प्रशिक्षण दिने लगायतका घरेलु उद्यमका कार्य गरी आय आर्जन गर्ने कुरालाई अन्यथा भन्न मिल्दैन। तर त्यसप्रकारले भिन्न कार्यबाट आर्जित रकमलाई प्रमाणबाट पुष्टि गर्ने अभिभारा दाबीकर्ताको नै हो। तर दाबीकर्ताले उद्यमबाट रू.३,५०,०००।– आय प्राप्त गरेको पुष्टि नगरेबाट सो रकम पुनरावेदक प्रतिवादीको आयमा गणना गर्न नमिल्ने।

पुनरावेदक प्रतिवादीले का.जि.का.म.न.पा. वडा नं. ९ कि.नं. १६६ को जग्गामा घर बनाउन दुर्गाप्रसाद अधिकारीबाट रू.११,००,०००।– र नारायणप्रसाद उपाध्यायबाट रू.४,५०,०००।– समेत रू.१५,५०,०००।– रकम ऋण लिएको हुँदा उक्त रकमलाई आयमा गणना गरी पाउन जिकिर लिएकोमा उक्त रकम ऋण लिएको भन्ने कुरा प्रमाणबाट समर्थित नभएको हुँदा विशेष अदालतले प्रतिवादीको आयमा गणना नगरेको फैसला मनासिब नै देखिने।

जाँच अवधिभित्र प्रतिवादीको सम्पत्तिको बिगो रू.४९,००,४५१।६६ भएको देखिएकोमा सोही अवधिमा निजको आय रू.५५,९७,१२१।३५ देखिई बिगोभन्दा आय रू.६,९६,६६९।६९ बढी भएको देखिएकोले वैध आय स्रोतको अनुपातमा प्रतिवादीहरूले अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको नदेखिँदा पुनरावेदक प्रतिवादी खेमराज भट्टराईले दाबीको कसुर गरेको ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०६६।११।११ को फैसला मिलेको नदेखिँदा प्रतिवादी गीता भट्टराईलाई सफाइ दिएको हकमा यथावत रही अन्य हकमा उल्टी भई प्रतिवादी खेमराज भट्टराईले गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोग दाबीबाट सफाइ पाउने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) मा यो ऐन, वा प्रचलित कानूनबमोजिम सम्पत्ति विवरण दिनुपर्ने कर्तव्य भएका राष्ट्रसेवकले आफ्नो नाममा वा अंशमा हक लाग्ने वा एकासगोलको परिवारको नाममा रहेको वास्तविक सम्पत्तिभन्दा बढाई वा भए रहेको सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण दिएमा निजलाई एक महिनादेखि तीन महिनासम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ। यसरी लुकाई छिपाई राखिएको सम्पत्तिसमेत जफत हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार सो सम्पत्ति जफत गर्नुपर्ने हुन्छ। तर उक्त सम्पत्ति अस्तित्त्वमा नरहेको

कारण जफत हुन नसक्ने देखिएको हुँदासमेत पुनरावेदक प्रतिवादीले यस आरोपबाट पनि सफाइ पाउने।

उपर्युक्तबमोजिम पुनरावेदक प्रतिवादीहरू गीता भट्टराई र लता भट्टराईले पनि खेमराज भट्टराईकै विवादमा सम्वन्धित भई पुनरावेदन गरेको देखिएको र प्रतिवादी खेमराज भट्टराईले आरोपित कसुरबाट सफाइ पाउने ठहर भएको हुँदा निजहरूको पुनरावेदनमा पुनः विचार गरिरहन परेन। अन्य कुराको हकमा पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटरः पद्मा आचार्य
इति संवत् २०७३ साल चैत१ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०७४३, भ्रष्टाचार, *नेपाल सरकार वि. प्रल्हादप्रसाद धिताल*

जगतलाल तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले रूख कटान इजाजत अनुमतिपत्र दिने क्रममा घुस रकम मागेकोले आयोगबाट प्रमाणित गरी ल्याएर प्रतिवादीलाई दोषी देखाएकोमा अदालतमा प्रतिवादीले रकम लिन नमानेकोले गोजीमा घुसाई दिएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएको बेहोराभन्दा फरक बेहोराले बकपत्र गरेको देखिन्छ। यसरी जगतलाल तामाङले मौकाको बयान कागजभन्दा अदालतमा प्रतिवादीले घुस लिन नमानेकाले गोजीमा रकम घुसाई दिएको भनी बकपत्र गरेबाट जगतलाल तामाङले मौकामा प्रतिवादीलाई घुस दिएको भनी गरेको बयान कागज प्रतिवादीको विरूद्ध प्रमाणमा लिन मिल्ने नदेखिने।

जगतलाल तामाङले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणित गरी प्रतिवादीलाई दिन ल्याएको रकम प्रतिवादीले लिन नमानेपछि जगतलाल तामाङले प्रतिवादीको गोजीमा घुसाएको भन्ने देखिँदा प्रतिवादीले घुस रकम लिएको भन्न मिल्दैन। घुस रकम लिएको प्रमाणित हुन तथ्य पनि मिलेको हुनुपर्ने।

कृष्णप्रसाद दाहालको नाममा जारी भएको इजाजत अनुमतिपत्रमा कार्यालयको छाप र चलानी नं. / राख्न नमिल्ने पनि प्रष्ट छ। यसरी मिति २०७१।३।११ मा मिति २०७१।२।१४ को मिति राखी प्रतिवादीले अनुमितिपत्र दिएको भए पनि छाप र चलानी नं. नभएपछि इजाजत अनुमतिपत्र कार्यान्वयन नहुने देखिएकोसमेतका आधार र कारणबाट वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

रिसको आवेगमा आएर कसैले कसैको गोजीमा थाहा नपाई वा मन्जुरीबेगर पैसा राखिदिनु र बरामद गराउनुले मात्र कुनै राष्ट्र सेवकलाई दोषी करार गर्न मिल्दैन। राष्ट्र सेवकको मन्जुरीले घुस लिएको प्रमाणित हुनुपर्दछ। जानीजानी सेवाग्राहीबाट घुस लिने राष्ट्रसेवकलाई कानूनबमोजिम कारवाही हुने कुरामा विवाद देखिँदैन। तर माथि गरिएको विवेचनाअनुसार प्रतिवादीले जगतलाल तामाङबाट घुस लिएको तथ्य पुष्टि भएको नदेखिने।

बरामदी मुचुल्काका व्यक्ति प्रकाशनाथ प्याकुरेलले प्रतिवादीको गोजीबाट रकम बरामद भएको देखेको भनी विशेष अदालतमा बकपत्र गरेको भए पनि बरामद भएको रकम प्रतिवादीको मन्जुरीले लिएर आफ्नो गोजीमा राखेपश्चात् आयोगबाट खटिएको टोलीले बरामद गरेको भन्ने कुरा मिसिलबाट देखिएको छैन। जगतलाल तामाङले प्रतिवादीको मन्जुरी नलिई गोजीमा राखिदिएको भन्ने देखिँदा प्रकाशनाथ प्याकुरेलले गरेको बकपत्र पनि प्रतिवादीको विरूद्ध प्रमाण लाग्न सक्ने नदेखिने।

अत: माथि गरिएको विवेचना, आधार र कारणबाट विशेष अदालत, काठमाडौंबाट मिति २०७१।७।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला
इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१०९८, वैदेशिक रोजगार ठगी, *नेपाल*

*सरकार वि. यमबहादुर पुन*

प्रतिवादीहरूले प्रकाशकुमार राईको मिति २०६७।३।२ मा रू.२०,०००।-, मानबहादुर दराईले मिति २०६७।३।१ मा रू.१५,०००।-, प्रेमबहादुर क्षेत्रीले मिति २०६७।२।३१ मा रू.१५,०००।- ओमबहादुर गुरूङले मिति २०६७।२।३१ मा रू.१६,०००।-, दीपक मडाईले मिति २०६७।३।२० मा रू.१२,०००।- बुझाई लिएको भरपाइ र नगदी रसिदसमेतबाट प्रतिवादीले जाहेरवालाहरूबाट वैदेशिक रोजगार हाइटी पठाउन भनी रकम लिएको कुरा प्रतिवादीले अनुसन्धानका क्रममा गरेको साबिती बयान, किटानी जाहेरी बेहोरा, जाहेरवालाको बकपत्र तथा जाहेरवालाहरूबाट प्रतिवादी वा निजका कर्मचारीले रकम बुझी गरिदिएको भरपाइ एवम् नगदी रसिदहरूबाट पुष्टि भएको देखिने।

वैदेशिक रोजगारमा मानिस पठाउने व्यवसाय गर्ने स्वीकृति नलिई प्रतिवादीले खैर वराहिनी कन्सल्टेन्सी खोली वैदेशिक रोजगारको प्रलोभन दिई पीडितहरूबाट रकम उठाई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिँदा अभियोग माग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जाहेरवालाहरूलाई विदेश पठाई नसकेको स्थितिलाई मध्येनजर गरी १ वर्ष ६ महिना कैद (१।६।०) र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाहरूमध्ये प्रकाशकुमार राई, दीपक मडाई, प्रेमबहादुर क्षेत्री, जगनकाजी दुरा, ओम गुरूङ, मानबहादुर दराई, महेन्द्र गुरूङले प्रतिवादी वा निजका कर्मचारीलाई, बुझाएको रकम र सोको ५०% ले हुने रकमसमेत हर्जानाबापत भरी पाउने ठहरेको वैदेशिक रोजगार न्यायाधीकरणको फैसला मिलेकै देखिने।

जाहेरवालाहरूमध्ये टुकलाल गिरी र राजकुमार गिरीसमेतका १६ जनाले मिति २०६७।३।१ मा रकम बुझाई प्रतिवादी वा निजका स्टाफबाट लिएको भरपाइमा रकम लिनुको प्रयोजन वैदेशिक रोजगारमा पठाउने नभई भिन्न प्रयोजन घर खर्चको लागि भन्ने उल्लेख भएकाले वैदेशिक न्यायाधीकरणको क्षेत्राधिकार आकर्षित नहुने भएकाले सो हदसम्म र अन्य जाहेरवालाहरू हरिकुमार पुर्जा, उमेश बर्तौला, सतिश बर्तौला, सुशिल बोहरा, दिपेन्द्रप्रसाद दाहाल, विनोद बर्तौला, नविन उप्रेती, राजेश कार्की, दोवल गिरी, राजकुमार वाइवा, ज्ञानबहादुर गुरूङ, संदीप सुवेदी, सुशील सुवेदी र नारायण सिंह गुरूङले जाहेरीलाई समर्थन गरी बकपत्र गर्न नसकेको र प्रतिवादी वा निजका स्टाफले रकम बुझी गरिदिएको भरपाइमा वैदेशिक रोजगारको उद्देश्य भन्ने शब्द खुलेको नपाइएको समेतका सबुद प्रमाणको अभावमा निजहरूलाई समेत हर्जाना दिलाई भराई पाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधीकरणको फैसला मनासिबै देखिन आउने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी यमबहादुर पुनले खैर बराहिनी कन्सल्टेन्सी खोली वैदेशिक रोजगारमा मानिस पठाउने व्यवसाय गर्ने स्वीकृती नलिई वैदेशिक रोजगारको प्रलोभन दिई रकम उठाई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिँदा अभियोग माग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जाहेरवालाहरूलाई विदेश पठाई नसकेको स्थितिलाई मध्येनजर गरी १ वर्ष ६ महिना कैद(१।६।०) र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालामध्येका प्रकाशकुमार राई, दीपक मडाई, प्रेमबहादुर क्षेत्री, जगनकाजी दुरा, ओभ गुरूङ, मानबहादुर दराई, महेन्द्र गुरूङसमेत सात जना प्रतिवादीहरूलाई बुझाएको रकम र सोको ५० प्रतिशतले हुने हर्जानाबापतको रकमसमेत भरी पाउने र अन्य १६ जना जाहेरवालाहरूको हकमा निजहरूले प्रतिवादीलाई दिएको रकमको भरपाइमा वैदेशिक रोजगार भन्ने उल्लेख नभई अन्य प्रयोजन घर खर्चको लागि भन्ने उल्लेख भएको देखिँदा निजहरूलाई समेत बुझाएको रकम र हर्जना भरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधीकरणको मिति २०६९।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०८१९, कर्तव्य ज्यान, *मईत सिंह बल वि. नेपाल सरकार*

प्रतिवादी मईत सिंह बलउपरको किटानी जाहेरी बेहोरा, अस्थिपञ्जर बरामद भएको घटनास्थल तथा बरामदी मुचुल्का, DNA परीक्षण प्रतिवेदन र मौकामा कागज गर्ने शरण लामा र स्वर्णबहादुर रूम्बासमेतको बकपत्र तथा मृतक हराएको मिति २०७०।७।७ मा मृतकलाई भेटेको भन्ने प्रतिवादीको अदालतको बयान एवम् निज प्रतिवादीले भनेको स्थानबाट काटिएको हातको अस्थिपञ्जर भेटिएको घटनाक्रम परिस्थितिसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी मईत सिंह बलले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान समर्थित भएको देखिई खुर्पा जस्तो जोखिमी हतियारले हात छिनाली मारेपश्चात् लास लुकाउन डोकोमा बोकी रामवाङ खोल्सामा लगी ढुङ्गाले छोपी लुकाएको देखिँदा अभियोग दाबीबमोजिम निज प्रतिवादी मईत सिंह बलले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. विपरीतको कसुर गरेको देखिँदा निजलाई सोही ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

प्रतिवादीले मृतकलाई खुर्पाले प्रहार गरी हात छिनाई दिई मारेको र करिब ५ महिनासम्म यथार्थ कुरा लुकाएको देखिएकोले अनुसन्धान तथा न्याय निरूपण गर्ने कार्यमा सहयोग पुऱ्याएको अवस्था छैन। मृतकसँग गफगाफ हुने क्रममा मृतकले आँखा पल्टाएको कारण रीस उठेको कारण हात छिनाई दिएको भनेकोमा मृतकको कारणले गर्दा प्रतिवादीले आत्मसंयम गुमाएको भन्ने अवस्था पनि नभएकोमा उपचार केही नगरेको र मरेपश्चात् कसुर अपराधबाट बच्न रातिको समयमा घरबाट डोको लगी वारदातस्थलबाट बोकेर लास भेटिएको स्थान रामवाङ खोल्सामा फाली योजनाबद्ध रूपमा लास दबाएको अवस्था देखिएकोले यस किसिमको प्रतिवादीको साङ्घातिक प्रहार र योजनाबद्ध आपराधिक कार्यमा अ.बं. १८८ नं. राय व्यक्त गरि घटी सजाय हुने अवस्था नरहने।

तसर्थ प्रतिवादी मईत सिंह बलले अनुसन्धान अधिकारीसमक्ष गरेको साबित बयान जाहेरी तथा मृतकको अस्थिपञ्जर बरामद भएको बरामद भएको बरामदी मुचुल्का, अस्थिपञ्जर जाहेरवाला छोपेन लामा बलका बाबु मृतक तुलबहादुर बलको रहेको भन्ने DNA Test समेतका मिसिल प्रमाणबाट समर्थित भइरहेबाट निज प्रतिवादी मईत सिंह बलले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. विपरीतको कसुर गरेको देखिँदा निजलाई सोही ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको मकवानपुर जिल्ला अदालतको मिति २०७१।१०।११ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार ५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०७३५, भन्सार महशुल निर्धारण, *विराटनगरसमेत भन्सार कार्यालय, विराटनगर वि. दिल सुन्दर श्रेष्ठ*

पैठारी कर्ताले पैठारी गरिल्याएको सामानको मूल्य तेस्रो मुलुक पैठारीसम्बन्धी घोषणाअनुरूप हुनुपर्ने देखिन आउँछ। जाँचबुझको क्रममा उक्त घोषणाबाहेकको सामान आयात भएको हो भन्ने पनि रहेको छैन । आरोपबमोजिम करदाताले भन्सारमा घोषणा गर्नुपर्ने वस्तुभन्दा जाँचबुझको क्रममा फरक वस्तु पैठारी गरेको भन्ने पनि देखिँदैन । घोषणास्थलमा घोषणा गरेको वस्तुभन्दा जाँचबुझको क्रममा फरक वस्तु फेला नपरेपछि घोषणाअनुरूपको भएन भन्ने आरोप तथ्य परक नहुने।

भन्सार विभागबाट जाँच पासपछिको परीक्षण प्रतिवेदनको राय खण्डका (नेपाल राजपत्र ०६५।९।२) आर्थिक ऐन, २०६५ को अनुसूची १ दफा २ को उपदफा १ सँग सम्बन्धित अनुसूची १ को दफा १८ बमोजिम खुलाउनु पर्ने विवरण नखुलाएको हकमा गरिएको जरिवाना

र भन्सार ऐन, २०६४ को दफा १३(३) बमोजिम कारोबार खर्चबापत थप घोषणा गरेको रू.४३,९५२।४७ लाई कारोबार खर्चमा समावेश गरी भन्सार ऐन, २०६४ को दफा ३४(२) र दफा १३ को उपदफा १५ को खण्ड (ख) बमोजिम गरेको जरिवानाको हकमा समेत प्रतिवादीले चित्त बुझाएको तर्फ यहाँ विवाद नभएकोले सो बारेमा थप केही बोल्नु पर्ने भएन। जहाँसम्म Proforma Invoice र LC मा भित्री गन्जी र भित्री कट्टु उल्लेख गरेको कुरा छ आयातकर्ता नेपाली भएको र निर्यातकर्ता Riddhi Siddhi International Co. Bangkok भन्ने उल्लेख भएको निर्यातकर्ताको नामबाट नै पनि सो नुबझेको होला भन्ने देखिँदैन र त्यत्तिकै आधारमा कारोबार शङ्कास्पद भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, सम्बद्ध प्रचलित कानूनको आधार र कारणबाट कारोबार मूल्य घटी देखाएको भनी PCA गरी थप भन्सार महसुलसमेत लिने गरी भएको सिफारिस र सोको आधारमा स्वीकृत दिने गरी भएको भन्सार विभागको मिति २०६५।१२।३१ को निर्णय उल्टी गरी कारोबार मूल्यबमोजिम पैठारी गरी ल्याएको वस्तुमा जाँचबुझ परीक्षण गरी थप भन्सार महसुल नलिने गरी राजस्व न्यायाधीकरण, काठमाडौंबाट भएको मिति २०६७।४।२० गतेको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६४-CR-०८२९, ०६५-CR-०४५०, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. डोलराज शर्मासमेत*, डोलराज शर्मा वि. नेपाल सरकार

कुनै राष्ट्रसेवक कर्मचारीउपर गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोप लागेको अवस्थामा कुन सम्पत्ति वैध स्रोतबाट आर्जन गरेको हो र कुन सम्पत्ति अवैध स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा छुट्याउनको लागि निज सार्वजनिक पदमा बहाल भएदेखि कायम रहेको अवधिलाई जाँच अवधि मानी सो अवधिमा निजले प्राप्त गरेको सम्पत्तिको स्रोत वैध वा अवैध के हो भनी सुनिश्चित गर्नु नै न्यायोचित हुने।

**<u>जग्गा खरिदतर्फ</u>**

गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा जुन सम्पत्ति भ्रष्टाचार गरी आर्जन गरेको भनी दाबी लिइएको छ, सो सम्पत्ति खरीद गर्दा प्रतिवादीले तिरेको मूल्य नै बिगोको रूपमा कायम गरिनुपर्ने न्यायोचित देखिन्छ। पहिले खरीद गरेको खासगरी जग्गाको मूल्य दिन प्रतिदिन बढ्दै जाने भएकोले हालको प्रचलित मूल्यअनुसारको मूल्याङ्कन गरियो भने वैध स्रोतबाट आर्जन गरेको जग्गाको मूल्य पनि बढी हुने गरी अवैध देखिन सक्ने।

जग्गा खरीद गर्दा आधिकारिक निकाय मालपोत कार्यालयबाट पास भएको लिखतमा भएको मोललाई जोड्दा जम्मा रू.३,३४,०००।- बराबरको जग्गा प्रतिवादीले जाँच अवधिमा खरीद गरेको देखिन आएको छ। तसर्थ उक्त रू.३,३४,०००।- प्रतिवादीको सम्पत्तिको बिगोमा गणना हुन्छ। जग्गाको हालको मूल्याङ्कनअनुसार बिगो कायम गरेको विशेष अदालतको रायसँग सहमत हुन नसकिने।

**<u>मोटरसाइकल सम्बन्धमा</u>**

कानूनले नै कुनै खास प्रकृतिको सवारी साधनको स्वामित्व हस्तान्तरण गर्नको लागि कुनै खास प्रक्रिया तोकेको रहेछ भने सो प्रक्रिया पूरा नगरी कुनै सवारी साधन कसैको जिम्मामा मात्र रहेको कारणले सोको स्वामित्व हस्तान्तरण भएको मान्न नमिल्ने। प्रतिवादी डोलराज शर्माको घरमा फेला परेको मोटरसाइकल कानूनतः यी प्रतिवादीको कायम हुनलाई सोको नामसारीको कागजको रजिस्ट्रेसन पास भएको हुनुपर्छ तर उक्त मोटरसाइकल नामसारीको लिखत पास नै नभई प्रतिवादी डोलराज

शर्मा वा निजको घर परिवार अन्य सदस्यको नाममा आउन नसक्ने हुँदा त्यसलाई निजको सम्पत्ति मान्न सकिँदैन । कानूनसम्मत् रूपले निज प्रतिवादीको वा निजको परिवारका अन्य सदस्यको नाममा आउँदै नआएको सम्पत्तिलाई प्रतिवादीको सम्पत्तिको बिगोमा गणना गरेको विशेष अदालतको फैसलासँग सो हदसम्म मिलेको मान्न सकिएन । मोटरसाइकलको मोलबापत निज प्रतिवादीको सम्पत्तिमा गणना गरेको रू.७५,०००।– सम्पत्तिमा गणना गरेको नमिलेको हुँदा सो रकम निजको सम्पत्तिमा गणना गर्न नमिल्ने ।

**घर निर्माणको सम्बन्धमा**

प्रतिवादी सावित्री शर्माको नाममा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ को कि.नं. ६१२ को ०-८-०-० जग्गामा बनेको घरको निर्माण खर्च अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले मिति २०५९।६।२३ मा मूल्याङ्कन गर्दा रू.३०,००,०००।- लागेको भनी अभियोग दाबी प्रतिवादी डोलराजले विशेष अदालतमा बयान गर्दा स्वीकार गरेको देखिन्छ । विशेष अदालतको फैसलाबाट पनि उक्त घरको निर्माण खर्च रू.३०,००,०००।- कायम भएकोमा सोउपर वादी / प्रतिवादीको कुनै पुनरावेदन जिकिर नरहेकोले घर निर्माणको लागत रू.३०,००,०००।- कायम गरेको मिलेकै देखिने ।

**उद्योगहरूमा लगानीको सम्बन्धमा**

प्रतिवादी डोलराज शर्माले विभिन्न उद्योगमा रू.१,८३,५०,०००।- लगानी गरेको कुरा अदालतसमक्ष बयान गर्दा स्वीकार गरेकोमा विशेष अदालतले सोही बिगो कायम गरेउपर प्रतिवादीको कुनै पुनरावेदन जिकिर समेत नरहेकोले त्यस सम्बन्धमा थप केही बोलिरहनु परेन । विभिन्न उद्योगमा लगानी गरेको रू.१,८३,५०,०००।– निज प्रतिवादीको सम्पत्तिमा गणना हुने ।

**सापटी सम्बन्धमा**

प्रतिवादी डोलराज शर्माले व्यापार व्यवसाय गर्ने क्रममा विभिन्न व्यक्तिहरूलाई विभिन्न मितिमा गरी जम्मा रू.८३,४०,०००।- रकम सापटी वा जिम्मा दिएको भन्ने कुरा निजले अनुसन्धानको क्रममा बयान गर्दा खुलाएको र अदालतमा बयान गर्दा समेत सोलाई स्वीकार गरेको देखिएबाट विशेष अदालतले रू.८३,४०,०००।- निजको सम्पत्तिको बिगोमा गणना गरेकोलाई अन्यथा मान्न नमिल्ने ।

**शेयरतर्फ**

प्रतिवादी डोलराज शर्माको श्रीमती, छोरा र छोरीको नाममा जाँच अवधिमा विभिन्न बैंक तथा वित्तीय संस्था एवम् कम्पनीहरूको रू.१४,७५,०००।- बराबरको शेयर बचत तथा ऋणपत्र खरीद भएको देखिन्छ । प्रतिवादी डोलराजले सो कुरालाई स्वीकार गरी अनुसन्धानको क्रममा एवम् अदालतमा समेत बयान गरेकोमा विशेष अदालतबाट रू.१४,७५,०००।- निजको सम्पत्तिको बिगोमा गणना गरी फैसला भएउपर निज प्रतिवादीको सो सम्बन्धमा यस अदालतमा पुनरावेदन परेको नदेखिँदा उक्त रू.१४,७५,०००।- निजको सम्पत्तिको बिगोमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

**बरामद जिन्सी सामानको सम्बन्धमा**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०५९।५।२ मा प्रतिवादी डोलराज शर्माको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ स्थित घरमा खानतलासी गर्दा रू.१,८३,०००।- बराबरको कम्प्युटर, मुभी क्यामरा, घडी, सुट, गलैंचा इत्यादि फेला परेको भनी अभियोग पत्रबाट देखिन्छ । विशेष अदालतले त्यही रू.१,८३,०००।- लाई निजको सम्पत्तिमा गणना गरेकोमा त्यसतर्फ प्रतिवादीको पुनरावेदन जिकिर नरहेकोले त्यसतर्फ केही बोलिरहनु नपर्ने ।

**सुन, चाँदी, विदेशी मुद्रा, ट्राभल चेक सम्बन्धमा**

सुन र हिराका गहना तथा चाँदीको मूल्याङ्कन नेपाल सुनचाँदी व्यवसायी संघको मिति २०५९।७।१५

को पत्रानुसार गरिएको देखिन्छ भने विदेशी मुद्राको मूल्य नेपाल राष्ट्र बैंकको मिति २०५९।४।३१ को दरबाट गरेको देखिन्छ। विशेष अदालतले बरामद भएको सुनचाँदी तथा विदेशी मुद्रासमेतलाई मूल्याङ्कन गर्दा देखिएको रू.१६,८३,२९५।- लाई प्रतिवादीको सम्पत्तिमा गणना गरेको फैसलाउपर प्रतिवादीको कुनै पुनरावेदन जिकिर नभएको देखिएकोले सो सम्बन्धमा केही गरिरहन नपर्ने।

**<u>मौज्दात सम्बन्धमा</u>**

प्रतिवादी डोलराज शर्मा तथा निजकी श्रीमती सावित्री शर्माको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थामा भएको खाता नगद तथा ड्राफ्ट गरी रू.३४,९३,७१२।- मौज्दात रहेको मिसिल संलग्न ती बैंकहरूको स्टेटमेन्टबाट देखिन्छ। विशेष अदालतले ती रकमहरूलाई प्रतिवादीको सम्पत्तिमा गणना गरेकोमा प्रतिवादीको तर्फबाट त्यसउपर कुनै पुनरावेदन जिकिर नलिएकोले त्यसलाई अन्यथा मान्नु परेन। विभिन्न बैंकहरूमा प्रतिवादी डोलराज तथा निजकी श्रीमती सावित्री शर्माको नाममा मौज्दात रहेको रू.३४,९३,७१२।- प्रतिवादीको सम्पत्तिको बिगोमा गणना हुने।

**<u>छोराछोरीलाई अमेरिका पठाउँदा भएको खर्च सम्बन्धमा</u>**

प्रतिवादी डोलराज शर्माका छोरा सजन शर्मा र छोरी अन्जु शर्मा अमेरिकामा अध्ययन गर्न गएको निजको बयान बेहोराबाट देखिन्छ। सो क्रममा निजहरूको अध्ययन अध्यापनमा रू.१७,५४,०००।- खर्च भएको देखिएको हुँदा सो रकमलाई निजको सम्पत्तिको बिगोमा गणना गरेको विशेष अदालतको फैसलाउपर निजको यस अदालतमा पुनरावेदन नपरेकोले त्यसतर्फ केही बोलिरहनु परेन। अध्ययनमा खर्च भएको रू.१७,५४,०००।- प्रतिवादीको सम्पत्तिमा गणना हुने।

**<u>विदेश भ्रमण सम्बन्धमा</u>**

प्रतिवादी डोलराज शर्मा जाँच अवधिमा तीन पटक र निजकी श्रीमती सावित्री शर्मा एकपटक निजसँगै विदेश भ्रमण गएकोमा १ पटक निजको भ्रमण खर्च इन्दिरा कार्पेट इन्डस्ट्रिजले व्यहोरेको छ भने दोस्रो पटक सन् २००० मा जाँदा टिकट खर्च र प्याकेट खर्च आफूले व्यहोरेको र विदेशमा खाने बस्ने खर्च आयातकर्ताले व्यहोरेको भनी लेखाएका छन्। त्यस्तै दोस्रो पटक श्रीमतीसँगै गएको भनी आफ्नो बयानमा लेखाएको उपर्युक्त पछिल्लो दुई पटकको भ्रमणमा ६ लाख खर्च भएको भनी उल्लेख भएको देखिन्छ। उक्त रू.६,००,०००।- लाई निजको सम्पत्तिमा गणना गरेको विशेष अदालतको फैसलाउपर प्रतिवादीको पुनरावेदन जिकिर नरहेकोले त्यसतर्फ केही गरिरहनु परेन। उक्त रू.६,००,०००।- निज प्रतिवादीको सम्पत्तिमा गणना हुने।

**<u>मन्दिर निर्माणसम्बन्धमा</u>**

प्रतिवादी डोलराज शर्माले अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गर्दा स्याङ्जा जिल्ला केवरे गा.वि.स. वडा नं. ८ गह्रौसुरस्थित देवी भगवतीको जिर्ण मन्दिर पुनर्निर्माण गर्न रू.२,००,०००।- दिएको हो भनी बयान गरेबाट सोलाई निजको बिगोमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्न सकिँदैन। सो रू.२,००,०००।- निजको सम्पत्तिमा गणना हुने।

**<u>गलैँचा उद्योगको कारोबारको सम्बन्धमा</u>**

रत्न गलैंचा उद्योगको नामबाट भएको कारोबारको रकम रू.९०,४२,०००।- को विषय प्रतिवादीले स्पष्ट पार्न नसकेकोले सो रकम पुरै निजको सम्पत्तिमा गणना गर्न अभियोग मागदाबी लिएको देखिन्छ। प्रतिवादीले सो उद्योगको खाता ओभरड्राफ्ट खाता भएको र कर्जाको सीमा रू.२५,०००।- रहेकोमा मिति २०५९।४।३१ सम्म रू.१६,७९,३९५।- उपयोग गरिसकेको हुँदा बाँकी रकम रू.८,२०,६०५।- मात्र सम्पत्तिको रूपमा गणना गर्नुपर्ने जिकिर लिएको देखिन्छ। विशेष अदालतले रू.८,२०,६०५।- मात्र गणना गरेकोमा सो सम्बन्धमा वादीको पुनरावेदन जिकिर रहे भएको नदेखिँदा त्यसतर्फ विवेचना गरिरहन परेन। विशेष अदालतको फैसलामा उल्लिखित रू.८,२०,६०५।- मात्र प्रतिवादीको सम्पत्तिमा गणना गर्नुपर्ने।

**डुबेको लगानीको सम्बन्धमा**

प्रतिवादी इन्दिरा कार्पेट इन्डस्ट्रिजको साझेदार रहे पनि Corporate Liability को सिद्धान्तअनुसार कम्पनीको आडमा भएको कुनै आपराधिक कार्यको दायित्वबाहेक कम्पनीको माध्यमबाट भएको सबै कारोबारको दायित्य कम्पनीको हुने देखिन्छ। यी प्रतिवादी उक्त इन्दिरा कार्पेट इन्डस्ट्रिजको एक साझेदार भएको नाताले सो कम्पनीको नाफामा निजको आफ्नो भाग बराबरको अंश पाउने र घाटा लागेको खण्डमा निजले घाटा व्यहोर्ने कुरामा दुईमत हुन सक्दैन। तर सो कम्पनीको नामबाट गरिएको कारोबारमा यी प्रतिवादीको व्यक्तिगत दायित्व हुन सक्ने देखिँदैन । उक्त कम्पनी सञ्चालनका बखत कम्पनीको नाममा गरिएको लगानी, खरीद गरिएको सम्पत्ति, सबै कम्पनीको नै हुने भएकोले त्यसलाई कुनै अंशियारको व्यक्तिगत सम्पत्तिको रूपमा मान्न मिल्दैन । तसर्थ लगानी भएकोमध्ये डुबेको देखाइएको रू.४१,३३,०००।- मध्ये यी प्रतिवादीले व्यक्तिगत रूपमा लगानी गरेको रू.९,००,०००।- मात्र निजको सम्पत्तिमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्न मिलेन । उक्त रू.९,००,०००।- निज प्रतिवादीको सम्पत्तिमा गणना हुने ।

**घर खर्चको सम्बन्धमा**

प्रतिवादी डोलराज शर्माले अनुसन्धानको क्रममा बयान गर्दा जागिर खाएदेखि २०४६।४७ सम्म पाएको पारिश्रमिकले दैनिक जीवनयापनको लागि ठिक्क भएको, २०४६।४७ देखि भएको मासिक खर्चको विवरण उल्लेख गराएको देखिन्छ। मानिसले आफ्नो दैनिक जीवनयापनको क्रममा गरेको खर्च पनि उसको आर्थिक हैसियत देखाउने भएकोले त्यस्ता खर्चलाई उसको सम्पत्तिमा गणना नगर्ने हो भने निजको वास्तविक सम्पत्ति पत्ता लगाउन सकिँदैन। भ्रष्टाचारसम्बन्धी मुद्दामा आरोपीले दैनिक जीवनयापन गर्दा निजको आयको तुलनामा खर्च बढी देखिएको अवस्थामा पनि भ्रष्टाचार गरेको ठहर्ने हुनाले दैनिक घर खर्चलाई गणना गरिनु हुँदैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ विशेष अदालतले अभियोग दाबी अनुसारको घर खर्चबापत रू.२०,५६,९३६।- गणना गरेको उचित देखिएकोले त्यसलाई अन्यथा गरिरहनु परेन। सो रकम निजको सम्पत्तिमा गणना हुने ।

**इन्दिरा कार्पेटबाट भएको आयतर्फ**

प्रतिवादीको डायरीमा उल्लिखित एउटा शीर्षकको ऋण रकमलाई वैध आयको रूपमा स्वीकार गरेपछि त्यसमा उल्लिखित अन्य कुरालाई पनि स्वीकार गर्नुपर्ने देखिएकोले प्रतिवादीले ०४९।५० सम्म उक्त उद्योगमा लगानी गरेको रकमभन्दा उक्त डायरीमा उल्लिखित निजले लिएको ऋण बढी नै देखिएकोले इन्दिरा कार्पेट इन्डस्ट्रिजमा लगानी भएको निजको सम्पत्ति अवैध रहेको मान्न मिलेन। अतः सो उद्योगबाट ०४७।४८ देखि ०५३।५४ सम्म जम्मा रू.२,०४,५३,११९।- नाफा भएको देखिएकोमा सोको आधा रू.१,०२,२६,५५९।- प्रतिवादीको भागमा पर्ने हुँदा सो रकम निजको वैध आयमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्न नसकिने।

इन्दिरा कार्पेट इन्डस्ट्रिजमा प्रतिवादी डोलराज शर्माको ५०% लगानी वैध रहेको देखिएपश्चात् सो उद्योग विघटन हुँदा साझेदारहरूको बीचमा सम्पत्ति बाँडफाँड हुँदा आधाआधा बाँडफाँड हुने नै देखियो। सो कम्पनी विघटन हुँदा त्यसको सम्पूर्ण सम्पत्ति रू.१,५१,१५,३९२।- बराबर देखिएकोले त्यसको आधा रू.७५,५७,६९६।- प्रतिवादीको भागमा पर्ने र त्यसबाट निजले लगानी गरेको रू.२१,००,०००।- घटाई हुन आउने रू.५४,५७,६९६।- मात्र निजले पाउने हुँदा सो रकम निजको आयमा गणना हुने।

**हिमालयन ओरिएन्टल क्राफ्ट्स उद्योगबाट भएको आयतर्फ**

प्रतिवादी डोलराज शर्माकी श्रीमती सावित्री शर्मा र निजको भाइ ध्रुव शर्माको संयुक्त स्वामित्त्वमा रहेको हिमालयनओरियन्टलक्राफ्टसमाप्रतिवादीकोलगानीरहेको देखिन्छ । सो उद्योगमा को कसको कति हिस्सा रहने

भनी किटान नभएकोले आधाआधा मान्ने भनी अभियोग पत्रमा उल्लेख भएपनि ध्रुव शर्मा यी प्रतिवादी डोलराजको एकासगोलको भाइ भएको र निजहरूबीच कानूनबमोजिम अंशबन्डा भएको नदेखिएको हुँदा उक्त उद्योगबाट भएको आम्दानी डोलराज शर्माको सम्पूर्ण आयमा नै गणना हुने । २०५८ सालमा ध्रुव शर्माले सो उद्योग सावित्री शर्माको एकलौटी रूपमा हुने गरी कानूनी रूपमा हक छाडेको हुँदा पनि त्यसबाट हुने नाफासमेत सावित्री शर्माको हुने नै देखिन्छ । वादीले सो उद्योगले आ.व. ०५२।५३ देखि ०५७।५८ सम्म जम्मा रू.१,२०,८४,४११।- आय आर्जन गरेको देखाए पनि मिसिल संलग्न आन्तरिक राजस्व कार्यालयको पत्रबाट सो अवधिमा उक्त उद्योगले रू.१,४६,३५,४७०।- नाफा गरेको देखिएबाट हिमालयन ओरिएन्टल क्राफ्टसबाट भएको नाफा रू.१,४६,३५,४७०।- निज प्रतिवादीको आयमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्न मिलेन । प्रतिवादीले सो उद्योगको ५०% प्रतिशत हिस्सा श्यामप्रसाद शेरचनलाई रू.२५ लाखमा दिएको कुरा उल्लेख गरे पनि सो कुरालाई विश्वसनीय प्रमाणबाट पुष्टि गर्न नसकेकोले रू.२५,००,०००।- प्रतिवादीको आयमा गणना गर्नुपर्दछ भनी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

**<u>कृष्ण पश्मिना आर्टसबाट भएको आयतर्फ</u>**

प्रतिवादी डोलराज शर्माले इन्दिरा कार्पेटबाट गरेको आय एवम् लिएको ऋणबाट निजले कृष्ण पश्मिना आर्टसमा गरेको लगानी खाम्न सक्ने नै देखिँदा निजले लगानी गरेको सम्पूर्ण रकमको स्रोत वैध रहेको देखिन आयो । प्रतिवादीले सो कम्पनीमा हक छाडिदिएबापत प्राप्त भएको रू.६१,०१,११६।०२ पनि वैध आयस्रोतमा गणना हुनुपर्दछ भनी जिकिर लिए पनि सो जिकिर प्रमाणित गर्न कुनै विश्वसनीय प्रमाण मिसिल सामेल रहेको नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर मात्रको भरमा सो रकमलाई निजको वैध आयमा गणना गर्न नमिल्ने ।

**<u>विभिन्न व्यक्तिहरूबाट लिएको ऋणको सम्बन्धमा</u>**

प्रतिवादीले लिएको भनिएको रकम उद्योगमा लगानी गर्नलाई हो र लगानी गरेर उद्योगबाट प्रतिफलसमेत प्राप्त गरेको अवस्थामा सो रकम तिर्न अझै बाँकी रहेको भनी मान्न मिलेन । रकम तिरिसकेपछि ऋणसम्बन्धी दायित्व पनि समाप्त हुने भएकोले त्यसलाई निजको आयमा गणना गर्न सकिएन । अतः प्रतिवादीले विभिन्न व्यक्तिहरूसँग लिएको र तिर्न बाँकी ऋण रू.८९,७०,०००।- निजको आयमा गणना गरेको विशेष अदालतको फैसलालाई केही गरिरहन नपर्ने ।

**<u>बैंक तथा वित्तिय संस्थाबाट लिइएको ऋणतर्फ</u>**

प्रतिवादीले जाँच अवधिमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट पनि ऋण लिएको मिसिल संलग्न कागज प्रमाणबाट देखिएको हुँदा सो रकम निजको आयमा गणना गर्नुपर्ने देखिन्छ । निजले जाँच अवधिमा रू.७५,००,०००।- ऋण लिएको भनी अभियोग दाबी रहेकोमा सोलाई निजको आयमा गणना गरेको विशेष अदालतको फैसलाउपर कुनै पुनरावेदन जिकिर नभएकोले उक्त रू.७५,००,०००।- लाई निजको आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब नै रहेको मान्नुपर्ने ।

**<u>पिता थान प्रसाद शर्माबाट लिएको रकम</u>**

प्रतिवादीले जाँच अवधिमा आफ्ना पिता थानप्रसाद शर्माबाट रू.२,७०,३३२।- लिएको भनी निजको बयान, थानप्रसाद शर्माको बयानसमेतबाट देखिएकोले सो रकमलाई निजको आयमा गणना गरेको विशेष अदालतको फैसलाउपर कुनै पक्षको पुनरावेदन जिकिर रहेको नदेखिएकोले उक्त रू.२,७०,३३२।- निजको आयमा गणना हुने ।

**<u>घरभाडातर्फ</u>**

आफ्नो बसोबासको लागि चाहिने घर कोठाहरू भन्दा बढी भएको घरभाडामा लगाएर आय आर्जन गर्ने कुरामा दुईमत हुन सक्दैन । प्रतिवादीले आफ्नो घर

भाडामा लगाएको भन्ने कुरा वादीले समेत स्वीकार गरेको अवस्थामा घरभाडाबापत रू.६,६१,३३३।- प्रतिवादीको आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब नै देखिन आउने।

**तलब भत्तातर्फ**

सरकारी कर्मचारीले तलबको अतिरिक्त वर्षको एकपटक प्राप्त गरेको चाडपर्व खर्च लगायत अन्य सुविधा पनि निजको आय नै भएकोले त्यसलाई आयमा गणना नगरिनुपर्ने कुनै कारण देखिँदैन। तसर्थ प्रतिवादीले तलब भत्ताबापत प्राप्त गरेको रू.६,४०,७९७।- निजको आयमा गणना गरेको विशेष अदालतको फैसलालाई अन्यथा मान्नुपर्ने कारण देखिन आएन। सो रकम निजको आयमा गणना हुने।

प्रतिवादी डोलराज शर्माको बाबु थानप्रसादको नाममा रहेको ग.अ.ख. १८२ नं. को गाडी यी प्रतिवादीको नाममा नभई निज बाबुको नाममा रहेको र सोको बिक्रीबाट यदि कुनै आय प्राप्त भएको रहेछ भने सो निजको नभई निजको बाबुको हुने भएकोले सो लाई निजको आयमा गणना गर्न मिलेन। त्यस्तै प्रतिवादीले आफूले बैंकमा राखेको रकमबाट प्राप्त भएको ब्याजसमेत आयमा गणना गर्नुपर्ने जिकिर लिए पनि कुनै बैंकबाट के कति रकम ब्याजको रूपमा प्राप्त गरेको हो भन्ने कुरा मिसिल संलग्न कागजबाट नखुलेकोले सोलाई समेत आयमा गणना गर्न नमिल्ने।

प्रतिवादी डोलराज शर्मा र निजको परिवारका अन्य सदस्यहरूको नाममा जाँच अवधिमा जम्मा रू.४,३१,९४,५४७।४८ बराबरको घर जग्गा, शेयर, उद्योग व्यवसायमा लगानी, बैंक मौज्दात, विदेशी मुद्रासमेत गरी सम्पत्ति आर्जन गरेको देखिन्छ। जबकी सोही अवधिमा यी प्रतिवादीको कानूनबमोजिमको वैध आय जम्मा रू.५,५७,६७,८२१।- रहेको देखिन्छ। यसबाट यी प्रतिवादीले जाँच अवधिमा प्राप्त गरेको सम्पत्तिको बिगो सोही अवधिमा निजको कानूनबमोजिमको आय स्रोतबाट भएको आयभन्दा रू.१,२५,७३,२७३।५२ कम देखिएको र निज प्रतिवादीले सो रकम निजको वैधानिक आय स्रोतबाट प्राप्त गरेको भन्ने कुरा प्रमाणितसमेत गरेकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कानूनी प्रावधानअनुसार भ्रष्टाचार गरी आर्जन गरेको मान्न नमिल्ने।

अतः माथि विवेचित आधार कारण र प्रमाण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तबाट प्रतिवादी डोलराज शर्माले वैध आयस्रोतको अनुपातमा अमिल्दो र अस्वभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको हुँदा निज प्रतिवादीले दाबीको कसुरबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०६४।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। लेखिएको हदसम्म बाहेक अन्य कुरामा वादी नेपाल सरकार र प्रतिवादी डोलराज शर्माको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रमेश आचार्य र चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-CI-००६१, घर खाली जग्गा खिचोला चलन, *शिवजी गडेरीसमेत वि. सितादेवी गडेरी*

दाबीका कित्ता जग्गाहरूमा प्रतिवादीहरूको भोग रहेको भन्ने तथ्य देखिन आए पनि त्यस्तो भोग उक्त जग्गाको वास्तविक स्वामीसँग कुनै सहमति सम्झौताबमोजिम भएको भन्ने देखिन आउँदैन। २०६४ सालमा घरसहित खरीद गरेको जग्गामा प्रतिकूल भोग स्थापित हुनसक्ने अवस्था नै रहँदैन। दाबीको जग्गा वादीले घरसहित खरीद गरेको र उक्त घर जग्गामा प्रतिवादीको भोग बसोबास रहेको भन्ने देखिइरहेको अवस्थामा प्रतिवादीहरूको त्यस्तो भोग बसोबासलाई स्वाभाविक र कानूनसम्मत् मान्न सकिने अवस्था नदेखिने।

खिचोला गर्नु भनेकै एकाको हकको सम्पत्तिमा अरूले कानूनविपरीत भोग गर्नु हो। दाबीका जग्गाहरूमा कानूनबमोजिम भोग स्थापित रहेको भन्ने पुनरावेदकहरूले देखाउन सकेको पाइँदैन। यस्तो अवस्थामा दाबीको कि.नं. २७७, २७८, २७९ र २८० का वादीको नाउँ

दर्तामा रहेको जग्गामा सम्म खिचोला ठहर गरेको र घरमा रहेको प्रतिवादीको भोग बसोबासलाई मान्यता दिएको सुरू अदालतको फैसला केही उल्टी हुने ठहर गरी घरजग्गा दुवैमा खिचोला ठहर गरी घर खाली गरी वादीले चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको देखिन आउने।

अतः वादी दाबीअनुसारको जग्गामा खिचोला ठहर गरेको हदसम्मको सिराहा जिल्ला अदालतको फैसला सो हदसम्म सदर हुने र उक्त जग्गामा भएको ४ थान घर प्रतिवादीको भोगमा रहेको देखाई घरमा खिचोला ठहर नगरेको हदसम्मको फैसला सो हदसम्म उल्टी भई उक्त कि.नं.२७७, २७८, २७९ र २८० को चारै कित्तामा भएको घर थान ४ समेत वादीकै ठहरी चलनसमेत पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।९।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-RB-०१५२, आयकर (०६४।६५), *आन्तरिक राजश्व कार्यालय, विराटनगर वि. हुलास मेटल क्राफ्टस लि., विराटनगर*

राजस्व न्यायाधीकरणले फैसलामा आधार लिएको आयकर ऐन, २०५८ को दफा ११.६ग अनुसार विशेष उद्योगले पाउने सहुलियतको प्रसङ्ग नै प्रस्तुत मुद्दामा उठान भएको पाइँदैन। करदाताले समेत आफूलाई विशेष उद्योगको दाबी गरी सोबमोजिम कर छुट दाबी गरेको निजको न्यायाधीकरणसमक्षको पुनरावेदनमा पनि उल्लेख भएको नदेखिएको अवस्थामा अदालत, आफैँले सो विषय उठान गरी निर्णय दिनु उचित नहुने।

प्रत्यर्थी कम्पनीले कर परीक्षणको क्रममा वहालतर्फको मात्र आयव्यय स्पष्ट हुनेगरी लेखा नराखेको साथै आय विवरण पेस गर्दा घर बहाल आयको छुट्टै गणना गरी हिसाब प्रस्तुत गरी कर निर्धारण गरेको नदेखिएको साथै करदाताले स्रेस्तामा देखाएको ह्रास खर्च, घर जग्गा कर खर्च, मर्मत खर्च र सुरक्षा गार्डको तलब भत्तालगायतको भरपर्दो प्रमाण प्रस्तुत गर्न नसकेकोले घरबहाल तर्फको आय भनी प्रस्तुत गरेको रू.१२,९९,१००।- औद्योगिक आय मान्न सकिने अवस्था नभएकाले आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १ को दफा २ को उपदफा १ बमोजिम २५% कर निर्धारण हुने।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण एवम् प्रमाणहरूबाट घरवहालतर्फको आय भनी प्रस्तुत गरेको रू.१२,९९,१००।- औद्योगिक आय मान्न सकिने अवस्था नभएकाले आन्तरिक राजस्व कार्यालय, विराटनगरले कायम गरेको २५% कर मनासिब देखिएको हुँदा २०% मात्र कर लाग्ने भनी राजस्व न्यायाधीकरण विराटनगरबाट भएको फैसला उल्टी भई घरबहाल तर्फको आयमा २५% कर लाग्ने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०८८८, परमादेश, *माधवकुमार बस्नेतसमेत वि. नेपाल कानून व्वसायी परिषद भवन, कुपण्डोलसमेत*

वास्तवमा न्यायाधीशको पद रिक्त रहेमा मुद्दाको कारवाही, फैसलामा ढिलाई पुग्न जाने र परिणामतः न्यायका उपभोक्ताको न्याय प्राप्त गर्ने अन्तरनिहित अधिकार कुण्ठित हुन गै न्यायपालिकाप्रति वितृष्णा बढ्न जाने हुँदा समयमै नियुक्ति गर्ने व्यवस्था प्रति न्याय परिषद् सचेत हुनु जरूरी छ भन्ने कुरामा दुईमत हुन सकिँदैन। न्यायाधीशको पद धेरै समय रिक्त नहोस् भन्ने उद्देश्यले विधिकर्ताले उपर्युक्त कानूनी व्यवस्था गरेको भन्ने कुरा स्वतः अनुमान गर्न सकिन्छ। उक्त कानूनी व्यवस्था मिति २०७३।५।२७ देखि लागू भएको सन्दर्भमा न्याय परिषद्बाट कानूनबमोजिमको कार्य सम्पन्न गर्न प्रतिबद्धता व्यक्त भएको कुरा लिखित जवाफबाट देखिन आएको हुँदा हाल निवेदकको मागबमोजिम आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

रिट निवेदन खारेज हुने ठहरे पनि न्याय परिषद् ऐन, २०७३ को दफा ५ को उपदफा (१) मा न्याय परिषद्ले संविधानको अधिनमा रही समानुपातिक समावेशी सिद्धान्तबमोजिम कुनै नेपाली नागरिकलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गर्दा संविधान र उक्त ऐनबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेकालाई वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याती, न्याय र कानूनको क्षेत्रमा गरेको योगदानसमेतका दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएकालाई मात्र सिफारिस गर्नुपर्ने हुँदा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतसमेत तीनै तहका अदालतमा योग्य, सक्षम, बाह्य दबाब र प्रभावबाट अक्षुण्ण रहन सक्ने स्वतन्त्र एवम् निष्पक्ष रूपमा काम गर्न सक्ने विवादरहित छवि भएका व्यक्तिहरूलाई मात्र न्यायाधीश पदमा नियुक्ति गर्ने लगायतका विषयमा कानूनले दिएको दायित्वको सुनिश्चितता हुने गरी पारदर्शीरूपमा सिफारिस र नियुक्तिसम्बन्धी कामकारवाही गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७१-CR-१५७५, आगो लगाई ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. हर्कबहादुर खत्री*

प्रतिवादीको छोरी र ज्वाइँसँग पैसा लेनदेनको विषयमा र आफ्नो श्रीमती आफूसँगबाट छुटाई छोराकहाँ लगिदिएको भन्ने कुरामा असन्तुष्टी पैदा भएको देखिन्छ तर छोरी ज्वाइँको ज्यानै लिनुपर्ने सम्मको कुनै रिसइवी झगडासमेत भएको मिसिलबाट देखिँदैन, स्वयम् जाहेरवाला यज्ञबहादुर खड्कासमेतले अदालतमा उपस्थित भई प्रतिवादीसँग पूर्व रिसइवी केही थिएन भनी बकपत्र गरी दिएको कथनबाट पनि छोरी ज्वाइँको ज्यान लिनुपर्नेसम्मको रिसइवी यी प्रतिवादीले लिएका थिएनन् भन्ने कुरालाई समर्थन भइरहेको पाइने।

प्रतिवादीको अदालतमा भएको बयान हेर्दा निजले आफ्नो छोरी ज्वाइँबाट आफूले लिनुपर्ने पैसा माग्दा छोरी ज्वाइँले उल्टै आफूलाई कुटेको र आफ्नो श्रीमतीलाई आफूबाट अलग गराई छोराको सँग साथमा पठाउने काम गरेको कारण रिस उठेकाले छोरी ज्वाइँको घरमा आगो लगाई नोक्सान गराई दिने क्षणिक उद्देश्य लिई बिहानको समयमा घरका मुख्य मानिस जाहेरवाला ज्वाइँ नाताका यज्ञबहादुर खड्का र छोरी रूपा खड्कालाई प्रतिवादीले आगो लगाउनेको महलको १ नं. बमोजिम छोरी ज्वाइँको घर नोक्सान गराउन आगो लगाएको कसुर गरेको स्वयम्ले नै स्वीकार गरेको देखिनुका साथै मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समेत शङ्कारहित तवरबाट सो अभियोग पुष्टि प्रमाणित भइरहेको एवम् यी प्रतिवादीले इमान्दारीपूर्वक आफूले गरेको अपराध स्वीकार गरी न्याय सम्पादनमा सहयोग गरेकोसमेत देखिएको अवस्थामा निज प्रतिवादीलाई आगो लगाउनेको महलको ५ नं. बमोजिम ४ (चार) वर्ष कैद सजाय हुने ठहर गरी गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला कानूनसम्मत् र न्यायोचित नै देखिने।

आगलागीबाट घर जली नोक्सान भएको बिगोको सन्दर्भमा मिसिल सामेल रहेको घरको फोटो तथा मौकामा पञ्चकृते मुचुल्का कागज गर्ने मानिस शक्ति थापाको पुनरावेदन अदालतसमक्ष भएको बकपत्रसमेतको आधारमा न्यायोचित हिसाब गर्दा घरको मूल्य रू.१,००,०००।- (एक लाख), सुनको नोक्सानी रू.५०,०००।- (पचास हजार), अन्य नोक्सानी (लत्ता कपडासमेत) रू.१५,०००।- (पन्ध्र हजार) र खाद्यान्न नोक्सानी रू.१०,०००।- (दश हजार) गरी आगलागीबाट जली नोक्सान भएको जम्मा १७५०००।- (एक लाख पचहत्तर हजार) रूपैयाँ मूल्य बराबरको देखिन आएकोले आगलागीबाट भएको नोक्सानीको बिगो रू.१,७५,०००।- बिगो कायम गर्नु नै उपयुक्त हुने।

अतः माथि विवेचित तथ्य आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, सुर्खेतबाट प्रतिवादीलाई आगो लगाउनेको ५ नं. बमोजिम

४ (चार) वर्ष कैद सजाय हुने र आगलागीबाट भएको नोक्सानीबापत जम्मा बिगो रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार) कायम गरी सो नोक्सानीको बिगो प्रतिवादीबाट जाहेरवालालाई भराइदिने ठहर गरी भएको मिति २०७१।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१२३७, जबरजस्ती करणी, *लक्ष्मीभक्त राजबहाक वि. नेपाल सरकार*

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(३) नं. मा भएको उल्लिखित कानूनी व्यवस्थाहरूमध्ये ऐ. १ नं. को व्यवस्थाले १५ वर्ष ६ महिना १४ दिनकी बालिकाउपर जुनसुकै प्रकृतिबाट भएको यौन सम्पर्क पनि जबरजस्ती करणीको परिभाषाभित्र पारी त्यसलाई दण्डनीय (Punishable) अपराध बनाएकाले प्रस्तुत मुद्दाको कसुर पनि दण्डनीय अपराधभित्र पर्ने ।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. मा उल्लिखित उमेरको बालिकालाई जबरजस्ती करणी गर्नेलाई ६ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुने भन्ने उल्लेख भएको सन्दर्भमा उच्च अदालत, पाटनबाट मिति २०७३।९।५ मा प्रस्तुत मुद्दाका प्रतिवादीलाई ६ वर्ष कैद सजाय हुने ठहर गरी फैसला गरेकोलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । साथै मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. मा "कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहऱ्याएबमोजिम क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्नेछ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्नेछ" भनी उल्लेख भएको कानूनी व्यवस्थासमेतका आधारमा उच्च अदालत, पाटनबाट फैसला हुँदा पीडितले प्रतिवादीबाट क्षतिपूर्तिस्वरूप रू.१,००,०००।- (एक लाख) भराई लिन पाउने गरी भएको ठहर पनि मनासिब नै देखिन आउने ।

अतः उल्लिखित तथ्य आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा उच्च अदालत, पाटनबाट मिति २०७३।९।५ मा प्रतिवादीलाई ६ वर्ष कैद सजाय हुने तथा पीडितले प्रतिवादीबाट क्षतिपूर्तिस्वरूप रू.१,००,०००।- (एक लाख) भरी लिन पाउने ठहर गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री दीपककुमार कार्की,** ०६९-CI-०७०४, मोही नामसारी, *झंकनाथ उपाध्याय पण्डित वि. मिठूदेवी उपाध्याय*

विवादित कि.नं. १२३ को जग्गाको सम्बन्धमा मिठूदेवीले जग्गाधनी अजरलाल झासमेत उपर संवत् २०४६ सालको दे.मि.नं. २८।२३८९ को निर्णय बदर हककायम मुद्दा दायर गरेकोमा प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा प्रकरण ६ मा उक्त जग्गाको मोही सोमकुमारी भएको र निजको मृत्युपश्चात् विपक्षी समेतले कुत तिरी आएको भनी उल्लेख गरेको देखिँदा मिठूदेवीले समेत विवादको जग्गाको कुत जग्गाधनीलाई तिरी आएको भन्ने पुष्टि हुन्छ । यसरी दर्तावाला मोहीको मृत्युपश्चात् निजको हकवालाबाट कुत बुझिलिएको स्वीकार गरिसकेपछि निजहरूलाई मोहीमा पत्याएको थिइन भन्न जग्गाधनीसमेत विवन्धित हुने ।

गोविन्दहरि अमात्य विरूद्ध शिवनारायण चौधरीसमेत भएको मोही नामसारी मुद्दामा (*नेकाप* २०७२ अंक १ नि.नं. ९३२५**)** मुद्दामा साबिक मोहीको २०३९ सालमा नै मृत्यु भएकोमा मोही नामसारीको लागि

२०६४ सालमा मात्र निवेदन परी हकवालाहरूबीच मोही नामसारीको लागि विवाद सिर्जना भएको देखिन्छ । सो मुद्दामा यस अदालतबाट फैसला हुँदा भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनको व्यवस्थालाई अवलम्बन गरिएको देखिन्छ । उक्त मुद्दामा यस अदालतबाट भएको व्याख्यासमेतको आधारमा प्रस्तुत मुद्दाको विवादमा समेत भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन (२०५३।९।२४) पश्चात्को कानूनी व्यवस्था लागू हुने । सासुको मोहियानी हक एकासगोलको बुहारीमा नामसारी हुन सक्ने नै देखिने ।

दाबीको जग्गाको साबिक मोही सोमकुमारीको मृत्युपछि निजको एकासगोलमा रहेकी बुहारी मिठूदेवी उपाध्यायका नाममा मोही नामसारी नगरी जग्गाधनीले पत्याएको भन्नेसमेतको आधार लिई झंकनाथ उपाध्याय पण्डितको नाममा मोही नामसारी हुने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, काठमाडौंको निर्णय उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत्र ८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१३४३, कर्तव्य ज्यान, *पहलमान सारू मगर वि. नेपाल सरकार*

वारदात हुनुभन्दा पहिलेदेखि प्रतिवादीको मानसिक अवस्था बिग्रिएर उपचार गराइरहेको पुष्टि हुने प्रमाण यी प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । लामो समय प्रतिवादी कारागार रहिरहेको अवस्थामा प्रतिवादीको मानसिक अवस्थाको बारेमा दिइएको प्रतिवेदनमा पनि Nicotine dependence syndrome देखिनु, सुस्त मनस्थितिको देखिनु र आंशिक मानसिक आक्रमण देखिनुलाई प्रतिवादीको मानसिक अवस्था अस्वभाविक अवस्थामा थियो भनी भन्न मिल्ने नदेखिने ।

मुलुकी ऐन, दण्ड सजायको १ नं. को आधार लिई सजायबाट छुट पाउन आफ्नो मानसिक अवस्था ठीक नभएको भनी जिकिर लिने व्यक्तिले नै सो कुरा प्रमाणित गर्नुपर्ने हुन्छ । प्रतिवादीले अपराध गरेको अवस्थामा आफूले गरेको कामको परिणाम जान्न बुझ्न सक्ने अवस्थाको थिएन भनी प्रमाणित नभएसम्म दण्ड सजायको १ नं. बमोजिम सजायबाट उन्मुक्ति दिन मिल्ने नदेखिने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट मैले अन्जानमा मारेको हुँ भन्नेसम्म जिकिर लिए तापनि यी पुनरावेदक / प्रतिवादीले आफूले गरेको कामको परिणाम जान्न नसक्ने गरी मानसिक सन्तुलन बिग्रिएको भनी प्रमाणित गर्न सकेको नदेखिएको, मौकामा तथा अदालतसमक्ष गरेको बयान बेहोराबाट पनि त्यस्तो नदेखिएको र वि.पी. कोइराला मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठानको Discharge summary को प्रतिवेदनबाट पनि सो कुरा पुष्टि हुन नआएकोले यी पुनरावेदक / प्रतिवादी पहलमान सारूमगरले गरेको अपराधबापत हुने सजायबाट छुट दिइरहनु पर्ने अवस्था नदेखिएबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा भएको फैसला सदर हुने ।

पीडित पक्ष प्रतिवादी स्वयम पनि रहेको, जाहेरवालासमेतले प्रतिवादीको पक्षमा राहतको अपेक्षा राखेको, यी पुनरावेदक / प्रतिवादीले आफ्नो छोरालाई मार्नेसम्मको पूर्वयोजना बनाई, पूर्वरिसइवी साँध्ने गरी हत्या गरेको नभई अत्याधिक रिसको आवेगमा आई बन्चरोले हिर्काउँदै हिँड्दाको अवस्थामा सुतिरहेको छोराउपर प्रहार गरेको कारणले मृतकको मृत्यु हुन गएको, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा आई साबिती बयान गरी अनुसन्धान र न्यायिक प्रक्रियालाई सहज बनाएको देखिन आएबाट यी प्रतिवादीलाई मुलुकी ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहितको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिन आए तापनि वारदातमा जोखिमी हतियार बन्चरोको प्रयोग गरी जाहेरवाला लगायतका व्यक्तिहरूलाई प्रहार गर्नुको साथै सुतिरहेको निर्दोष नाबालक छोरालाईसमेत बन्चरोले प्रहार गरेको कारणबाट निजको मृत्यु भएको

देखिन आएबाट पुनरावेदन अदालत, धनकुटाबाट ८(आठ) वर्ष मात्र कैदको सजाय हुने गरी व्यक्त राय वारदातको प्रकृति हेर्दा न्यूनतम् देखिन आएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम यी पुनरावेदक / प्रतिवादी पहलमान सारू मगरलाई १२(बाह्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

## इललास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-०१०५, कर्तव्य ज्यान, *गोविन्द घर्ती मगर वि. नेपाल सरकार*

बुझिएका रीताकुमारी, शान्ता बुढाथोकी, जाहेरवाला बलबहादुर घर्तीसमेतको अदालतसमक्ष गरेको बकपत्रसमेतबाट प्रतिवादीको खुकुरी प्रहारबाट मृतकको मृत्यु भएको देखिन आउँछ । यी मध्येका बलबहादुर, दुर्गेशबहादुर घटनाका प्रत्यक्षदर्शी नै देखिन्छ । लास प्रकृति मुचुल्का, बरामदी मुचुल्का प्रतिवादीको बयान, अदालतसमक्ष जाहेरवालाले गरेको बकपत्रसमेतबाट गोविन्दबहादुर घर्तीमगरले खुकुरी प्रहार गरी मृतकलाई कर्तव्य गरी मारेको देखिन आउने।

प्रतिवादीको मृतकसँग जग्गासम्बन्धी विषयमा पूर्व रिसइवीको कारण तयारी साथ खुकुरी लिई वारदात स्थलमा गई खुकुरीजस्तो जोखिमी हतियारले मृतकको टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरेको देखिँदा प्रतिवादीको कार्य मनसायप्रेरित भई योजना गरी हतियार साथ प्रयोग गरी ज्यान मारेको अवस्था देखिएकोले पुनरावेदक प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भन्ने पुनरावेदन जिकिरसित सहमत हुन नसकिने।

प्रस्तुत मुद्दा साधकको रोहमा निर्णयार्थ मिति २०७१।१।५ मा यस अदालतको संयुक्त इजलासमा पेस हुँदा प्रतिवादी गोविन्दबहादुर घर्तीमगरलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको मिति २०६७।१।२९ को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।६।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी प्रतिवादीले कसुर गरेको ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई साधक सदर गरी सकेकोसमेत देखिन्छ। प्रतिवादीको पुनरावेदन परेकोले पुनरावेदनको रोहबाट हेर्दा पनि यी प्रतिवादीलाई निर्दोष रहेछन भन्न सकिने अवस्था नदेखिने।

तसर्थ प्रतिवादी गोविन्दबहादुर घर्तीमगरलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर गरेको ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, तुल्सीपुर दाङको मिति ०६८।६।३ का फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०६८८ र ०७१-CR-१०१६, कर्तव्य ज्यान, *खगु बस्याल वि. नेपाल सरकार र नेपाल सरकार वि. खगु बस्याल*

प्रतिवादीको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भन्ने अनुसन्धानका क्रममा तयार भएका जाहेरी दरखास्त मौकाका वस्तुस्थिति मुचुल्काका मानिस ऐनलाल न्यौपाने समेतको भनाइलाई पुष्टि हुने गरी वादीका साक्षी राधा वि.क.समेतको बकपत्र भएको पाइयो। मृतकको लास प्रकृति मुचुल्कामा ओठ माथि निलडाम भएको हातको हत्केला सुन्निएको, शव परीक्षण प्रतिवेदनमा धार नभएको वस्तुले छातीमा थिची श्वासप्रश्वासमा वाधा उत्पन्न भएको उल्लेख भएको देखिन्छ । शव परीक्षण गर्ने चिकित्सक डा.रेखा पौडेलले मृतकको मृत्यु धार नभएको वस्तुले फोक्सोमा थिच्दा श्वासप्रश्वास प्रक्रियामा अवरोध उत्पन्न भई निज मृतकको मृत्यु भएको हो भनी बकपत्र गरेको देखियो । साथै मृतकको निधारमा टाउकोमा पिठ्युमा

निलडाम रहेको पाइन्छ। यसरी एकातिर मृतकको शरीरको विभिन्न भागहरूमा चोट लागेको छातीमा धार नभएको वस्तुले थिची सोही चोट पीडाको कारणबाट मृतकको मृत्यु भएको भन्ने लास जाँच परीक्षण प्रतिवेदन (Autopsy Report) मा Asphyxia due to blunt trauma to chest acc to history मा जनिनुले मृतकको मृत्यु कर्तव्यबाट नै भएको देखिन आयो । तसर्थ पुनरावेदक प्रतिवादीको भवितव्य ठहऱ्याई पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

मृतक र प्रतिवादी मामा भान्जाको नाताका देखिन्छ । वारदातको स्वरूप हेर्दा प्रतिवादीले आफ्नो परीक्षा सकी अभिभावकका रूपमा रहेका मामाको घरमा आइ चावी माग्दा नदिएपछि तत्काल उठेको रिस थाम्न नसकी कुटपिट गरेको भन्ने देखियो। वारदातमा जोखिमी हतियार प्रयोग भएको नदेखिएको र मृतकलाई मार्न पर्ने कारण यही रहेको थियो भनी अभियोजन पक्षबाट खुलाउन सकेकोसमेत पाइएन। मार्नुपर्नेसम्मको पूर्वरिसइवी भएको केही नदेखिनुका साथै पूर्वयोजना र तयारीबमोजिम घटना भएको भन्ने कहीँ कतैबाट देखिएन।

मृतक मादक पदार्थ सेवन गर्ने वानी भएका व्यक्ति भएको र वारदातका दिन पनि मादक पदार्थ सेवन गरी घरमा ताला लगाई हिँडेको अवस्थामा एस.एल.सी.परीक्षा दिइरहेको प्रतिवादीले परीक्षा दिई आएपश्चात् चावी माग्दा नदिएको भन्ने निजको भनाइ देखियो सोही कारण कुटपिट भई सोही पीडाबाट मृतकको मृत्यु हुन गएको हो भनी जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाइ दिएको र वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मध्येका ऐन लाल न्यौपानेले बकपत्र गरी वारदातको कारणलाई प्रष्ट्याएको समेत देखियो । वारदातमा गम्भीर हतियार प्रयोग गरी मारेको नदेखिएको र मार्ने मनसायसमेत भएको भन्ने कतैबाट देखिएन । यस अवस्थामा प्रतिवादीले ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसुर गरेको देखियो । ज्यानसम्बन्धी महलको १३ (३) नं.बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ प्रतिवादी खगु बस्याललाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर गरी सुरू पाल्पा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।५।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०४९७, अंश चलन, *लिलामाया लावतीसमेत वि. रामकुमार लावती*

पुनरावेदक र प्रत्यर्थीबीच नातामा विवाद देखिँदैन । २०३१ सालमा नै वादी छुट्टी भिन्ने भएको कुनै लिखत कागज पेस हुन सकेको छैन। केवल मौखिक कथनलाई मात्र आधार लिई निज वादी प्रतिवादीबीच अंशबन्डा भइसकेको भनी अनुमान गर्नु न्यायोचित हुने देखिएन। यस स्थितिमा मानो छुट्टिएको वा अंश छुट्टि भिन्न भएको कुनै लिखत पेस हुन नसकेको र वादी प्रतिवादी बीच मानो छुट्टिएको मितिमा मुख नमिलेपछि फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेको सुरू र पुनरावेदन अदालतको फैसला अन्यथा भएको नदेखिने।

वादीले सुरू अदालतमा पेस गरेको तायदाती फाँटवारीमा कि.नं. ९६, ९७ र ९८ जग्गा मिति २०४५।१२।१३ मा पदमलालबाट राजीनामा पास गरिलिएको बन्डा गर्नु नपर्ने जग्गा भनी उल्लेख भएको पाइयो । निज वादीको वारेस भक्तमान राईले सुरू अदालतसमक्ष मिति २०६८।२।२२ मा कागज गर्दासमेत उल्लिखित तीन कित्ता जग्गाहरू पदमलालबाट राजीनामा पास गरी लिएको भनी उल्लेख गरेको देखियो। तर मिसिल संलग्न उक्त कि.नं.९६, ९७ र ९८ कित्ताका जग्गाहरूको लिखित हेर्दा दिने पदमलाल लावती लिने रामकुमार लावती भई मिति २०४५।१२।१३ मा र.नं. २४८१ को हालैदेखिको बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरेको देखियो। यसबाट मुद्दाको पक्षले पारित लिखतको विषय अर्कै रहेको भनी उल्लेख गर्दैमा सम्बन्धित लिखतमा

उल्लिखित विषयको अस्तित्त्व लोप हुने स्थिति रहँदैन । सम्बन्धित लिखतमा उल्लिखित विषय नै वास्तविक रहेको मान्नु पर्दछ । अतः पुनरावेदन अदालत, इलामले वादी प्रतिवादी बाहेकका तेस्रो पक्षबाट वादीले बकसपत्र पारित गरी प्राप्त गरेको कि.नं. ९६, ९७ र ९८ का जग्गासम्म अंशबन्डाको महलको १८ नं. बमोजिम निजी बन्डा गर्न कर नलाग्ने सम्पत्ति देखिएकोले बन्डा नलाग्ने भनी गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा विपक्षी झिकाउने यस अदालतको आदेशसँग यो इजलास सहमत हुन नसकिने ।

कि.नं. ८, ४१ र ४३ जग्गा दिने रामकुमार लावती लिने चन्द्रमान लावती भई र.नं. ५९३ को बकसपत्रको लिखतबाट हकहस्तान्तरण गरेको देखियो। सो जग्गा वादीले प्रतिवादीलाई हकहस्तान्तरण गरेको अवस्था देखियो। दुवै जना एकै अंशियार भित्रका रहेका र अंशबन्डा नभएको अवस्थामा हकहस्तान्तरण भएको देखियो। यसरी अंशबन्डा नभएको अवस्थामा अंशियारहरूबीच दाबीको जग्गा बकसपत्रको माध्यमबाट लिनुदिनु गरेको कार्यबाट उक्त जग्गाहरूमा जग्गा प्राप्त गर्नेको मात्र एकलौटी हक निहित रहन्छ भनी मान्न मिलेन । त्यस्ता सम्पत्तिमा सबै अंशियारको बराबरी हकनिहित रहन्छ । अतः पुनरावेदन जिकिरको उक्त कि.नं. ८, ४१ र ४३ को वादी रामकुमार लावतीबाट प्रतिवादी चन्द्रमान लावतीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्तिसमेत बन्डा लगाउने गरी भएको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट वादीले कि.नं. ९६, ९७ र ९८ को जग्गा कागज गर्दा राजीनामाबाट भएको भने पनि २०४५।१२।१३ मा पारित लिखत हेर्दा लिखत हालैदेखिको बकसपत्रको देखिएको हुँदा कि.नं. ९६, ९७ र ९८ को जग्गा बन्डा नलाग्ने पुनरावेदन अदालत, इलामको मिति २०७०।१२।१७ को फैसला अंशबन्डाको १८ नं. को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा मिलेकै देखिँदा सो कि.नं. ९६, ९७ र ९८ का जग्गासमेत बन्डा लगाउने सुरू पाँचथर जिल्ला अदालतको फैसला सो हदसम्म बदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।१२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०६५१, जबरजस्ती करणी, *रमेश राई वि. नेपाल सरकार*

प्रतिवादीउपरको किटानी जाहेरी, पीडितको अनुसन्धानको क्रममा भएको कागज, पीडितले घटनाको बारेमा पहिलो पटक जानकारी पाउने पार्वती राईको कागज तथा जाहेरवाला, पीडित र पार्वती राईको बकपत्रसमेतले प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान बेहोरालाई समर्थन गरेको देखिएबाट उल्लिखित कागजातहरू प्रमाण ग्राह्य देखियो । स्वयम् प्रतिवादीले अदालतमा बयान गर्दासमेत अनुसन्धानको क्रममा बयान गर्दा आफूउपर कुटपिट नभएको, आफ्नो मानसिक अवस्थासमेत ठीक भएको भन्ने उल्लेख गर्नु र यसका अलावा वारदातका दिन कृष्ण दर्जीसँग पीडितको घर गएको, त्यसबेला जाहेरवाला र निजकी छोरीसमेत घरमै थिए भनी आरोपित कसुर प्रति इन्कार रहे पनि निजले उक्त बयान बेहोरालाई समर्थित गराउन निजसँग गएका भनिएका कृष्ण दर्जीलाई साक्षीसम्म राख्न सकेको देखिएन । यसरी निजले गरेको इन्कारी बयान प्रमाणमा ग्राह्य देखिएन । अदालतसमक्ष गरेको इन्कारी बयान मात्र आरोपित कसुरबाट उन्मुक्तिको आधार हुन सक्दैन । यसबाट यी पुनरावेदक प्रतिवादीले पीडितलाई निजको घरमा एक्लै भएको मौका पारी जबरजस्ती करणीको आरोपित कसुर गरेको देखिएको हुँदा निजउपर झुठ्ठा आरोप लगाइएको र निजको अदालतको इन्कारी बयानलाई ग्रहण नगरिएको भन्ने पुनरावेदन जिकिर सत्यतामा आधारित नदेखिँदा पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा गर्नपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादीलाई जबरजस्ती करणी महलको १ नं. को कसुरमा ऐ. महलको ३ नं. को देहाय ५ बमोजिम ६ वर्ष कैद र पीडित सुस्त मनस्थितिको भएको हुँदा जबरजस्ती करणी महलको

३क नं. बमोजिम ५ वर्ष कैद गरी जम्मा ११ वर्ष कैद र ऐ. १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू. एकलाख क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई भएको सुरू भोजपुर जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।११।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत्र १३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-११४९, अंश चलन, *बद्रीप्रसाद कट्टेल वि. शकुन्तला कट्टेलसमेत*

वादी प्रतिवादीहरूको नाता सम्बन्ध हेर्दा मूलपुर्खा टंकप्रसाद कट्टेलका ५ भाइ छोरामध्ये बद्रीप्रसाद कट्टेलको दुई पत्नीमा जेठी वादी शकुन्तला कट्टेल तथा कान्छी पत्नी प्रतिवादी राधा पोखरेल (कट्टेल) देखिन्छ । नाता सम्बन्धमा वादी प्रतिवादीबीच विवाद रहेको देखिँदैन। प्रतिवादी मध्येकी राधा पोखरेल कट्टेलले ससुरा टंकप्रसाद कट्टेलबाट मिति २०५८।४।५ मा कि.नं. ७५० को जग्गा प्राप्त गरेको देखि नै अलग बसी खती उपतीसमेत आ-आफ्नो गरी आएकोले अघिनै अंशबन्डा भइसकेको भन्ने जिकिर लिएको सम्बन्धमा हेर्दा निज राधा पोखरेल (कट्टेल) र निजका अन्य अंशियारबीच अंशबन्डा भएको बन्डापत्रको लिखत दाखिल गर्न सकेको देखिएन। प्रतिवादीमध्येका बद्रीप्रसाद कट्टेलले आफूहरू सगोलमा रहेको भनी प्रतिउत्तरमा उल्लेख गरेको देखिन्छ। त्यसै गरी अ.बं. १३९ नं. बमोजिम बुझिएका टंकप्रसाद कट्टेलले बयान गर्दा साहिलो छोरा बद्रीप्रसाद कट्टेलले मात्र अंश लिएको छैन निजको अंश भागको जग्गा मसँग छ भनी उल्लिखित गरेको र मिसिल संलग्न रहेको टंकप्रसाद कट्टेल र निजका श्रीमती छोराबीच भएको अंश भरपाइ लिखतमा बद्रीप्रसाद कट्टेल र मेरोसमेत अंश भाग म पिता टंकप्रसाद कट्टेलकै जिम्मा राखिएको भन्ने बेहोरा उल्लेख भएको पाइयो । यसबाट समेत एकासगोलका ससुराले बुहारीको नाममा जग्गा हक हस्तान्तरण गरेको आधारमा बन्डापत्र भइसकेको भन्न मिल्ने नदेखिने । जहाँसम्म निज राधा पोखरेल (कट्टेल) ले कि.नं. २२० र ३०४ को जग्गा निजी रहेको भन्ने जिकिर लिएका छन सोतर्फ हेर्दा कि.नं. ३०४ को जग्गा दिने राजेश्वरी डंगोल लिने राधा पोखरेल भई मिति २०६६।२।२८ मा र.नं. १७६०९ 'ग' राजीनामाको लिखतबाट हकहस्तान्तरण गरेको देखियो । त्यसैगरी कि.नं. २२० जग्गा दिने तोपा गुरूङ लिने राधा पोखरेल भई मिति २०६६।८।२५ मा र.नं. २६९७ को राजीनामाको लिखतबाट हक हस्तान्तरण गरेको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखियो। उल्लिखित लिखतहरूको कैफियत महलमा कुनै बेहोरा उल्लेख गरेको पाइएन। एकासगोलमा रहे भएको अवस्थामा राजीनामाको माध्यमबाट प्राप्त गरेको दाबीको जग्गालाई पुनरावेदक प्रतिवादी राधा पोखरेल (कट्टेल) को निजी मान्न मिल्ने नदेखिने।

दिने नन्दकुमारी पोखरेल लिने राधा पोखरेल भई मिति २०६६।३।२८ मा र.नं. १८३०७ 'ग' को हालै देखिको बकसपत्रबाट हकहस्तान्तरण गरेको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखियो । लिखतको कैफियत महलमा तिमी मेरो सहोदर छोरीलाई रिझबापत सो जग्गा हालै देखिको बकस गरिदिए भन्ने उल्लेख भएको देखियो । सो जग्गाको दाता नन्दकुमारी यी वादी प्रतिवादीहरूको अंशियारभित्रका व्यक्ति होइनन । यसरी अंशियारबाहेकका अन्य व्यक्तिबाट दान वा बकसको माध्यमबाट प्राप्त सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले अंशियारको निजी ठहरी आफूखुस गर्न पाउने देखियो। यसबाट सो जग्गासमेत बन्डा गरिपाउँ भन्ने यी पुनरावेदक वादी शकुन्तला कट्टेलको जिकिर न्यायसङ्गत देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।७।६ मा भएको फैसलामा कि.नं. २२० को जग्गाबाट बन्डा नलाग्ने ठहऱ्याएको हदसम्म केही उल्टी गरी कि.नं. २२० नं. बाट समेत मूल अंशी टंकप्रसाद कट्टेल र बद्री प्रसाद कट्टेलको २ भाग लगाई बद्रीप्रसाद कट्टेलको १ भागलाई ८ भाग लगाई सोमध्ये २ भाग पुनरावेदक वादीहरूले अंश

पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७१।८।१२ को फैसला मिलकै देखिँदा सदर हुने।
इजलास अधिकृत : टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-००३६, कर्तव्य ज्यान, *सुरेन्द्र सिंह महर वि. नेपाल सरकार*

जाहेरवाला विवस कुमार संजुवाल, घटना विवरणका व्यक्तिहरू हंसराज कुँवर, रामसिंह वडाल, दमनबहादुर बटाला, वस्तुस्थिति मुचल्काका करन सिंह धामीसमेतले अदालतसमक्ष उपस्थित भई अनुसन्धानको क्रममा गरिएको कागजको बेहोरालाई समर्थन गरी गरेको बकपत्रबाट ती कागजातहरूका साथै यी पुनरावेदक प्रतिवादी सुरेश सिंह महरको वारदातमा संलग्नता रहेको तथ्य खुलाएको सहअभियुक्त अमर सिंह महरको अनुसन्धानको क्रममा भएको बयान कागजसमेत प्रमाणको रूपमा ग्राह्य रहेको देखियो । यसबाट यी पुनरावेदक प्रतिवादी सुरेश भन्ने सुरेन्द्र सिंह महर अन्य प्रतिवादीहरूसँग मिली मृतकहरूलाई मार्ने मराउने कार्यमा संलग्न रहेको पुष्टि भएको देखिँदा निजको हकमा निजउपर आरोपित ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।११।३ को फैसलालाई अन्यथा गरिरहन पर्ने नदेखिने।

मृतकहरूले लालसिंह ठगुन्नाको जिम्मा दिएको भारतीय रूपैयाँ वडाल लजका मालिक रामसिंह बडाललाई जिम्मा लगाउने काममा प्रतिवादी रविन भन्ने अमरसिंह महरको भूमिका रहेको, भारत धारचुलाबाट सिल्पिङ टेबलेट ल्याउने काम निरज भन्ने केशव कुँवरले गरेको, फेन्टा ल्याई फेन्टामा स्लिपिङ टेबलेट धुलोपारी राख्ने कामसमेत केशव कुँवरले गरेको भन्ने प्रतिवादी अमरसिंह महरको अनुसन्धानको बयानबाट देखिएको, वारदात पछि मृतकहरूले राख्न दिएको पैसा माग्न प्रतिवादी अमरसिंह महर वडाल लजका मालिकसमक्ष गएको भन्ने सो लजका मालिक रामसिंह बडालले कागज गरेको देखिएको तथा यी प्रतिवादी सुरेश भन्ने सुरेन्द्र सिंह महरले नै ढुंगाले मृतकहरूलाई प्रहार गरी मारेको भन्ने मिसिलबाट नदेखिएको अवस्था हुँदा निज पुनरावेदक प्रतिवादी सुरेश भन्ने सुरेन्द्र सिंह महरको वारदातमा सहायक भूमिका रहेको देखिँदा यी प्रतिवादीले गरेको कसुरको अवस्था हेर्दा मुख्य प्रतिवादी अमर सिंह महरसरह सजाय गर्दा चर्को पर्ने देखिँदा र मुख्य प्रतिवादी भन्दा सहायक प्रतिवादीलाई कम सजाय गर्नु न्यायोचित हुने हुँदा निज प्रतिवादी सुरेश भन्ने सुरेन्द्र सिंह महरलाई कैद वर्ष १२ हुने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम सजाय हुने।
इजलास अधिकृत: टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०९२९, घरमा आगो लगाएको, *नेपाल सरकार वि. बालीबहादुर थापा मगर*

वादी पक्षका साक्षीहरूबाट प्रतिवादी र जाहेरवालीको श्रीमान् बीच झगडा भएको र सो झगडापछि जाहेरवालीको घरमा आगो लागेकोले प्रतिवादी बाली थापा मगरले नै आगो लगाएको हुनुपर्दछ भनी शङ्का र अनुमानको आधारमा प्रतिवादीलाई पोल गरेको अवस्था देखिन आयो। प्रतिवादीले नै जाहेरवालीको घरमा आगो लगाएको देख्ने प्रत्यक्षदर्शी कोही रहे भएको देखिँदैन। उक्त समयमा यी प्रतिवादी जाहेरवालाको घरमा गएको वा आगो लागी सकेपछि फर्केको देख्ने साक्षीहरू समेत कोही रहेको देखिएन। यी प्रतिवादीले नै उक्त कसुर गरेको भन्ने कुनै विश्वसनिय सबुद प्रमाण वादी पक्षले दिन गुजार्न सकेको देखिँदैन । प्रत्यक्ष सबुद प्रमाणको अभावमा अनुमान र शङ्काको आधारमा व्यक्त गरिएका कुराहरूले अकाट्य प्रमाणको स्थान लिन नसक्ने। जाहेरवालीको श्रीमान् तथा प्रतिवादीबीच झगडा हुनु एउटा घटना हो र जाहेरवालीको

घरमा आगो लगाउनु फरक घटना हो । यी दुई घटनाबीच तादात्म्यता रहेको देखिने कुनै आधार प्रमाण नभएसम्म अघिल्लो घटनाको कारण नै पछिल्लो घटना भएको हो भनी किटानी साथ भन्न सकिने अवस्था रहँदैन । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबितीलाई पुष्टि गर्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती अन्य स्वतन्त्र तथा भरपर्दो प्रमाणहरूबाट समर्थित नभएसम्म कसुर प्रमाणित हुने निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

प्रतिवादी बाली थापामगरले नै जाहेरवालीको घरमा आगो लगाएको पुष्टि हुने ठोस एवम् तथ्ययुक्त प्रमाण वादीबाट पेस हुन सकेको नदेखिँदा केबल शङ्का र अनुमानको आधारमा व्यक्त भएको कथन तथा अनुसन्धान अधिकारीसमक्ष भएको प्रतिवादीको बयानको आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

तसर्थ उल्लिखित आधार प्रमाणबाट सुरू फैसला उल्टी गरी प्रतिवादी बालीबहादुर थापामगरले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०६४८, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. सुर्वण थापा*

संस्थाको रकम हिनामिना गरेको भनी जुन मितिमा प्रतिवादीलाई कामबाट निष्कासन गरी भाखाको तमसुक गराइएको हो सोही मितिमा नै प्रतिवादीलाई विश्वास गरी वैदेशिक रोजगारको लागि जाहेरवालाले दश लाख रूपैयाँ निज प्रतिवादीलाई दिए होलान् भन्ने कुरा विश्वसनीय देखिँदैन । उक्त दाबीको लिखतमा कुनै साक्षीसमेत राखेको अवस्था नहुँदा सो लिखतको बेहोरा थप शङ्कास्पद देखिन आयो । अर्कोतर्फ संस्थाको सञ्चालक तथा अध्यक्षको हैसियतमा रहेका जाहेरवालालाई आफ्नै संस्थामा सामान्य कर्मचारीको रूपमा काम गर्ने प्रतिवादीले वैदेशिक रोजगारीको लागि अमेरिका पठाउन सक्ने कुनै आधार, कारण तथा हैसियतसमेत जाहेरवालाले प्रस्तुत गर्न सकेको देखिएन । यसबाट प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारको लागि दाबीको रकम लिएको भन्ने तथ्य नै पत्यारलायक नदेखिने ।

तसर्थ उपर्युक्तबमोजिम विवेचित आधार प्रमाणबाट प्रतिवादी सुवर्ण थापा विनर बचत तथा ऋण सहकारी संस्थाको सामान्य कर्मचारी र जाहेरवाला उक्त संस्थाको अध्यक्ष रहेको र निज प्रतिवादीले रकम मासेको भनी रकम असुल गर्न तमसुकसमेत गराएको तथा प्रतिवादीलाई मिति २०६०।४।२० मा संस्थाबाट निष्कासन गर्ने र सोही मितिमा अमेरिका पठाउन भनी जाहेरवाला अध्यक्षले प्रतिवादीलाई रू.१०,००,०००।– (दश लाख) दिएको भन्ने विश्वासप्रद नदेखिएकोले प्रतिवादी सुवर्ण थापाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई मिति २०६९।६।१ मा वैदेशिक रोजगार न्यायाधीकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०४३०, उत्प्रेषण, *देशमन वैद्य वि. काठमाडौं महानगरपालिका वडा नं.३४ वडा कार्यालयसमेत*

ए वन सेभिङ एण्ड क्रेडिट सहकारी लिमिटेडले कि.नं. ३६३ को मिति २०६५।१।१८ मा धितो लिलाम गरी स्वयम् उक्त सहकारीले नै सकार गरेको देखिन्छ । सो धितो लिलामका सम्बन्धमा निवेदक वादी र प्रत्यर्थीहरू विपक्षी भई चलेका जालसाजी ०७०-RE-०१८८ र लिलाम बदर ०७०-RI-०१८६ मुद्दाहरूमा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरी सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ । प्रत्यर्थीहरू रामस्वरूप प्रधान र मंगलमान प्रधानको नाउँमा उक्त विवादित कि.नं.का घर जग्गा दर्ता कायम रहेको देखिएता पनि हक बेहकको

विवादको विषयमा चलेका मुद्दाको अन्तिम टुङ्गो लागेको देखिँदैन । अदालतमा विचाराधीन मुद्दा किनारा लाग्दाका बखत विवादित विषयको निरूपण हुन सक्नेनै हुँदा फैसला अन्तिम नभइसकेको अवस्थामा समेत निवेदक बसेको घरजग्गा खाली गराउन भनी प्रत्यर्थीहरू मध्येको काठमाडौं महानगरपालिका वडा नं. ३४ कार्यालयबाट निवेदकका पिता महेश्वरमान वैद्यको नाउँमा जारी भएको च.नं. ९३६ मिति २०७३।८।२ को पत्र फैसला अन्तिमताको सिद्धान्तको आधारमा उपयुक्त नदेखिँदा उक्त पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७२-CR-१३५२, नियुक्ति प्रयोजनको लागि नक्कली एवम् झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *नारायणप्रसाद रिजाल वि. नेपाल सरकार*

विवादित प्रमाणपत्र नियुक्तिका लागि पेस नगरेको र बढुवा नभएको तथा कुनै लाभको पद नलिएको अवस्थामा सफाइ पाउनु पर्ने भन्ने जिकिरतर्फ विचार गर्दा विवादित शैक्षिक योग्यताको प्रमाणपत्र आफूले पेस गरेकोमा अनुसन्धानको क्रममा साबिती रही अदालतमा समेत उक्त बयानलाई समर्थन गरी आफूले नचिनेको व्यक्तिले दिएको प्रमाणपत्र लिई सो प्रमाणपत्र आफैँले पेस गरेमा साबिती रहेको देखिन्छ । साथै उक्त प्रमाणपत्रको आधिकारिकताको सम्बन्धमा उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमा पठाउँदा सो परिषद्को मिति २०७१।३।९ को पत्रबाट "रजिस्ट्रेसन नं. ६३२७८६१५० भएको विद्यार्थी नारायणप्रसाद रिजालको पेस भएको शैक्षिक प्रमाणपत्र (ट्रान्स्कृप्ट) प्राप्ताङ्क अभिलेख रूजु गर्दा परीक्षा नियन्त्रण कार्यालयको रेकर्डअनुसार हुबहु नभएकोले सोधनी भएको प्रमाणपत्र नक्कली भएको" भन्ने बेहोराको जवाफ प्राप्त भएको देखिएको, पेस भएको प्रमाणपत्र नक्कली भएको बेहोरालाई प्रतिवादीले अन्यथा भन्न सकेकोसमेत नदेखिँदा प्रतिवादीले पेस गरेको उक्त प्रमाणपत्र नक्कली भएको विवादरहित तवरले पुष्टि हुन आउने । प्रस्तुत मुद्दामा गणेश पौडेलले प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था मिलाई दिएको र सो प्रमाणपत्र आफैँले पेस गरेको हो भनी प्रतिवादीले आरोपित कसुर स्वीकार गरिरहेको देखिँदा विवादित प्रमाणपत्र पेस गरी लाभको पद नलिएको अवस्थामा प्रतिवादीले सफाइ पाउनु पर्ने भनी लिएको जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादी माणिकलाल बस्नेत र विपक्षी नेपाल सरकार भएको भ्रष्टाचार नक्कली प्रमाणपत्र ०६८- CR-१२७२ को मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षित हुनपर्ने पुनरावेदन जिकिर र निज तर्फका विद्वान् कानून व्यवसायीको वहस जिकिर भएकोमा सो मुद्दाको तथ्यगत अवस्था र प्रस्तुत मुद्दाको तथ्यगत अवस्था नै फरकफरक रहेकाले सो नजिर यस मुद्दामा आकृष्ट हुन सक्ने समेत नदेखिने ।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादी नारायणप्रसाद रिजालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को कसुर गरेको ठहर गरी सोही ऐनको दफा १६ बमोजिम ६ (छ) महिना कैद रू.१०,०००।- जरिवाना गर्ने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०७२।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७३ साल चैत २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CI-११९६, निषेधाज्ञा, *गोर्खा ब्रुअरी प्रा.लि. वि. आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवन*

निवेदक गोर्खा ब्रुअरी र विपक्षी आन्तरिक राजश्व कार्यालय, भरतपुरसमेत भएको रिट नं.०६७-WO-०९६१ मा यसै अदालतबाट मिति २०७३।१०।१८ गते तामेलीमा राखिदिने आदेश भएको देखिन्छ । मिति २०७२।०६।२९ मा कर फछ्र्यौट आयोग २०७१ र निवेदक श्री गोर्खा ब्रुअरी प्रा.लि. बीच कर बक्यौता फछ्र्यौटसम्बन्धी

फरफारक भइसकेको सम्झौता पत्र मिसिल संलग्न रहेको देखिन्छ । कर फछ्र्यौट आयोग, २०७१ बमोजिम कर फछ्र्यौट भइसकेकोले यस मुद्दाको औचित्य नरहेको र यस निषेधाज्ञा मुद्दा निष्प्रयोजन भइसकेको हुँदा खारेज गरी निवेदन निस्कृय भएमा मन्जुर भई पुनरावेदक पक्ष स्वयंले निवेदन दिएको देखिँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने स्थिति र अवस्था विद्यमान देखिएन । पुनरावेदनको औचित्यसमेत समाप्त भइसकेको देखियो । तसर्थ निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौडाको मिति २०६९।०७।१५ को फैसला सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-०६०५, परमादेश, *बसन्तराज अर्याल वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाडौं*

निवेदक वसन्तराम अर्याल मिति २०५३।१।२३ को निर्णयबाट रा.प.अनं. द्वितीय श्रेणी प्रा. डेन्टल एक्सरे टेक्निसियन पदमा स्थायी नियुक्ति पाएकोमा कै विवाद देखिँदैन । अब निवेदकलाई विपक्षीहरूले हाजिर गर्न दिएको हो वा होइन भन्ने सम्बन्धमा विचार गरी हेर्दा, विपक्षीहरूले निवेदकलाई हाजिर नगर्नु भन्ने बेहोराको कुनै पत्र नदिएको भन्ने जिकिर मात्र आफ्नो लिखित जवाफमा लिएको पाइन्छ । तर, निवेदकलाई हाजिर गर्न दिएको भन्ने कुनै पनि प्रमाण भने पेस गर्न नसकेको र मिसिल संलग्न २०६७ को कर्मचारी हाजिर किताबको प्रतिलिपिबाट पनि निज निवेदकलाई मिति २०६७।१०।४ देखि हाजिर गर्न नदिएको भन्ने देखियो । रिट निवेदक वसन्तराम अर्यालको मिति २०७४।५।९ मा मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न मृत्यु दर्ताको प्रमाणपत्रबाट देखियो । तर, निजले मिति २०७४।५।८ सम्म कानूनबमोजिम पाउने सेवा सुविधा पाउन सक्ने नै देखिने ।

अतः रिट निवेदकको मृत्यु भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

इति संवत् २०७४ साल असोज २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०७३२, ०७१-CR-०७३६, ०७१-CR-०७९ र ०७१-CR-००९८, कर्तव्य ज्यान, *होमबहादुर सुनार वि. नेपाल सरकार, प्रकाश सुनार वि. नेपाल सरकार, खगेन्द्रबहादुर क्षेत्री वि. नेपाल सरकार* र *नेपाल सरकार वि. राजु बुढामगर*

प्रतिवादीहरू होमबहादुर सुनार, प्रकाश सुनार, खगेन्द्रबहादुर क्षेत्री र राजु बुढामगर र मृतक एकै गाउँ ठाउँका पूर्वपरिचित रहेका र मृतक र प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारबीच यसअघि पनि झैझगडा भई हात हालाहाल भएको मिसिलबाट खुल्न आएको देखिँदा मृतकसँग पूर्वरिसइवी नरहेको भनी प्रतिवादीहरूले लिएको जिकिर खम्बीर हुन सक्ने देखिएन । मृतकको घाँटी रेट्न प्रयोग भएको भनिएको बरामद हुन आएको चक्कु तथा मृतकलाई पुर्न खाल्टो खन्न प्रयोग भएको भनिएको कोदालोसमेत यी प्रतिवादी मनोज भन्ने होमबहादुरले ल्याएको भन्ने देखिँदा मृतकलाई कर्तव्य गरी मार्नमा यी प्रतिवादीको संलग्नता रहेको पुष्टि हुने ।

माथि उल्लिखित तथ्य एवम् आधार कारणहरूबाट प्रतिवादी राजु बुढामगरको पनि हत्याको घटना वारदातमा संग्लनता रहेको पुष्टि भइरहेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरी भएको पुनराबेदन अदालत, बुटवलको फैसला साधकको रोहमा हेर्दा मिलेकै देखिने ।

सुरू अदालतले जन्मकैदको सजाय गरी हामी प्रतिवादीहरू प्रकाश सुनार, कमल भन्ने खगेन्द्र क्षेत्रीको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्न मनासिब हुने भनी व्यक्त गरिएको राय बदर

गरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा प्रतिवादीहरूको आक्रमणबाट भागी रूख चढी लुकी बसेका मृतकलाई रूखबाट तानी कुट्दै पिट्दै थेचार्दै घोलको पानीमा फाली मृतकले पानी पानी भनी जीवनरक्षाको याचना गरेको अवस्थामा समेत यी प्रतिवादीहरू प्रकाश सुनार, होमबहादुर सुनार, राजु बुढामगरसमेतले मृतकको मुखमा पिसाब फेरिदिएको निजलाई पानीको घोलमा फाल्दा पनि नमरेको हुँदा पुनः घोलबाट निकाली निज मृतकको हात पछाडि लगी बाँधी, खाल्टो खनी घाँटी काटी पुरिदिएको भन्ने यी प्रतिवादीहरू समेतको मौकाको बयान समेतलाई हेर्दा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले मृतकलाई क्रूरतापुर्वक अमानवीय ढंगबाट कर्तव्य गरी मारेको देखिन आउने।

अत: माथि उल्लिखित तथ्य आधार कारण एवम् कानूनी व्यवस्थासमेतबाट प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद एवम् प्रतिवादीहरू कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री, प्रकाश सुनारलाई सोही महलको १३(३) नं. बमोजिम जन्मकैद तथा प्रतिवादीहरू विवेक राना, मैते भन्ने रेकी गुरूङ, विष्णु मगर भन्ने विष्णुबहादुर मगरलाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०६९।३।१४ मा तथा प्रतिवादी राजेश श्रेष्ठलाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०६९।८।२० मा भएको सुरू फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई प्रतिवादीहरू कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री तथा प्रकाश सुनारलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैदको राय लगाउने गरी गरिएको ठहर मुनासिब नदेखिँदा सो हदसम्म बदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

साथै सोही अदालतबाट सोही मितिमा प्रतिवादी राजु बुढामगरलाई अ.बं. १८८ नं. बमोजिमको १०(दश) वर्ष कैद हुने सुरू अदालतको राय बदर गरी अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरेको फैसलासमेत साधकको रोहमा मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-१२९६, उत्प्रेषण / परमादेश, *केशरी ब्रह्मरत्न प्रजापति वि. मालपोत कार्यालय, भक्तपुर मुकाम जगाती*

मिति २०२६।६।१३ मा राजपत्रमा प्रकाशित सूचनामा राजदरबारबाट फर्मायसी विर्तालगायतका जग्गाहरूको आयस्ता आ.व. ०२६/२७ देखि परित्याग गरिसकेको देखिन्छ। साथै फर्मायसी विर्ताको रैकरसरहको तिरो तिर्ने गरी साबिक दर्तावाला मोहीलाई जग्गावाला कायम गरी यसको सालबसाली आयस्ता श्री ५ को सरकारको सर्वसञ्चित कोषमा जम्मा गर्न लगाउने उल्लेख छ। यस्तो अवस्थामा मालपोत कार्यालयले श्री ५ को सेवा विर्ताको जग्गा भनी मिति २०६८।३।९ को निर्णय आदेशमा लिएको जिकिर कुनै वस्तुनिष्ठ प्रमाणमा आधारित देखिन नआउने।

निवेदकले दाबी गरेको जग्गा निजकै हकभोग र स्वामित्वमा रहेको कुरामा विवाद छैन। उक्त जग्गा हालसम्म रोक्का राख्नुको पछाडि श्री ५ को सेवा विर्ताभित्रको जग्गा भन्ने एकमात्र कारण उल्लेख हुनुबाहेक अन्य कुनै कानूनी र वस्तुनिष्ठ आधार नदेखिने।

मालपोत कार्यालयले जग्गा रोक्काको आधारको रूपमा उल्लेख गरेको भूमि प्रशासन कार्यालयको मिति २०२६।१०।३ को निर्णय यसै अदालतको मिति २०२८।५।७ को उत्प्रेषण आदेशद्वारा बदर भइसकेको अवस्था मिसिलबाट देखिनुका साथै निवेदकको जग्गा रोक्का राख्दा निवेदकलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी रोक्का राखेको देखिँदा निवेदकको जग्गाधनी दर्ता स्रेस्ताभित्रको भई निरन्तर हकभोग र चलनमा रहेको जग्गा अनन्तकालसम्म रोक्का राख्नुपर्ने कानूनी आधार र औचित्य नदेखिने।

अतः मालपोत कार्यालय, भक्तपुरले निवेदकको दर्ता, हकभोगको जग्गा रोक्का फुकुवा नगर्ने गरी बिनाकानूनी

आधार मिति २०६८।३।९ मा गरेको आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । फुकुवा नगर्ने आदेश बदर भएको हुँदा अब निवेदकको मागबमोजिम फुकुवातर्फ आवश्यक कारवाही गरी निर्णय गर्नु भनी मालपोत कार्यालय, भक्तपुरको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७४-CR-०४१८, कर्तव्य ज्यान, *ईन्द्रा राई वि. नेपाल सरकार*

मैले जिउँदै जन्मेको बच्चालाई खाडल खनी पुरी मारेको होइन भन्दै आरोपित कसुरमा प्रतिवादी ईन्द्रा राईले अदालतसमक्ष बयान गर्दा इन्कार रहे पनि अनुसन्धानका क्रममा लोकलाजबाट बच्नको लागि घरमाथि मकैबारीमा खाल्डो खनी जिउँदै पुरी घर फर्की आएकोमा मिति २०७३।२।१७ गते कुखुराले सो ठाउँमा खोस्रिएको कारण त्यहाँ झिँगा भन्केको गाउँलेहरूले देखी बच्चा भेटाई प्रहरीलाई खबर गरेको हो भनी उल्लेख गरिएको देखिएको हुँदा निजले गरेको सो बयान बेहोरालाई शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा तथा शव परीक्षण गर्ने डाक्टरहरूको बकपत्रबाट समर्थित भइरहेको देखिएकोले यिनै प्रतिवादी ईन्द्रा राईको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भन्ने कुरा स्थापित भइरहेको देखिन आएकोले निज प्रतिवादी ईन्द्रा राईलाई आरोपित कसुर गरेको ठहर गरी सजाय गरेको सुरू भोजपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादीहरू ईन्द्रा राई र बालजित राईको अवैध सम्बन्धबाट छोरी जातको बच्चाको जन्म भएको अवस्था हुँदा निज प्रतिवादी ईन्द्रा राईले सो कुरालाई समाजबाट लुकाउनको लागी तत्कालै त्यो बच्चालाई खाल्टो खनी पुरिदिने निचोडमा पुगेको देखिन आएको छ । यी प्रतिवादीले उक्त घटनालाई स्वीकार गर्दै अनुसन्धानको क्रममा नै बयान गरेको र आफैँले खाल्टो खनी पुरेको तथ्यमा साबित भई अदालतसमक्ष बयान गरेको देखिएको छ । अवैध रूपमा रहेको आफ्नो गर्भलाई निश्चित समयावधि भित्र तुहाउन सकिने विकल्पहरू हुँदाहुँदै पनि अज्ञानताको कारण यी प्रतिवादीले सो नगरेकोबाट पनि निजको चेतनाको स्तर कम रहेको देखिन आएको छ । लोकलाजबाट बच्नको लागि आफैँले जन्माएको जिउँदो बच्चालाई खाल्डो खनी गाडेको कारणबाट उक्त नवजात शिशुको मृत्यु भएको देखिएको र लास प्रकृति मुचुल्का समेतबाट मृतकको शरीरमा विभिन्न घाउचोटहरू नदेखिई माटोमा गाडेको कारण शरीर decompose भई मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन आएको अवस्थासमेतलाई विचार गर्दा र घटनामा संलग्नता भएको कुरालाई स्वीकार्दै प्रतिवादीले बयान गरेको देखिँदा प्रतिवादी ईन्द्रा राईलाई अ.बं. १८८ नं. बमोजिम कम सजाय कैद वर्ष ५ तोकी राय जाहेर गरेको भए पनि माथि उल्लेख भएको अवस्था र स्थितिसमेतलाई विचार गर्दा यी प्रतिवादी ईन्द्रा राईलाई ३ (तीन) वर्ष कैद तोक्दा पनि न्यायको मक्सद पुरा हुने नै देखिएकोले यी प्रतिवादी ईन्द्रा राईलाई ३ (तीन) वर्ष कैद सजाय हुन मनासिब देखिन आउने ।

अतः माथि विवेचना गरिएको आधार, कारण र प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी ईन्द्रा राईको हकमा अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुन छुट्टै रायसहितको सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७३।७।५ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।२।३ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने । पुनरावेदक प्रतिवादीको पति रोजगारीको सिलसिलामा विदेश भारतमा रहेको र आफ्नो पति तथा ससुरासमेतउपर अंश मुद्दा गरी आफ्ना २ वटा बालबच्चाहरूको लालन पालनसमेत आफैँ एक्लै गरी आएको अवस्थामा आफूले बोकेको अवैध गर्भबाट जन्मिएका सन्तानको कारण सामाजिकरूपमा तिरस्कारको अवस्थाबाट बच्ने मनसायले नै उक्त अपराध गरेको

वास्तविक तथ्यलाई स्वीकार गरी न्यायिक कार्यमा सहयोग पुऱ्याएको देखिँदा यी प्रतिवादी ईन्द्रा राईलाई कैद ३(तीन) वर्ष कैद सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने नै देखिँदा उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।२।३ मा फैसला गर्दा व्यक्त गरिएको उक्त ५ वर्ष कैद सजायको रायको हदसम्मलाई परिवर्तन गरी ३ (तीन) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-०७९५, उत्प्रेषण / परमादेश, *चन्देश्वर साह सुडी वि. मालपोत कार्यालय, जलेश्वरसमेत*

विवादित कित्ता नं. ९३ र १९ को आफ्नो हजुरबुबाको नामको जग्गा निवेदकको जोतभोगको पैतृक सम्पत्तिलाई गुठी कार्यालयको नाममा दर्ता गर्ने गरी भएको मालपोत कार्यालय, महोत्तरीको उक्त मिति २०४४।५।२३ को निर्णय बदर गरी विवादित जग्गा निवेदकका नाममा दर्ता गर्ने आदेश गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदनको मुख्य जिकिरतर्फ विचार गर्दा, एकातिर मालपोत कार्यालयको निर्णयउपर करिब २५ वर्षभन्दा बढी समयपछि विलम्ब गरी प्रस्तुत रिट निवेदन परेको अवस्था देखिन्छ भने मिसिल संलग्न कागजातबाट निवेदकले विवादित कित्ता नं. ९३ र १९ को जग्गा आफ्नो पैतृक भएको भन्ने दाबी लिए तापनि निजले जग्गा नापँजाँच ऐन, २०१९ बमोजिमका कार्यविधि पूरा गरी उक्त विवादित कित्ता नं. को जग्गा आफ्ना नाममा नाप नक्सा गराई सोको जग्गाधनी प्रमाण पुर्जा पेस गर्न सकेको स्थिति देखिँदैन । निवेदकको दाबीको जग्गामा निज आफू जग्गाधनी भएको सबुद प्रमाण पेस गर्न सकेको देखिँदैन । फिल्डबुकको जोताहा महलमा लक्ष्मी शाह सुडी भनी उल्लेख गरिएको भए तापनि सोही आधारमा मात्र निज रिट निवेदकका हजुरबुबा जग्गाधनी एवम् मोहीको हैसियतका व्यक्ति रहेछन् भनी निष्कर्ष निकाल्न नमिल्ने ।

आफ्नो हक अधिकारप्रति सदैव सजग र सचेत रहनु सम्बन्धित व्यक्तिको दायित्व हुने गर्दछ । विधिशास्त्रीय जगतमा आफ्नो हक अधिकारमा सचेत नरही सुतेर बस्ने व्यक्ति वा निकायलाई कानूनले पनि सहयोग गर्न सक्दैन भन्ने विलम्बको सिद्धान्त (Principle of Laches) प्रचलित छ । नापी भएको मितिले करिव ४५ वर्षपछि र गुठीको नाममा दर्ता गर्ने निर्णय भएको मितिले करिब २५ वर्षको लामो अन्तरालपछि पर्न आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकलाई आफ्नो हक प्रचलनको लागि अदालतको ढोका जहिलेसुकै पनि खुल्ला रहनुपर्ने भन्ने रिट निवेदकको भनाई उल्लिखित कानूनी सिद्धान्तको रोहबाट समेत मनासिब नदेखिने ।

निवेदकले विपक्षी मालपोत कार्यालय, जलेश्वरले मुलुकी ऐन, जग्गा पजनीको महलको २(क) नं. बमोजिम लाग्ने दस्तुर आफूबाट लिई हजुरबुबाको नाउँमा दर्ता रहेको जग्गा आफ्नो नाउँमा दर्ता गर्नुपर्नेमा सो नगरी गुठी संस्थान शाखा कार्यालय, जलेश्वरको नाउँमा दर्ता गर्ने गरेको निर्णय मिलेन भन्ने सम्बन्धमा हेर्दा, मुलुकी ऐन, जग्गा पजनीको महलको २(क) नं. मा, "आफ्ना हक हुन आई दाखिल खारिज गर्नुपर्ने भएको र दर्तावाला मरी हकवालाको नाममा सार्नेमा समेत पैंतीस दिनभित्र रैतीले तालुकदार कहाँ गई दाखिल खारेज गराई आफ्नो नाममा दर्ता गराउनुपर्छ । सो बमोजिम दाखिल खारेज गराउन आएमा तालुकदारले पनि दाखिल खारेज गरी त्यसको निस्सा रैतीलाई दिनुपर्छ । सोबमोजिम तालुकदारले दाखिल खारेज गरी नदिएमा कलम पिच्छे पाचँ रूपैयाँ जरिवाना गरी माल अड्डाले दाखिल खारेज गर्नु गराई दिनुपर्छ" भन्ने कानूनी प्रावधान रहेको छ । कानूनबमोजिमको दर्ता, हकभोग, जोतपोत रहेको व्यक्तिको निजी जग्गाको प्रमाण भएमा मात्र यो व्यवस्थाबमोजिमको काम कारवाही आकर्षित हुने हो । जग्गाको दर्ता प्रमाण पुर्जा गुठीको नाममा रहेको र सो जग्गा रिट निवेदकको पैतृक सम्पत्ति भएकोले निवेदकको नाममा दर्ता गरिदिने सम्बन्धको प्रस्तुत रिट निवेदनमा विवादित कित्ता नं. का जग्गाहरू व्यक्तिको नाममा दर्ता हुने यथेष्ट प्रमाणको अभाव देखिएको स्थितिमा निवेदकले उल्लेख गरेको प्रस्तुत कानूनी व्यवस्था यस मुद्दामा आकर्षित नहुने ।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणहरूको विवेचनाबाट विवादित कित्ता नं. १९ र

९३ को जग्गा निवेदकको हकभोगको, पैतृक सम्पत्ति हो भन्ने दाबी भए तापनि रिट निवेदकले सो जग्गा आफ्नो भएको साबिक लगत तिरो तिरेको रसिदका प्रमाण पेस गर्न नसकेको अवस्था, मालपोत कार्यालय, महोत्तरीको मिति २०४४।५।२३ मा भएको निर्णयउपर करिब २५ वर्षपछि पर्न आएको रिट निवेदन, प्रतिवादमा परेका विपक्षीको लिखित जवाफलाई निवेदकले अन्यथा हो भन्न नसकेको स्थिति, विवादित कित्ता जग्गामा निज रिट निवेदकको हजुरबुबा जोताहासम्म रहे भएको कुरा देखिए तापनि निज नै सो जग्गाको जग्गाधनी एवम् मोही भएको भन्ने प्रमाणको अभाव रहेको प्रस्तुत मुद्दामा विपक्षीहरूको के कुन काम कारवाहीबाट आफ्नो कानूनी एवम् संवैधानिक हक हनन् हुन गयो भन्ने निवेदन दाबी सबुद प्रमाणबाट पुष्टि गर्न नसकेको स्थितिमा विपक्षीहरूको काम कारवाहीबाट रिट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-११५५, उत्प्रेषण, *ध्रुवप्रसाद रिजाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ११(१)(क) मा बोलपत्रद्वारा खरीद गर्नुपर्दा "पूर्वयोग्यता निर्धारण गरी खुल्ला रूपमा बोलपत्र आह्वान गर्न सकिने" भन्ने कानूनी व्यवस्था रहेको छ भने सोही ऐनको दफा ४७(१) मा "सार्वजनिक निकायले खरीद कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो त्रुटि वा निर्णयको पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुखसमक्ष निवेदन दिन सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस व्यवस्थालाई प्रस्तुत मुद्दाको सन्दर्भमा विश्लेषण गर्दा, विपक्षी नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ परिषद् संयुक्त भवन निर्माण समितिले सम्पूर्ण निर्माण व्यवसायीहरूको पूर्वयोग्यता निर्धारण गरी योग्य निर्माण व्यवसायी छनौट गर्न खुला रूपमा बोलपत्र आह्वान गर्न सक्ने नै देखिन्छ भने निज विपक्षीहरूले खरीद कामकारवाही वा निर्णय गर्दा त्रुटिपूर्ण हुन गएमा सो निर्णयउपर पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुखसमक्ष निवेदन दिन सक्ने भन्ने कानूनी व्यवस्था देखिन्छ भने निज विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सो प्रक्रियाको त्रुटिबारे छानबिन गर्ने अख्तियारी प्रदान भएको नदेखिने।

कानूनी शासनको लागि क्षेत्राधिकार एक प्रमुख अपरिहार्य तत्त्व मानिन्छ। कानूनद्वारा निर्दिष्ट अधिकारको प्रयोग भए गरेको अवस्थाबाहेक अधिकारक्षेत्रको अभावमा भए गरेका सम्पूर्ण कामकारवाही स्वतः बदर हुन पुग्दछन्। प्रस्तुत रिट निवेदनमा बोलपत्र खरीदका लागि पूर्वयोग्यता निर्धारण गर्न सक्ने र सोसम्बन्धी विषयमा चित्त नबुझे उजुरी लिने, निर्णय, निर्देशन गर्नेलगायतका अधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको भन्ने देखिँदैन, न कि निज विपक्षीले फिराएको लिखित जवाफमा रिट निवेदकको कम्पनीले के अनियमितता एवम् अनुचित कार्य गरेको थियो र आफ्नो कुन कानूनबमोजिमले प्रत्यायोजन गरेको अधिकारक्षेत्र आकर्षित हुने हो सो सम्बन्धमा स्पष्ट आधार र कानूनी आधार दिएको नदेखिने।

यसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट रिट निवेदक कम्पनीले विपक्षी संयुक्त भवन निर्माण समितिले सूचना प्रकाशन गरी तोकिएका आवश्यक शर्तहरू पूरा गरी निज निवेदकसमेतको कम्पनी (निर्माण व्यवसायी) छनौट भइसकेको स्थितिमा अधिकारक्षेत्रबाहिर गई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णयबाट निवेदकको व्यवसाय गर्ने हक लगायतका संवैधानिक हकहरूमा समेत आघात पर्न गएको देखिएकोले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।१२।२७ को निर्णय र सो निर्णयलाई कार्यान्वयन गर्ने सम्बन्धमा भनी च.नं. १७५०, मिति २०७०।१।२ मा

भएको पत्राचार एवम् सोको आधारमा भए गरेका सम्पूर्ण काम कारवाही उपर्युक्त विवेचित आधारहरूबाट अधिकार क्षेत्रात्मक त्रुटि तथा संवैधानिक व्यवस्थाविपरीत भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने । रिट निवेदकले विपक्षी नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ परिषद् संयुक्त भवन निर्माण समिति, काठमाडौंले बढाएको बोलपत्रको पूर्वयोग्यता लगायतका प्रक्रिया अगाडि बढाउनु भनी निज विपक्षीहरूको नाममा परमादेशसमेतको माग गरेको सम्बन्धमा हाल प्रस्तुत विवादको बोलपत्र ठेक्कापट्टासमेतका कार्य निरूपण भई भवन निर्माण कार्य सु-सम्पन्न भई सम्बन्धित पक्षलाई हस्तान्तरणसमेत भइसकेको भन्ने बहसका क्रममा दुवै पक्षका कानून व्यवसायीबाट जानकारी हुन आएकोले विपक्षीहरूको नाममा परमादेश आदेश जारी गर्नुको औचित्य नदेखिने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मंजिता ढुङ्गाना

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०४०२, कर्तव्य ज्यान, *गंगाबहादुर पुलामीमगर वि. नेपाल सरकार*

मुलुकी ऐन, दण्ड सजायको १ नं. हेर्दा "कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खतबात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्तैन" भन्ने व्यवस्था रहेको छ । आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा प्रतिवादी थियो भन्ने कुरा कुनै पनि आधार र प्रमाणबाट पुष्टि नभएकाले प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा कसैको ज्यानै लिने गरी वारदात घटाएपछि सो वारदात आफूले बेहोशीमा घटाएको कारण आफू निर्दोष रहेको जिकिर पेस गर्दैमा कोही पनि निर्दोष साबित हुन सक्दैन । यदि दिमाग नै ठिक नभएको हो भने स्वास्थ्य परीक्षण रिपोर्टमा पनि निजको दिमाग ठिक छैन भन्ने प्रतिवेदन आउनु पर्ने र आफूलाई चिन्ने मानिसहरू जसले प्रहरीमा आई कागज गरेका छन् उनीहरूले पनि प्रतिवादीको दिमागी हालत ठिक छैन भन्न सकेको नपाइने ।

तसर्थ प्रतिवादी गंगाबहादुर पुलामी मगरलाई सुरू जिल्ला अदालतबाट मिति २०७०।९।१७ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को दफा १ बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसलालाई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७१।८।१५ मा सदर हुने ठहर गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०१४१, बहुविवाह, *नेपाल सरकार वि. विनोज कार्कीसमेत*

प्रतिवादी विनोज कार्कीका ३ जना श्रीमतीहरू निजको घरमा एकासगोलमा नबसी अन्यत्र छुट्टै बस्ने गरेको र घरमा रहेको प्रतिवादीका वृद्धा अवस्थाका आमा तथा प्रतिवादीलाई हेरचाह गर्ने, खाना पकाउने तथा घरको हेर विचार गर्ने व्यक्ति कोही नभएको अवस्थामा यी प्रतिवादीले अर्का प्रतिवादी कुमारी बस्नेतसँग मिति २०६८।११।२४ मा मागी विवाह गरेको भन्ने तथ्य मिसिल सामेल रहेको कागजातहरूबाट पुष्टि भइराखेकोले यी प्रतिवादी विनोज कार्कीले मुलुकी ऐन, विहावारीको महलको ९ नं. विपरीतको कसुर गरेको भनी पुष्टि हुन नआउने ।

प्रतिवादी कुमारी कार्की (बस्नेत) ले मेरो श्रीमतीसँग सम्बन्ध विच्छेद भइसकेको छ भनी मलाई ढाँटी, छली मेरो श्रीमान विनोज कार्कीले मलाई २०६८।११।२४ गते मेरै माइती घरमा विवाह गर्नु भएको भनी यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइन्छ भने निजले सोही बेहोरा उल्लेख गरी ओखलढुङ्गा जिल्ला अदालतमा फौ.न. ०१९९ को सम्बन्ध विच्छेद मुद्दाको फिरादपत्र दर्ता गराई सोही कारण देखाई सम्बन्ध विच्छेद हुने गरी ओखलढुङ्गा जिल्ला

अदालतमा मिति २०६९।५।३ मा मिलापत्रसमेत गरेको देखिँदा निज प्रतिवादी कुमारी कार्की (बस्नेत) ले अर्का प्रतिवादी विनोज कार्कीका आफ्ना श्रीमतीहरूसँग सम्बन्ध विच्छेद भएको छैन भनी जानी जानी विवाह गरेको हो भन्ने तथ्य पुष्टि हुन नसक्दा पुनरावेदक वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित कारणहरूको आधारमा यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०६९।०६।११मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।९।२९ मा भएको फैसला मिलैको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-WO-०१३१, उत्प्रेषण, *ल्हाक्पा सोनाम शेर्पा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग सार्वजनिक पद धारण गरेका व्यक्तिहरूद्वारा हुने अधिकारको दुरूपयोग नियन्त्रण गर्नको लागि स्थापित संवैधानिक निकाय हो। देशमा सुशासन कायम गर्नको लागि स्थापित उक्त आयोगले संविधान तथा कानूनले निर्धारण गरेको क्षेत्राधिकारभित्र रही आफ्नो अधिकारको प्रयोग गर्नुपर्ने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरूपयोग गरेमा आयोगले यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारवाही गर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । साथै अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगले यस ऐनअन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारवाही गर्ने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । उक्त आयोगलाई कुनै व्यक्तिको अचल सम्पत्तिमाथिको हक बेहकको सम्बन्धमा निर्णय गर्ने अधिकार प्रचलित कानूनले प्रदान गरेको नदेखिने । विवादित जग्गा नेपाल सरकारको हो वा निजी व्यक्तिको हो भन्ने विषय न्यायिक निरूपणको विषय हो। यस अदालतबाट यी निवेदकहरूले दायर गरेको पूर्वरिट निवेदनमा रिसोर्ट निर्माणको कार्य नरोक्नु भनी अन्तरिम आदेशसमेत जारी भएपश्चात् सो रिसोर्ट निर्माणको कार्य सम्पन्न भई सञ्चालनसमेत भएको अवस्था छ। विवादित जग्गा नेपाल सरकारको स्वामित्त्वको हो वा निजी स्वामित्त्वको हो भन्ने हककायम तर्फको विवाद सिर्जना भएको सो सम्बन्धमा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियमित अदालतमा नालिस गरी विवादको निरूपण गर्नुपर्ने हुन्छ । कानूनबमोजिमको प्रक्रिया अवलम्बन नगरी अख्तियार दुरूपयोग सम्बन्धमा अनुसन्धान तथा अभियोजनको मात्र अधिकार भएको निकायबाट व्यक्तिको नाममा रहेको जग्गाको दर्ता बदर गर्ने सम्बन्धमा भएको निर्णय तथा सो निर्णयका आधारमा भएका अन्य निर्णय तथा पत्राचारहरू समेत संविधान तथा कानूनअनुकूल भएको मान्न नसकिने।

मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) मा "कसैले यो दफा प्रारम्भ हुनु अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ । त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। यही कानूनी व्यवस्थाको आधारमा निवेदकको नामको जग्गा बदर गर्ने गरी विपक्षी निकायहरूबाट निर्णयसमेत भएको देखिन्छ । तर कुनै जग्गाधनीले साधिकार निकायबाट नै जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको छ र उक्त जग्गा सार्वजनिक, सरकारी वा निजी के हो भन्ने विवाद उत्पन्न भएको अवस्थामा आवश्यक प्रमाण बुझी न्यायिक निरूपण गर्नुपर्ने हुन्छ। यस्तो न्यायिक निरूपणको विषयमा अधिकार क्षेत्रविहीन निकायबाट भएका निर्णय तथा पत्राचारहरूले कानूनी मान्यता पाउन नसक्ने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार प्रमाणबाट निवेदन दाबीको कि.नं. ३८९ को जग्गाको दर्ता बदर गर्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६६।३।२३ को निर्णय तथा सो आधारमा भएका मालपोत कार्यालय, सोलुखुम्बुको मिति २०६८।४।१८ को निर्णयलगायत अन्य निर्णय, पत्राचार तथा काम कारवाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:-

- ०६८-WO-०१३०, उत्प्रेषण, *ल्हाक्पा सोनाम शेर्पा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*
- ०६८-WO-०६८९, उत्प्रेषण, *ल्हाक्पा सोनाम शेर्पा वि. सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय, सोलुखुम्बुसमेत*

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०४३४, उत्प्रेषण, *दीपक कार्की वि. नेपाल राष्ट्र बैंक, बालुवाटारसमेत*

निवेदक तथा विपक्षीहरूका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरूले वहसको क्रममा यी निवेदकलाई उक्त विपक्षी बङ्गलादेश बैङ्क लि.को सञ्चालक समितिमा पुनः निर्वाचित गरिएकोले हाल पनि सञ्चालक समितिमा रहिरहेको भन्ने देखिन आएबाट हालको परिप्रेक्ष्यमा यी निवेदकको हकमा उक्त पूर्ववत ४ वर्षको अवधिका लागि निर्वाचित सो पदावधि पूरा भइसकेको देखिन आएकोले यी रिट निवेदकले माग गरेको सो उपचारको प्राप्ति भइसकेको देखिएबाट अब प्रस्तुत रिट निवेदनको औचित्य कायम रहिरहन सक्ने नदेखिने।

तसर्थ यी निवेदक निर्वाचित भएको नेपाल बङ्गलादेश बैङ्क लि.को सञ्चालकको पदमा कम्पनी ऐन, २०६३, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ तथा बैङ्कको नियमावलीको व्यवस्थासमेत बमोजिम सञ्चालकको तत्कालीन अवधिका हकमा निर्वाचित भएको मितिबाट ४ वर्षको अवधिसम्म निवेदकलाई सञ्चालक भई कार्य गर्न दिनु दिलाउनु भन्ने परमादेशको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश वा पुर्जी विपक्षीहरूको नाममा जारी गरिपाउँ भन्ने रिट निवेदकको जिकिरका हकमा निजको पूर्ववत रूपमा ४ वर्षका लागि निर्वाचित भएको सो पदमा निजको पदावधि पूरा भइसकेको देखिएकोले रिट निवेदकले माग गरेको सो उपचारको प्राप्ति भई अब प्रस्तुत रिट निवेदनको औचित्य कायम रहिरहन सक्ने नदेखिएबाट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख ३ गते रोज १ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-WO-०५७४, उत्प्रेषण / परमादेश, *शकुन शेरचनसमेत वि. मन्त्री परिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार बृहत्तर लुम्बिनी विकास राष्ट्रिय समितिको गठन मिति २०६८।६।३० मा भएको देखिन्छ। सो समिति गठन गरेको मिलेन भनी ०६९।८।१९ मा रिट निवेदन दर्ता गरेको देखिन्छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार गठन भएको बृहत्तर लुम्बिनी विकास राष्ट्रिय समितिको कार्यकाल ५ वर्ष रहने भनी उल्लेख भएको देखिन्छ। यसरी उल्लिखित गठन भएको समितिको ५ वर्षको कार्यकाल समाप्त भइसकेको र बृहत्तर लुम्बिनी विकास राष्ट्रिय समिति गठन भएको मितिले करिब १४ महिनापछि विलम्ब गरी पर्न आएको प्रस्तुत रिट निवेदनको

औचित्य समाप्त भई निवेदन प्रयोजनहिन भएको देखिँदा खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-WO-०१३०, उत्प्रेषण / परमादेश, *गोविन्दप्रसाद जयसवाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

निवेदकलाई स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ४५(१) अनुसार साठी वर्ष उमेर पुगेको भनी निजामती किताबखानाको पत्रबाट लेखी आएअनुसार मिति २०६३।७।१ बाट लागु हुनेगरी मिति २०६४।२।८ मा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिको आधारमा अवकाशको व्यवस्था गर्नू भन्ने पत्रानुसार यी निवेदकको उमेर हदबाट मिति २०६३।७।१ बाट लागू हुने गरी अवकाश भई निवृत्त भएको देखियो। निवेदकको मागबमोजिम ऐनको दफा २५ (क) १ बमोजिम अनिवार्य अवकाश हुनुभन्दा एक महिना अगाडि एकतह वृद्धि हुने ऐनको व्यवस्था निवेदक निवृत्त भए पछि स्वास्थ्य सेवा ऐनमा संशोधन भई लागू भएको देखिन्छ। यी निवेदक आफू निवृत्त भएपछि संशोधन भई लागू भएको कानूनबमोजिम उपचार माग गरी २०६७ सालमा मात्रै अदालत, प्रवेश गरेको देखियो । आफूलाई अवकाश दिँदाका बखत एक तह बढुवा गर्नुपर्ने भएमा अवकाश पाएकै बखत न्यायिक उपचारका लागि प्रवेश गर्नुपर्नेमा अवकाश भएको ३ वर्षपछि एकतह बढुवा पाउँ भनी विलम्ब गरी अदालत प्रवेश गरेको देखिने।

उपचारको माग गरी अदालत प्रवेश गर्ने व्यक्तिले त्यस्तो उपचार समयमानै माग गर्नुपर्ने हुन्छ। यी निवेदक लामो समयपछि उपचार प्राप्तिका लागि प्रवेश गरेको देखियो । कुनै पनि सरकारी निकायका व्यक्तिले गरेको निर्णयबाट आफूलाई असर पऱ्यो भन्ने व्यक्तिले आफ्नो हक अधिकार संरक्षणका लागि समयमा नै न्यायिक उपचार नखोजेमा ढिला गरी अधिकारको खोजी गर्नेलाई मद्दत गर्न सक्दैन भन्ने कुरा अनुचित विलम्बको सिद्धान्तले आत्मसात गरेको पाइने।

तसर्थः निवेदकले आफूलाई मर्का परेको भए उपचार प्राप्तिका लागि मनासिब समयभित्र अदालत प्रवेश गरी उपचारको माग गर्न सकेको नदेखिँदा प्रस्तुत रिट निवेदन विलम्बको आधारमा खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०५८०, ०७०-CR-०८२६ र ०७०-CR-०७९८, कर्तव्य ज्यान र रहजनी चोरी, *दीपक थापा वि. नेपाल सरकार, नविन थापा वि. नेपाल सरकार* र *नेपाल सरकार वि. दुर्गबहादुर थापासमेत*

प्रतिवादीको मौकाको बयानसमेतबाट निजले पूर्वरिसइवी लिई मृतकलाई मार्ने योजना बनाई, खुकुरी बोकी गई बाटो ढुकी मृतक उपर खुकुरीले प्रहार गरेको तथ्यमा साबित भएबाट वारदातको प्रकृति र प्रयोग भएको जोखिमी हतियार खुकुरीसमेतको आधारमा हेर्दा प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १४ नम्बर आकर्षित हुने अवस्था देखिन आएन। तसर्थ प्रतिवादी नविन थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नम्बर बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू भोजपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिने।

सहप्रतिवादी दीपक थापाको अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानबाट पनि गहना र घडी प्रतिवादी दीपक थापाले लगेको भन्ने देखिएबाट प्रतिवादी दीपक थापाले मृतकलाई कर्तव्य गरी मारी मृतकको साथमा रहेका सुनका गहना र हातको घडीसमेत लुटि लगेको पुष्टि हुने देखिँदा निजलाई मुलुकी ऐन, चोरीको महलको १४(३) बमोजिम कैद गरी चोरीको बिगो रू.२७०००।- को दोब्बर जरिवाना हुने भनी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी नविन थापाले आफूलाई मुलुकी ऐन,

ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सजाय गर्दा चर्को हुने हुँदा अ.बं. १८८ नं. को राय प्रयोग गरी कम सजाय हुनुपर्ने भने पनि प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतको बयानबाट प्रतिवादीको परिवारको मृतकको परिवारसँग पुरानो रिसइवी रहेको र सोही रिसइवीका कारण जाहेरवालाको परिवारको सदस्यमध्ये कसैलाई मार्ने उद्देश्यले गोठालो जाने क्रममा खुकुरीसमेत साथमा लगी बाटो ढुकी खुकुरीजस्तो जोखिमी हतियार प्रयोग गरी मृतकलाई कर्तव्य गरी मारेको पुष्टि भएको र उक्त भनाईलाई घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का र अर्का प्रतिवादी दीपक थापाको बयानबाट समेत पुष्टि भएकाले प्रस्तुत वारदात भवितव्यबाट घटन गएको नभई प्रतिवादीले पूर्वयोजना बनाई खुकुरी जस्तो जोखिमी हतियार प्रयोग गरी मारेको देखिएकोले निजलाई अ.बं. १८८ नं. को प्रयोग गरी सजायमा कम गर्नु मनासिब नदेखिने।

प्रतिवादी दीपक थापाको मार्ने मनसाय रहेको नदेखिए पनि मानिस कराएको आवाज सुनी वारदातस्थलमा गएको देखिएको, सहप्रतिवादी नविन थापा अङ्कल नाताका भई निजले मृतकको खुट्टा समात भनेकोले खुट्टा थिचेको र मृतकको लास लुकाउने कार्य गरी मृतकलाई मारेको कुराको सूचना अन्य प्रतिवादीहरू विक्रम थापा र दुर्गा थापालाई सुनाएको देखिँदा निज प्रतिवादीको वारदातमा नियोजित रूपमा संलग्नता रहेको देखिँदैन तर निज प्रतिवादीले अङ्कल नाताका अर्का प्रतिवादी नविन थापाले भनेबमोजिम खुट्टा समाउने र मृतकलाई मारेको सूचना अन्य प्रतिवादीहरू विक्रम थापा र दुर्गा थापालाई दिने काम गरी मृतकलाई कर्तव्य गर्ने क्रममा संलग्न भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर अपराध गरेको देखिने । दीपक थापा नाबालक देखिएको, मृतकलाई कर्तव्य गर्ने कार्यमा नियोजितरूपमा संलग्न भएको नदेखिए पनि सँगै गाईबाख्रा चराउन जङ्गल गएका काका नाताका नविन थापाले मृतकलाई खुकुरी प्रहार गरी लडाइ सकेपछि निज काकाको आदेशानुसार मृतकको खुट्टा समाई थिचेका र मृत्यु भइसकेपछि लास लुकाउने कार्यमा संलग्न भएको देखिएकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम हुने जन्मकैदको सजायमा नाबालक भएका कारण बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा कैद वर्ष १० हुने भनी सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखियो । निज प्रतिवादीको कसुरमा रहेको संलग्नता र उमेरसमेतलाई विचार गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ (पाँच) मात्र हुने।

प्रतिवादीहरूले संयोग पारी मर्नेको जिउमा हात हाली पक्रि समात्ने कार्य गरेको अथवा मृतकलाई मार्नु पर्ने कुरामा प्रतिवादीहरूका बीच सरसल्लाह भएको देखिँदैन। यी प्रतिवादीहरू र मृतकका बीच प्रस्तुत वारदात घट्नुपूर्व कुनै झैझगडा रिसइवी रहे भएको भन्नेसमेत खुल्न नआएको अवस्थामा प्रतिवादी नविन थापाले गाई बाख्रा चराउन जङ्गलमा भएको अवस्थामा बाटोमा मृतकसँग भेट भई पारिवारिक झगडाका कारण तत्काल भएको घटनामा यी प्रतिवादीहरूले दिएको वचन र सरसल्लाहबाट मृतकलाई नविन थापाले कर्तव्य गरेको भन्ने वारदातको प्रकृति एवम् परिस्थितिबाट पुष्टि हुन सकेको देखिँदैन। यसरी मृतकलाई मार्न भनी यी प्रतिवादीहरू दुर्गाबहादुर थापा, बिक्रम थापा, प्रकाश थापा, गंगामाया थापा तथा भद्रमाया थापाले वचन दिएको र सोही बयान प्रतिवादी नविन थापाले कार्यान्वयन गरेको भन्ने वस्तुनिष्ठ र शङ्कारहित प्रमाणबाट पुष्टि हुन आएको नदेखिएकोले ज्यानसम्बन्धी महलको १३(४) नम्बरबमोजिम सजाय हुनुपर्दछ भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः उपर्युक्त विवेचित कारण र आधारहरूबाट प्रतिवादी नविन थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र प्रतिवादी दीपक थापालाई सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी निज दीपक थापा नाबालक भएकोले सोको आधा कैद वर्ष १० (दश) र दुर्गाबहादुर थापासमेतका अन्य प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही कैद वर्ष १ (एक) हुने ठहर गरेको सुरू भोजपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला सदर

हुने ठहर्छ । पुनरावेदक दीपक थापा नाबालक रहेको र निजको कसुरमा देखिएको संलग्नता समेतको आधारमा ऐनबमोजिम सजाय गर्दा चर्को हुने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ (पाँच) हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०२४०, कर्तव्य ज्यान, *भोजबहादुर घर्ती वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार गरी आफू मृतकको मृत्यु भएको समयमा भारत पञ्जावमा नै रहेको र आफू २०६९ भाद्र १ गते मात्र नेपाल घर आएको भनी प्रमाणमा दिएको बसको टिकट, नोटरी पब्लिकको प्रमाणित कागज एवम् साक्षीको बकपत्रसमेतको प्रमाणको मूल्याङ्कन नै गरिएन भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । नेपाल भारत खुला सीमाना रहेकोले जुनसुकै बेला मानिस आवतजावत गर्न सकिने हुन्छ । प्रतिवादीले प्रमाणमा दिएको भारतको बसको टिकट र नोटरी पब्लिकले प्रमाणित गरिदिएको भनिएको कागजको सत्यता प्रमाणित गर्न सकिने अवस्था नरहेकोले त्यस्तो टिकट तथा लिखतहरू प्रमाणमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिने।

पुनरावेदक / प्रतिवादी भोजबहादुर घर्तीले अनुसन्धानका क्रममा गरेको बयान, अनुसन्धानका क्रममा बुझिएका प्रतिवादीका श्रीमती तथा वुहारीको कागज तथा परिस्थितिजन्य प्रमाणबाट मृतकलाई यी पुनरावेदक / प्रतिवादीले कर्तव्य गरी मारेको भनी लिएको अभियोग दाबी प्रमाणित भएको हुनाले पुनरावेदक / प्रतिवादी भोजबहादुर घर्तीलाई सुरू दाङ देउखुरी जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जनमकैदको सजाय गर्ने गरेको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।६।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

भारत पञ्जाबमा मृतक, प्रतिवादी तथा निजको श्रीमतीसमेत एकै ठाउँमा बस्ने क्रममा मृतकले र प्रतिवादीको श्रीमतीसँग अनैतिक सम्बन्ध राखेको सो कुरा प्रतिवादीले थाहा पाई श्रीमतीलाई नेपालमा भएको आफ्नै घरमा ल्याई राखेकोमा मृतक गाडी लिएर नेपालमा आउने जाने गर्दासमेत प्रतिवादीको श्रीमतीसँगको अनैतिक सम्बन्ध कायम गर्ने गरेको थाहा पाई प्रतिवादीले आफ्नो सामाजिक प्रतिष्ठा एवम् लोकाचारका कारण प्रस्तुत वारदात घटाउन पुगेको भन्ने देखिएको र वारदातको कारक नै मृतक रहेको हुँदा पुनरावेदक प्रतिवादीलाई ऐनबमोजिम पुरै सजाय गर्दा चर्को पर्ने भई १०(दश) वर्ष कैदको सजाय गर्दा पनि ऐनको उद्देश्य पूरा हुन जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पुनरावेदक।प्रतिवादी भोजबहादुर घर्तीलाई कैद वर्ष १०(दश) गर्ने गरी व्यक्त भएको तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।६।९ को राय सदर गरिदिएको छ । पुनरावेदक / प्रतिवादी भोजबहादुर घर्तीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०१५९, उत्प्रेषण / परमादेश, *अन्जना श्रेष्ठ वि. काठमाडौं विश्वविद्यालय धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

भर्नाका लागि निर्धारित विषयगत अङ्क सम्बन्धित परीक्षार्थीले प्राप्त गरेको छ, छैन ? भन्ने कुरा भर्नासम्बन्धी परीक्षाको नतिजा प्रकाशित गर्दाकै अवस्थामा नै यकिन गर्नुपर्ने हुन्छ । विश्वविद्यालय आफैँले लिने प्रवेश परीक्षामा सोअनुसार फर्म तथा संलग्न कागजपत्र जाँचबुझ नगरी प्रवेश परीक्षामा सामेल गराई भर्नाको लागि योग्य रहेको भनी नाम प्रकाशित गरी भर्नासमेत लिइसकेपछि पछि आएर योग्यता नपुगेकोले पठनपाठन गर्न नपाउने वा भर्ना बदर हुने वा नाम रजिस्ट्रेसन हुन नसक्ने भन्नु न्यायोचित नहुने।

कुनै पनि विद्यार्थी स्वभावैले आफूले इच्छाएको

विषय इच्छाएको शैक्षिक संस्थामा पढ्न प्रयत्न गर्ने नै हुन्छ । निजको त्यस्तो प्रयत्नलाई आफ्नो नियमले स्वीकार्न नसक्ने भए सम्बन्धित निकायले जाँचबुझ गरी उचित समयमा नै निर्णय दिनुपर्ने हुन्छ । समयमा अस्वीकार गरेको निर्णय नदिई प्रक्रियाअगाडि बढाएको अवस्थामा स्वीकार गरेको नै मान्नुपर्दछ । पछि आफूले चाहेको समयमा आएर कसैको भविष्यमा नै असर पर्ने गरी निर्णय गर्नु उचित हुँदैन । कसैले पूरा गर्नुपर्ने कर्तव्य तथा दायित्व पूरा नगरेबाट अर्कोले कुनै लाभ वा अवसर प्राप्त गरेको भए पनि उक्त लाभ वा अवसरबाट निजलाई वञ्चित गर्नु न्यायोचित नहुने । निवेदकले प्रवेश परीक्षाको लागि भरेको फारम तथा सोसँग संलग्न गरेको लब्धाङ्क पत्रसमेतको जाँच गरी निवेदकलाई प्रवेश परीक्षामा सम्मिलित गराई निजले इच्छाएको विषय अध्ययन गर्न पाउने भनी नतिजा प्रकाशित गरी निवेदकबाट अध्ययनको लागि लाग्ने फिसमेत लिई निवेदकलाई भर्ना गरी अध्ययन अध्यापन कार्य अघि बढाइसकेपछि निवेदकको योग्यता नपुगेको भन्न विपक्षीहरू विबन्धितसमेत हुने देखियो । पछि आएर मापदण्ड नपुगेको भनी यी निवेदकको भर्ना रद्द गर्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट यसरी पछि आएर विश्वविद्यालयले योग्यता नपुगेको भनी यी निवेदकको नाम रजिस्ट्रेसन गर्न इन्कार गरेबाट निवेदक नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान नेपालको संविधानप्रदत्त शिक्षासम्बन्धी मौलिक हकसमेतबाट वञ्चित हुन पुगेको प्रष्ट हुन जान्छ । यस्तो अवस्थामा निजको त्यस्ता हक प्रचलनका लागि यस अदालतले तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ र नेपालको संविधानको धारा १३३ अनुसार उपयुक्त आदेश जारी गर्नुपर्ने नै देखिने ।

अतः निवेदन मागबमोजिम यी निवेदक अन्जला श्रेष्ठको BDS ५ वर्षे कोर्समा विश्वविद्यालयमा रजिस्ट्रेसन गर्ने मापदण्ड नपुग्ने हुँदा निजको भर्ना रद्द हुने भनी गरेको विपक्षी काठमाडौं विश्वविद्यालयको निर्णय, सोका आधारमा विपक्षी नोबेल मेडिकल कलेजलाई लेखेको पत्र, विपक्षी नोबेल मेडिकल कलेजले यी निवेदकलाई दिएको पत्र र सोसम्बन्धी विपक्षीहरूबाट भएका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै निवेदकको नाम रजिस्ट्रेसन गरी भर्ना बदर नगर्नू नगराउनु, निजलाई अध्ययन गर्न दिनू दिलाउनू, परीक्षा दिनबाट निजलाई कुनै प्रकारले अवरोध नगरी नगराई अन्य विद्यार्थीसरह BDS ५ वर्षे कोर्स पूरा गर्न दिनू दिलाउनू, निजले हालसम्म परीक्षा दिएको सत्रको नतिजा निकाली नियमानुसार प्रमाणपत्र दिनू दिलाउनू भनी विपक्षीको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः यदुराज शर्मा

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१३८२, निषेधाज्ञा / परमादेश, *कमलासरण वैष्णव वि. रामवरण पासवान*

नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने । सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशङ्का व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा (Substantially) स्थापित गर्न सक्नु पर्ने । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्त्व कायम गर्न वा गराउन सकिने हुँदैन । करार परिपालनाको लागी करार ऐन, २०५६ मा दफा ८६ र ८७ को व्यवस्था गरेको र करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारवाही वा व्यवहार तत्काल रोक्न सोही ऐनको दफा ८७ को उपदफा (२) ले उपयुक्त आदेश दिन सक्ने व्यवस्था गरेको छ । वैकल्पिक कानूनी उपचारको बाटो रहँदारहँदै निषेधाज्ञा जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।५।१ मा भएको आदेश कानूनी

व्यवस्था र (*नेकाप* २०६५, अङ्क १, नि.नं. ७९१६) मा प्रतिपादित सिद्धान्तसमेतबाट मिलेको नदेखिँदा उल्टी भई प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-११९९ र ०७०-CR-१४१५, जालसाजी, *भिमबहादुर श्रेष्ठ (कोजु) वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत र सुमित्रा बस्नेत वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*

प्रस्तुत मुद्दा नानीमायाको मृत्युपछि शेषपछिको बकसपत्र प्राप्त गरेको आधारमा निजको हक खाने भनी यी प्रत्यर्थीहरूले प्रस्तुत मुद्दा सकार गरेको अवस्था देखिन्छ । यिनै प्रत्यर्थीहरू वादी भई पुनरावेदकहरूलाई प्रतिवादी बनाई विवादमा आएकै जग्गाको विषयमा सुरू अदालतमा दिएको दे.नं. ४४० को लिखत बदर र फौ.नं. १८५ को जालसाजी मुद्दामा सुरू अदालतले दाबी नठहर्ने गरी गरेको फैसला अन्तिम भई बसेको भन्ने प्रमाणमा आएको मिसिलबाट समेत देखिन्छ । यी माथि उल्लिखित समग्र तथ्य एवम् प्रमाणहरूबाट दाबीको जग्गा हक हस्तान्तरण गरेको विपक्षीहरूको कार्य प्रत्यर्थी वादीको हक मेटाउने उद्देश्यले जालसाजीपूर्ण कार्य गरेको नदेखिँदा उक्त लिखतमध्ये आधा लिखत जालसाज गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा त्रुटि रहेको देखिन आउँदा वादीको दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CR-१२०० र ०७०-CR-१४४३, जालसाजी, *श्रीकृष्ण श्रेष्ठ (कोजु) समेत वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत र भीमबहादुर कार्की वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*
- ०७०-CR-१२०२ र ०७०-CR-१३६९, जालसाजी, *भिमबहादुर श्रेष्ठ (कोजु) वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत र बलराम गिरीसमेत वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*
- ०७०-CR-१२०३ र ०७०-CR-१३६८, जालसाजी, *भिमबहादुर श्रेष्ठ (कोजु) वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत र बलराम गिरीसमेत वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*
- ०७०-CR-११९६ र ०७०-CR-१२०१, जालसाजी, *बेलप्रसाद माकजु श्रेष्ठ वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत र भिमबहादुर श्रेष्ठ (कोजु) वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-०७०८, घर जग्गा खिचोला, *उमर अलि मियाँ वि. जैवुन निसा मुसलमान*

प्रतिवादीको भोगचलनमा रहेको फुसको घर वादीले निर्माण गरेको प्रमाण छैन । अदालतबाट भएको मिति २०६७।३।१६ को नक्सा मुचुल्कामा उल्लिखित बेहोरासँग बकसपत्रमा उल्लिखित पश्चिम कित्ता एक आपसमा मिल्न भिड्न आएको पनि देखिँदैन । अदालतबाट भई आएको नक्सा मुचुल्कामा न.नं. ११ को जग्गा सन्तराम कोरीले भोगचलन गरेको भन्ने देखिइरहेको र वादीले आफ्नो फिरादमा हा.व. को लिखतमा पश्चिम किल्ला झिन्कु उल्लेख गरेकोमा नक्सा कुण्डलीको न.नं. ११ को जग्गा झिन्कुको हो भनी दाबी गरे पनि हाल उक्त जग्गा सन्तराम कोरीले भोग चलन गरी आएको भन्ने देखिन्छ । उक्त जग्गा झिन्कुको भए हाल सन्तराम कोरीको भोगमा कसरी कायम भयो वादीले उक्त प्रमाण पेस गर्न सकेको अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट विवादित घर जग्गा वादीको बकसपत्रभित्रको देखिन नआएकोले वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको

मिति २०६८।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०९००, निषेधाज्ञा / परमादेश, *लिलानाथ शर्मा वि. मीना शर्मासमेत*

निषेधाज्ञाको आदेश मूलतः कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध वा अनधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुर्‍याउने आशङ्काको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो । निषेधाज्ञाको आदेश जारी हुन विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्त्व स्थापित भएको हुनुपर्छ । निषेधाज्ञाको अर्थ कुनै कार्य गर्नबाट निषेध गर्नु हो । तर कुनै व्यक्तिको हक सिर्जना गर्नु वा समाप्त गर्नु होइन । विवादित कार्यबाट हुने नोक्सानीलाई रोक्न र बढी हानी हुनबाट बचाउन निषेधाज्ञा जारी गरिने।

निवेदकले विवादित विषयमा आफ्नो निर्विवाद हक देखाउन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुँदैन । विवादित घर जग्गा विपक्षी चन्द्रशोभाका नाउँमा रहेको आफैँ जिकिर गर्ने निवेदकको उक्त सम्पत्तिमा निर्विवाद हक रहेको देखिँदैन । निवेदकले नै विपक्षी चन्द्रशोभाको नाउँमा कायम रहेको विवादित घर जग्गा भनी बोलिरहेको स्थितिमा निवेदकको निर्विवाद हक प्राप्त नभएको विपक्षी चन्द्रशोभाको दर्ता स्वामित्त्वमा रहेको विवादित घर जग्गाको हकमा निवेदन दाबीबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी हुन नसक्ने भनी प्रस्तुत निवेदन खारेज हुने ठहर गरी भएको आदेश मनासिब नै देखिने।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणबाट निवेदकको निर्विवाद हक प्राप्त नभएको विपक्षी चन्द्रशोभाको दर्ता स्वामित्त्वमा रहेको विवादित घर जग्गाको हकमा निवेदन दाबीबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी हुन नसक्दा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।२ गते भएको फैसला मनासिब हुँदा सदर हुने।
इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-११४०, परमादेश, *नन्दाद्वी जोशी वि. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरसमेत*

कलेज सञ्चालन गर्ने निकाय स्वयम्ले आधिकारिक निकायले गरेको मूल्याङ्कनलाई स्वीकार गरी तत विषयमा कुनै थप माग दाबी नगरी बसेको देखिन्छ । मूल्याङ्कन गरी गरिएको क्षतिको राहतका लागि गरिएको सिफारिसमा कलेज सञ्चालकले चित्त बुझाई बसेको अवस्थामा ती सामग्रीलाई आफ्नो व्यक्तिगत सम्पत्ति जस्तो बनाई मेडिकल कलेजको नाममा व्यक्तिगत रूपमा उजुरी निवेदन गर्ने गरेको रिट निवेदिकाको जिकिर मनासिब नदेखिने । राहत क्षतिपूर्तिका लागि तय गरिएको निकाय / समिति वा पदाधिकारीले गरेको सार्थक प्रयासलाई अनाहकमा शङ्का गरी उनाउ व्यक्तिको चासो वा संलग्नताकै आधारमा क्षति भएको मानी निवेदन माग दाबीअनुसार गरिदिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन । निवेदिकाले कलेजमा रहेका भौतिक सामग्रीहरू आफ्नो व्यक्तिगत सम्पत्ति भनी प्रमाणित गर्ने प्रमाण पेस नभएको अवस्थामा क्षति मूल्याङ्कन समितिले मूल्याङ्कन गरिदिएन भन्ने जिकिरकै आधारमा जिम्मेवार निकाय आफ्नो दायित्वबाट पन्छियो भन्ने मान्नु न्यायको रोहमा मनासिब पनि नहुने।

तसर्थ, माथि उल्लिखित तथ्य, आधार र कारणबाट निवेदिकाको निवेदन मागअनुसार परमादेशको आदेश जारी हुनसक्ने अवस्था विद्यमान रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९।५।६ को आदेश मिलेकै

देखिँदा सदर हुने
इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-११४४, निषेधाज्ञा / परमादेश, *प्रेमकुमार अग्रवाल वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

घर बहालमा दिने लिने गरी भएको करारको अवधि बाँकी छँदै घरजग्गा धनीले सो सम्पत्ति अन्यत्र हस्तान्तरण गर्न पाउने हक समाप्त हुने होइन। बहालमा रहने व्यक्तिले त्यसको निरन्तरताको लागि आफैँले छुट्टै पहल गर्ने वा साबिक घरधनीले त्यसको उपयुक्त व्यवस्थापनका लागि नयाँ घर धनीसँग शर्त राखिदिन सक्ने हुन्छ । सो नभए साबिक करारनामाबमोजिम उचित हर्जना र क्षतिपूर्ति पक्षले प्राप्त गर्नसक्ने।

विपक्षीले लिखित प्रतिबद्धतासहित कानूनविपरीत कार्य नगरेको भनी भनिरहेको अवस्था र सरोकारको विषय वस्तुलाई समेत दृष्टिगत गरी हेर्दा पुनरावेदक निवेदकको निवेदनलाई मात्र आधार मानी निवेदकको निर्विवाद हकसमेत नरहेको करारीय विषयवस्तुमा निषेधाज्ञा परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, विवेचित आधार र कारणबाट निवेदकले भनेअनुसार घर पसल खाली गर्न लागेको गराएको छैन, होइन । सम्झाई बुझाईसम्म गरेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेको लिखितजवाफ देखिन आयो । मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।१०।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००८६, बन्दीप्रत्यक्षीकरण, *तुलाराम विश्वकर्माको हकमा निजको श्रीमती कल्पना कुमारी विश्वकर्मा वि. मकवानपुर जिल्ला अदालत, हेटौंडा, मकवानपुरसमेत*

प्रतिवादीले कारागार कार्यालयमार्फत अड्डामा स्वयम्ले तामेली पुर्जी सम्बन्धमा निवेदन दिँदा आफू तुलाराम विश्वकर्मा भन्ने तुलबहादुर वि.क. नै रहेको उल्लेख गरी लेखात्मक र रेखात्मक दुवै सहीछाप गरी आफैँले आफ्नो नाम तुलबहादुर वि.क. हो भनी स्वीकारीसकेको अवस्थामा निज विवन्धित हुने हुँदा रिट निवेदकका पति तुलाराम विश्वकर्मा नै तनहुँ जिल्ला अदालतमा चलेको पुर्पामाया परियारको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सन्तोष भन्ने प्रकाश वि.क. समेत भएको २०५४ सालको फौ.पु.नं. १२१।११ र फुलमाया गुरूङको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सन्तोष भन्ने प्रकाश वि.क. समेत भएको २०५५ सालको स.फौ.पु.नं. १२२।१२ को जिउ मास्ने बेच्ने मुद्दाका प्रतिवादी तुलबहादुर वि.क. हुन् भन्ने नै देखिने।

अदालतमा निवेदन दिँदा आफू जिउ मास्ने बेच्ने मुद्दाको अभियुक्त तुलाराम विश्वकर्मा भन्ने तुलबहादुर वि.क. हो भनी स्वीकार गरी सहीछाप गरेको देखिँदा जाहेरी परी मुद्दा फैसला भइसकेपछि नाम फरक पारी लिएको नागरिकताको आधारमा मात्र अड्डामा स्वयम्ले दिएको निवेदन कागजलाई अन्यथा भन्न सकिने देखिन आएन । त्यस्तै गरी वतन र पिताको नाउँ मिलेभिडेको अवस्थामा जिउ मास्ने बेच्ने मुद्दाको जाहेरी र अभियोगमा एउटा नाम उल्लेख भएको र पछि नागरिकता प्रमाणपत्र लिँदा अर्को नाम राखी आफ्नो नाम फरक राखेको मात्र कारणले यी प्रतिवादी आफ्नो फौजदारी कसुरको दायित्वबाट उम्कन

सक्ने अवस्था नरहने।
इजलास अधिकृत: शिवप्रसाद पराजुली
इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-११३७, निषेधाज्ञा, *जोगिन्द्र पण्डित कुम्हार वि. फेकन ठाकुर बरही*

आफ्नो निर्विवाद हक भोगको जग्गामा विपक्षीहरूद्वारा सम्भावित हस्तक्षेप रोक्न निवेदकसँग रिट क्षेत्राधिकार प्रयोग गर्ने हक हुने। एक पटक हक हनन् भई अदालतबाट हक प्रचलन गरिसकेपछि पुनः हक हनन् हुने सम्भावना भएमा आफ्नो हकमाथिको सम्भावित हस्तक्षेप रोक्न निवेदकले रिट क्षेत्राधिकार प्रयोग गरी अदालत, प्रवेश गरेको कानूनसम्मत् नै देखियो। खिचोला भएको आफ्नो जग्गाको खिचोला मेटाउन निवेदकले अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत पुनरावेदक विपक्षीसमेत उपर मुद्दा दायर गरी फैसलाबमोजिम खिचोला छोडाएपश्चात् सोही जग्गाको सम्बन्धमा रिट निवेदन दायर गर्न निवेदकसँग हक नभएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ निवेदकको निर्विवाद हक भोगको जिल्ला धनुषा दिगम्वरपुर गा.वि.स. वडानं.७ कि.नं.४२४ को न.नं.२ र ३ को घर जग्गामा कुनै प्रकारको हस्तक्षेप र नयाँ निर्माणको कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।९।३० को आदेश मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत : नन्दकिशोर प्रसाद यादव
इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-०९३३, निर्णय दर्ता बदर, *गोदावरीदेवी सिंह राजपुत वि. नरेशप्रसाद सिंह राजधोव*

प्रस्तुत मुद्दा सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६४।०७।२८ मा फैसला हुनुभन्दा अगाडि सुनसरी जिल्ला अदालतले तामेल गरेको म्याद पुनरावेदन अदालत, विराटनगरबाट बदर भएकोले दे.नं. ११३८ को फैसला भइसकेको मुद्दा पुनः दे.नं.६५७ का रूपमा मिति २०६४।०४।२३ मा दर्ता भएको देखियो। यसरी प्रस्तुत मुद्दा फैसला नहुँदै दर्ता भई विचाराधीन रहेको समान विषयवस्तुको विवाद रहेको अर्को मुद्दालाई सँगै राखी फैसला गर्नुपर्नेमा सो नगरी सुरू सुनसरी जिल्ला अदालतले प्रस्तुत मुद्दामा मात्र फैसला गरेको देखियो। तसर्थ पुनरावेदन अदालतले दुवै मुद्दा सँगै राखी निर्णय गर्न भनी मिसिल सुरू अदालतमा पठाइदिने ठहऱ्याई गरेको फैसला मनासिब नै देखिने।

अतः प्रस्तुत मुद्दामा विवादित रहेको जग्गाको नै विवाद रहेको सुनसरी जिल्ला अदालतको दे.नं.६५७ को मुद्दा हाल सुनसरी जिल्ला अदालतमा मुल्तबी रहेको देखिएकोले माथि विवेचित आधार कारणहरूबाट सुरू सुनसरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६४।०७।२८ मा भएको फैसला बदर गरी दे.नं.६५७ को मुद्दासमेत मुल्तबी जगाई प्रस्तुत मुद्दा साथै राखी जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम फैसला गर्नू भनी मिसिल सुरू सुनसरी जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-CR-०८२१, किर्ते जालसाज, *गोदावरीदेवी सिंह राजपुत वि. नरेशप्रसाद सिंह राजधोवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०२४५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. रेशमराज पन्त*

वादी नेपाल सरकारले परिस्थितिजन्य प्रमाणबाट

प्रतिवादीले कसुर गरेको तथ्य पुष्टि भइरहेको भनी पुनरावेदन जिकिर लिए पनि वारदातसम्बन्धी तथ्य शङ्का नै शङ्काको अवस्थामा रहेको देखियो। मृतकसँग रिसइबी रहेको, आपसी झगडा भएको, मृतकलाई मार्न कुनै तयारी गरेको, वारदात हुँदाको समयमा मृतकसँग नै रहेको, वारदातस्थलबाट प्रतिवादीसँग सम्बन्धित कुनै सामान बरामद भएको अर्थात् यो यति कारणले प्रतिवादीको र वारदातको तथ्यका बीचमा केही न केही सम्बन्ध (Nexus) रहेको रहेछ भनी मान्न सकिने कुनै आधार कारण पेस हुन सकेको देखिँदैन । यस अवस्थामा परिस्थितिजन्य प्रमाणबाट कसुर पुष्टि भएको भन्न नमिल्ने । बुझिएका व्यक्तिको भनाइअनुसार निज प्रतिवादीले वारदातको दिन रक्सी खाएको, वारदातको दिनपछि गाउँ समाजमा आउन छोडेको, नगदमा कारोबार गर्न लागेको, निजको पिठ्युँमा घाउ भएको जस्ता कुराहरूबाट मात्र वारदातसँग प्रतिवादीको कुनै सम्बन्ध रहेको कुरा स्थापित हुन सकेको नदेखिने।

जाहेरवालालगायत बुझिएका कुनै पनि व्यक्तिले सो वारदात र वारदातसँग सम्बन्धित कुनै कार्य वा अवस्था आफूले प्रत्यक्ष रूपमा देखेको यसरी आफूले थाहा पाएको भनी भन्न सकेको देखिन आएन। निजहरूले सो वारदातको बारेमा कुनै कुरा प्रत्यक्षरूपमा देखेको वा थाहा पाएको भनी भन्न सकिँदैन। वारदातका बारेमा कुनै कुरा नदेखेका कुनै कुरा थाहा नपाएका व्यक्तिको भनाइका आधारमा कसुर पुष्टि हुन नसक्ने । वारदात नदेखेका, वारदातका बारेमा कुनै प्रकारले कुनै थाहा जानकारी नपाएका व्यक्तिहरूले केबल चालचलन र चरित्रका आधारमा अनुमान गरेकोलाई भरपर्दो प्रमाण मान्न मिल्दैन । वारदातको करिब ११ महिनापछि मात्र यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र सोपश्चात् मात्र विभिन्न व्यक्तिहरूलाई बोलाई कागज गराएको पाइन्छ। वारदात भएको तत्काल थाहा जानकारी भएको अवस्थामा मनासिब माफिकको कारण विना नै अनुसन्धान कार्य अगाडि नबढाई कुनै व्यक्तिहरूलाई बुझ्दै नबुझी ११ महिनाको लामो समयपछि कागज गराएका व्यक्तिले शङ्का गरेको आधारमा कसुरदार ठहर गर्नु उचित नदेखिने।

अतः प्रतिवादी रेशमराज पन्तलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने ठहर गरेको सुरू गोरखा जिल्ला अदालतको मिति २०७०।०३।२० को फैसला उल्टी गरी प्रत्यर्थी / प्रतिवादी रेशमराज पन्तले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट भएको मिति २०७१।०२।०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१४४१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सिमसोन चेपाङ*

प्रतिवादीले परिवर्तित नाम सीता तामाङलाई विवाह गर्ने प्रलोभन दिई झुक्याई जाल परिपञ्च मिलाई निज बसिरहेको घर स्थान वा निजको परिवारबाट छुटाई लगी आफूसँग राखी यौन शोषण गरेको देखिएकोले यस्तो कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को उल्लिखित कानूनी व्यवस्थाअनुसारको मानव ओसारपसारको कसुरजन्य कार्यको परिधिभित्र पर्ने देखिन आउने।

पीडितलाई शोषण गर्ने उद्देश्यले विदेश अर्थात् नेपालभन्दा बाहिर लगेको भन्ने कहीँकतैबाट देखिँदैन । स्वयम् पीडितले पनि सो भन्न सकेको पाइँदैन । केबल जुस बनाउने तालिम लिन भारत जानुपर्ने भनी प्रतिवादीले आफूलाई भनेको भन्ने पीडितको भनाइलाई मात्र आधार मानी भारत लगी बिक्री गरी शोषण गराउने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले ओसारपसार गरेको भनी भन्न मिल्दैन । निजले आफू यी प्रतिवादीको कोठा गैंडाकोटमा बसेको भनेर उल्लेख गरिदिएको पाइन्छ । त्यसैले निज प्रतिवादीले ऐ. ऐनको दफा ४ (२)(ख) को कसुर गरेको ठहऱ्याई निजलाई उल्लिखित दफा १५(१)(च) अनुसार

दुई वर्षको कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने।

पीडितलाई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले ओसारपसार गरेको देखिन आउँदैन। बेचेको वा बेच्नलाई कसैसँग कुरा मिलाएको, कसैबाट पैसा लिएको वा कसैसँग किन्ने बेच्ने गरी सम्पर्क गरेको कुनै तथ्य मिसिलमा रहे भएको पाइँदैन। साथै वेश्यावृत्तिमा लगाएको वा लगाउन खोजेको भन्नलाई यौन व्यवसाय सञ्चालन गर्नेहरूसँग सम्पर्क राखी पीडितलाई त्यस्तो स्थानमा लगेको वा लग्न खोजेको, आफैँले पनि विभिन्न व्यक्तिहरूसँग सम्पर्क गरी कुनै आर्थिक लाभ लिई पीडितसँग शारीरिक सम्पर्क गर्न पठाएको जस्ता तथ्यहरू देखिनुपर्नेमा सो केही देखिएको छैन। यी प्रतिवादीले ललाई फकाई आफ्नो कोठामा लगी आफूले सम्म यौन सम्पर्क गरेको कुरा यी पीडित र स्वयम् प्रतिवादीको भनाइबाट पुष्टि हुन आएको छ। जाहेरवालीले आफूलाई वेश्यावृत्तिमा लगाएको वा लगाउने उद्देश्यले यो यस किसिमको कार्य यी प्रतिवादीले गरेको भनी किटानीपूर्वक उल्लेख गर्न सकेको र त्यसलाई अन्य प्रमाणहरूबाट पुष्टि हुन सकेको छैन। शङ्काको भरमा मात्र ठोस प्रमाणको अभावमा ऐ. १५(१)(ङ)(२) बमोजिम सजाय गर्नु फौज्दारी न्यायको सिद्धान्त प्रतिकूल हुने।

फौजदारी न्यायको क्षेत्रमा विकसित Nullam poena sine lege (No punishment without law) र Nullam poena sine criman (No punishment without crime) भन्ने मान्यताहरूको सार पनि जुन कसुरजन्य कार्यको लागि कानूनले जस्तो सजाय तोकेको हुन्छ त्यही सजाय मात्र दिइनु पर्दछ र कानूनले तोकेको भन्दा बाहिर गई सजाय तोक्न मिल्दैन अर्थात् स्थापित अपराध र गरिने सजायको कानूनअनुसार तादात्म्यता मिल्नुपर्ने हुन्छ भन्ने नै हो। यसअनुसार पनि एउटा कसुरभित्र पनि कसुरको वर्गीकरणअनुसार जस्तो प्रकृतिको कसुरलाई कानूनले जे जति सजाय तोकेको छ सोहीअनुसारको मात्र सजाय गर्नुपर्ने। प्रस्तुत वारदात मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित भएको अवस्थामा ऐ.को दफा १५(१) (च) अनुसारको सजाय हुने स्पष्ट कानूनी व्यवस्था रहेकोले सो कसुरमा दफा १५(१)(ङ)(२) को सजाय आकर्षित हुन सक्दैन। तसर्थ पुनरावेदन अदालतले मिसिल संलग्न प्रमाणको आधारमा उल्लिखित दफा ४(२)(ख) को कसुर स्थापित भएको अवस्थामा कसुरजन्य कार्यका लागि उल्लिखित दफा १५(१)(च) अनुसार सजाय गर्ने गरी गरेको फैसला मिलेकै देखिन आयो। उल्लिखित दफा १५(१)(ङ)(२) अनुसार सुरू जिल्ला अदालतले गरेको सजाय मिलेकोले सोही सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी / प्रतिवादी सागर तामाङ भन्ने सिमसोन चेपाङले जाहेरवाला परिवर्तित नाम सीता तामाङलाई शारीरिक सम्पर्कलगायतको शोषण गर्ने उद्देश्यले निजको घर लमजुङबाट गैंडाकोटको आफ्नो कोठामा लगी राखी शोषण गरेकोसम्म पुष्टि हुन गएको छ। निजलाई वेश्यावृत्तिमा लगाउन विदेश लगी बेच्ने उद्देश्यले ओसारपसार गरेको र वेश्यावृत्तिमा लगाएको भन्ने तथ्य पुष्टि हुन आउँदैन। अतः यी प्रतिवादी सागर तामाङ भन्ने सिमसोन चेपाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. सोही ऐनको दफा १५)१)(ङ)(२( बमोजिम १० वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना र ऐ.को दफा १७ अनुसार सो जरिवानाको पचास प्रतिशत पीडितले क्षतिपूर्ति भराई पाउने ठहऱ्याई सुरू लमजुङ जिल्ला अदालतबाट मिति २०७०।१२।१८ मा भएको फैसलाले निर्धारण गरेको उल्लिखित सजाय सोही फैसलाबाट स्थापित कसुरसँग मिलेको नदेखिँदा सो हदसम्म उक्त सुरू फैसला उल्टी गरी प्रत्यर्थी / प्रतिवादी सागर तामाङ भन्ने सिमसोन चेपाङलाई उल्लिखित दफा ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम २(दुई) वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।०८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-१६२९, अंश दर्ता, *श्रीमती आनन्दी देवी वि. अनतिया देवीसमेत*

केश्वर बैठाको नामबाट यी पुनरावेदक / वादीका ससुरा वासुदेव बैठाको नाममा आई निज बासुदेव बैठाले केही जग्गा आफूसँग बाँकी राखी केही जग्गा मात्र आफ्नो नामबाट अर्का अंशियार बाबुलाल बैठाको नाममा नामसारी गरिदिएको देखिन आउँछ । यसरी केही जग्गा आफ्नो नाममा नै कायम राखी केही जग्गा अर्को अंशियारका नाममा नामसारी गरिदिनुको तात्पर्य नै भाइ भाइबीच जग्गा बाँडफाँड गरेको भन्ने देखिन आउँछ । आफूले अंशबापत केही नलिई आफ्नो नाममा रहेको सम्पत्ति कसैले अर्कोका नाममा गरिदिने पनि हुँदैन । यसो गर्नुको पछाडी अन्य कुनै कारण रहेको तथ्य पनि पुनरावेदक / वादीले देखाउन सकेकोसमेत पाइँदैन । यस्तो अवस्थामा पुनरावेदक / वादीको ससुरा र प्रत्यर्थी / प्रतिवादीहरूका बाजे ससुराबीच सम्पत्ति बन्डा नभएको भनी भन्न नमिल्ने । अंशबन्डाको अर्थ अंशियारबीच सम्पत्तिको बाँडफाँड गर्नु नै हो । सम्पत्ति बाँडफाँड भएको देखिएको अवस्थामा केही कुनै कारणले रीतपूर्वकको बन्डा पत्र पारित हुन नसकेकै भए पनि अन्यथा प्रमाणित नभएसम्म बन्डा भएको नै मान्नुपर्ने । आफ्नो ससुराले बन्डाबापतको सम्पत्ति लिइसकेको अवस्थामा हाल आएर अंश लिई भिन्न भइसकेको अर्को हाँगातर्फ अंशको दाबी गर्न मिल्ने देखिँदैन । यस्तै मूल पुर्खाकै नाममा रहेको सम्पत्तिमा भने यी पुनरावेदक / वादीले बन्डा नपाउने भन्ने हुँदैन । त्यसैले उल्लिखित सम्पत्तिमध्ये कि.नं. १७९ को जग्गामा यी पुनरावेदक वादीले आधा अंश पाउने र अन्य सम्पत्तिमा बन्डा नलाग्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट वादी दाबी नपुग्ने ठहर्‍याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०७१।०९।१३ गते भएको फैसला केही उल्टी गरी केश्वर धोबीको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही सिमरा गा.वि.स. वडा नं. ५ (क) कि.नं. १७९ को ०-६-१ को जग्गा सम्मबाट यी पुनरावेदक वादीले आधा अंश भाग पाउने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-०८५५, अंश, *सफ्फार जोलाहसमेत वि. सितारा जोलाह*

समान तहका अंशियारले दिएको अंश मुद्दामा २०१४ सालमा चन्दु जोलाहाका छोराहरूका बीचमा अंशबन्डा भएको नदेखिएको भनी अंश पाउने ठहर भएको अवस्थामा समान हैसियतका अर्का अंशियार इब्राहिम जोलाहाको श्रीमती यी प्रत्यर्थी सितारा जोलाहा वादी भई चलेको प्रस्तुत मुद्दामा २०१४ सालमा अंशबन्डा भइसकेको भन्ने पुनरावेदकहरूको भनाइले मान्यता पाउने देखिँदैन । पुनरावेदकहरूले यी प्रत्यर्थी / वादीका पति इब्राहिम जोलाहाले उक्त मुद्दाको प्रतिउत्तरमा नै २०१४ सालमा बन्डा भएको भनी उल्लेख गरेकोले निजले बन्डा पाउने होइन भनी जिकिर लिएकोमा सो कथनलाई अदालतले मान्यता प्रदान नगरेको अवस्थामा निज इब्राहिमले उक्त प्रतिउत्तरमा उल्लेख गरेकै आधारमा निजको हकवालालाई अंश जस्तो नैसर्गिक हकबाट बञ्चित गर्न मिल्दैन । यी वादी र प्रतिवादीहरूका बीचमा अंशबन्डा भइसकेको भन्ने पुष्टि हुने कुनै कागज प्रमाण पनि पुनरावेदक पक्षबाट पेस हुन सकेको पनि पाइँदैन भने यी वादीहरूसँग कुनै पैतृक सम्पत्ति रहे भएको अवस्था पनि देखिँदैन । तसर्थ यी प्रत्यर्थी / वादीले अंश भाग लिएको देखिन आएन र निजले अंशभाग पाउने नै देखिन आउने ।

तायदाती फाँटवारीमा पेस भएको सम्पत्तिमध्ये कि.नं.३२६, १५२, २६६ र २३१ को जग्गा सत्तार जोलाहाले राम कुबेर कुर्मीबाट मिति २०४१।५।४ मा र कि.नं.१३१ र १३३ को जग्गा हाजिम जोलाहाबाट मिति २०४२।१२।२० मा हालै देखिको बकसपत्र पाएको देखिन्छ । सो जग्गामध्ये कि.नं. २६६ र २३१ को जग्गाहरू रू.१,२३,०००।- मा सत्तार जोलाहाले

मिति २०५५।११।२७ मा लर्ड बुद्ध एजुकेसन एकेडेमी नेपालगञ्जलाई बिक्री गरी दिएको र मिति २०५७।११।०८ मा कि.नं. १९० र २१९ को जग्गा ८७,०००।- मा तिर्थराम नाउबाट राजीनामा पारित गरी लिएको मिसिल संलग्न राजीनामाको प्रतिलिपिबाट देखिन आएको छ। यी पुनरावेदक / प्रतिवादीहरूले बकसपत्रबाट कि.नं.२६६ र २३१ को जग्गाहरू बिक्री गरी आएको पैसामध्येबाट नै निज सत्तार जोलाहाले मिति २०५७।११।०८ मा बाँके जिल्ला, भवानीपुर गा.वि.स.वडा नं.२ को कि.नं.१९० र २१९ को जग्गा खरीद गरेको भनी दाबी गरेको पाइन्छ । निजको सो दाबीलाई प्रत्यर्थी।वादीले अन्यथा हो भनी भन्न सकेको पाइँदैन । अर्थात् बकसपत्र पाएको पुष्टि भइरहेको उल्लिखित कि.नं.२६६ र २३१ को जग्गा बिक्रीबाट पाएको रकम यी पुनरावेदक / वादीमध्येका सत्तार जोलाहाले अन्यत्र नै निजी रूपमा खर्च गरिसकेको र पछि खरीद गरेको कि.नं.१९० र २१९ को जग्गा सगोलको सम्पत्तिबाट नै खरीद गरेको हो भन्ने प्रत्यर्थी / वादीले भन्न सकेको देखिएन । यसबाट हाल पुनरावेदक / प्रतिवादी सत्तार जोलाहाका नाममा दर्ता स्रेस्ता रहेको देखिएको उक्त कि.नं.१९० र २१९ को जग्गा निजले बकसपत्रबाट पाएको जग्गा बिक्री गरी प्राप्त भएको रूपैयाँबाट नै खरीद गरेको निजी आर्जन रहेको देखिन आउने।

दान बकसबाट पाएको सम्पत्तिको बन्डा गर्न कर नलाग्ने अवस्थामा सो दान वा बकस पाएको सम्पत्ति बिक्री गरी प्राप्त पैसाबाट अर्को सम्पत्ति खरीद गरेमा वा सो दान बकसबाट प्राप्त सम्पत्तिबाट बढे बढाएको सम्पत्तिमा पनि बन्डा नलाग्ने स्वतः स्पष्ट हुन जान्छ । त्यसैले कि.नं.२६६ र २३१ को जग्गाहरू सत्तार जोलाहाले हालैको बकसपत्रबाट पाएको प्रमाणित भइरहेको अवस्थामा सो जग्गा बिक्रीबाट प्राप्त रकमबाट खरीद गरिएको भन्ने तथ्य अन्यथा प्रमाणित नभएको अवस्थामा कि.नं.१९० र २१९ को जग्गा उल्लिखित कानूनी व्यवस्थाका आधारमा निज सत्तार जोलाहाको निजी आर्जनको भई बन्डा गर्न कर नलाग्ने नै हुन जान्छ । तसर्थ उक्त कि.नं. १९० र २१९ को जग्गामा यी प्रत्यर्थी।वादीको अंशभाग लाग्ने देखिन नआएकोले निजले सो जग्गाहरूबाट समेत अंश पाउने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

निजी आर्जनबाट प्राप्त भएको भन्ने ठोस प्रमाणको अभावमा सगोलका कुनै अंशियारको नाममा रहेको जग्गालाई जग्गा नाममा रहेको आधारमा मात्र निजी आर्जनको जग्गा मान्न मिल्दैन । यस्तो जग्गामा सबै अंशियारहरूको अंश भाग लाग्ने। पुनरावेदकले २०४४।१।१४ मा दायर भएको दे.नं.८३८ को अंश मुद्दामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेको भने पनि सो मानो छुट्टिएको मिति उक्त मुद्दाका वादी र प्रतिवादीहरूका बीचमा मात्र लागू हुने हो। सो सोही मुद्दाका प्रतिवादीका रूपमा रहेका यी प्रत्यर्थी / वादीका पति इब्राहिम जोलाहा र यी पुनरावेक / प्रतिवादीहरूको बीचमा लागू हुने होइन। प्रत्यर्थी / वादीका पति इब्राहिम र यी पुनरावेदकहरू समेत एकासगोलमा भएकाले नै निजहरू समेत उपर अंशियार मध्येका सकुर जोलाहाले फिराद दर्ता गरेको हो । त्यसैले उक्त मुद्दाको फैसलाले मानो छुट्टिएको मिति कायम गरेको सो मुद्दाका प्रतिवादी प्रतिवादीका बीचमा नभई वादी र प्रतिवादीहरूका बीचमा लागू हुने स्वतः स्पष्ट हुनजान्छ । त्यसैले पुनरावेदकहरूको २०४४ सालमा नै मानो छुट्टिएकोमा सो पछि उक्त जग्गाहरू खरीद गरी लिएको भन्ने जिकिरहरूसँग सहमत हुन नसकिने। तसर्थ यी पुनरावेदक / प्रतिवादीहरू मध्येका गफ्फार जोलाहाका नाममा रहेको कि.नं.१३५ र नजबुन जोलाहाका नाममा रहेको कि.नं.१३४ को जग्गालाई निजी आर्जनको देखिने प्रमाणको अभावमा निजी आर्जनको हो भनी भन्न नमिल्ने हुँदा उक्त जग्गामा यी प्रत्यर्थी / प्रतिवादीको बन्डा लाग्ने गरी भएको सुरू फैसला सदर गरेको हदसम्म पुनरावेदन अदालतले गरेको फैसला मिलेकै देखिन आयो । उक्त कि.नं.१३४ र १३५ को जग्गामा समेत बन्डा नलाग्ने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिमध्ये कि.नं.३२६, १५२, १३१ र १३३ को जग्गा पुनरावेदक / प्रतिवादीमध्येका सत्तार जोलाहाले हालैको बकसपत्रबाट प्राप्त गरेको देखिएको र कि.नं.१९० र २१९ को जग्गा

निजले हालैको बकसपत्र पाएको कि.नं.२६६ र २३१ बिक्री गरी आएको पैसाबाट खरीद गरेको देखिन आयो। सोबाहेक अरू सम्पत्ति सगोलको सम्पत्ति नै भई सबै अंशियारको बन्डा लाग्ने नै देखिन आयो। अतः कि.नं.३२६, १५२, १३१ र १३३ को जग्गाबाट प्रत्यर्थी / वादीले अंश नपाउने र सोबाहेकको अरू सम्पत्तिबाट प्रत्यर्थी / वादीले दुई भागको एक भाग अंश पाउने ठहर्‍याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६५।९।१४ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६६।१०।६ मा भएको फैसला उल्लिखित कित्ता जग्गाहरूबाट बन्डा नपाउने ठहर्‍याएको हदसम्म मिलेकै देखिएको र सो बाहेक कि.नं.१९० र २१९ को जग्गासमेतबाट बन्डा पाउने ठहर्‍याएको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उल्लिखित कि.नं.३२६, १५२, १३१ र १३३ का साथै कि.नं.१९० र २१९ को जग्गा बाहेकको तायदातीमा उल्लिखित सम्पत्तिबाट मात्र प्रत्यर्थी वादीले २ भागको १ भाग अंश पाउने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-RC-००१७, कर्तव्य ज्यान तथा जबरजस्ती करणी, *नेपाल सरकार वि. जलबहादुर गुरूङ*

प्रतिवादीको साबिती बयान मिसिल संलग्न जाहेरी दरखास्तको बेहोरा, जाहेरवालाले अदालतमा आई गरिदिएको बकपत्र, विकास गुरूङ, पुनमती गुरूङ, आशमाया गुरूङ, सोमबहादुर नेपाली, भरत नेपालीसमेतको कागज बेहोरा, आशामाया गुरूङ र पीडितले अदालतमा समेत गरिदिएको बकपत्र र पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका कागज प्रमाणहरूबाट समर्थित तथा पुष्टि हुन आएको छ। यसबाट प्रतिवादीले जाहेरवालाको नाबालक बच्चाहरू पूर्णप्रसाद गौडेल र "परिवर्तित नाम ४१ पोखरा MD7" लाई मिति २०६३।६।२२ गते साँझ निजहरूको लेकसाइडस्थित रेस्टुरेन्टबाट आफ्नो हजुरआमाको घरमा लगेको र हजुरआमासँग झगडा भएको कारण बच्चाहरूलाई फर्काई ल्याउने क्रममा हरियोखर्कस्थित सेती पुलमा आएपछि निज प्रतिवादीले कर्तव्य गर्ने नियतले पूर्णप्रसाद गौडेललाई सेती नदीमा फाली दिई सो स्थानमा चौरमा लगी "परिवर्तित नाम ४१ पोखरा MD7" लाई समेत जबरजस्ती करणी गरी मारिदिने नियतले सेती नदीमा फालेकोमा "परिवर्तित नाम ४१ पोखरा MD7" को जीवितै उद्धार गरिएको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आउने। एकआपसमा परस्पर समर्थित नाबालक पीडितको मौकाको कागज र अदालतमा गरिदिएको बकपत्रको बेहोरा, मौकामा बुझिएका अन्य वारदातसँग सम्बन्धित व्यक्तिको मौकाको र अदालतको बकपत्रको भनाइ र प्रतिवादीको मौकाको र अदालतको घटनाक्रमसमेत उल्लेख गरी गरिदिएको बयानको बेहोराबाट यी प्रतिवादीले अभियोग दाबीअनुसारको कसुर गरेका रहेनछन् भनी भन्न सकिने देखिँदैन। त्यसैले प्रतिवादीले नाबालक पूर्णप्रसाद गौडेललाई हरियोखर्कस्थित सेती पुलबाट फाली हत्या गरी ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर गरेको, "परिवर्तित नाम ४१ पोखरा MD7" लाई मार्ने मनसायले सेती नदीमा फालेकोमा निजको जीवितै उद्धार गरी निजको ज्यान बचेकाले ज्यानसम्बन्धी महलको १५ नं.को कसुर गरेको र पीडिता "परिवर्तित नाम ४१ पोखरा MD7" लाई जबरजस्ती करणीसमेत गरी जबरजस्ती करणीको १ नं. र ३(१) नं. को कसुर गरेकाले निज प्रतिवादी गोरे भन्ने जलबहादुर गुरूङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, ज्यान मार्ने उद्योगतर्फ ऐ.को १५ नं. बमोजिम ५ वर्ष कैद र जबरजस्ती करणीको महलको ३(१) नं.बमोजिम १५ वर्ष कैद गरी ऐ. महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश पीडितालाई क्षतिपूर्तिबापत भराइदिने गरी भएको फैसला मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी गोरे भन्ने जलबहादुर गुरूङलाई पूर्णप्रसाद गौडेललाई कर्तव्य गरी मारेको कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, पीडित "परिवर्तित नाम ४१ पोखरा MD7" लाई जबरजस्ती करणी गरेको कसुरमा जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम

प्रतिवादीको आधा अंश पीडितालाई क्षतिपूर्तिबापत भराइदिने र निज पीडितको ज्यान मार्ने उद्योगको कसुर गरेतर्फ ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०६३।०२।२६ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७३।०३।०९ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *ईन्द्रबहादुर अधिकारी वि. भक्तपुर जिल्ला अदालत, तहसिल शाखासमेत*

पुनरावेदन अदालत, पाटनको फैसलाको ठहर खण्डमा दुईजना प्रतिवादीहरू उपर कसुर ठहर भएको भनी उल्लेख भएको, सुरू अदालतबाट यी निवेदक इन्द्रबहादुर अधिकारी र प्रतिवादी गंगाराम लघुलाई कसुर ठहर गरेको देखिँदा यी निवेदक प्रतिवादी इन्द्रबहादुर अधिकारीको हकमा पनि जरिवाना रू. सात लाख पचास हजार मात्र नै हुने मुलुकी ऐन, अ.बं. २०५ नं. को कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी निवेदक इन्द्रबहादुर अधिकारीले आफूलाई पुनरावेदन अदालत, पाटनको फैसलाले अर्का प्रतिवादी गंगाराम लघुलाई ठहरेको जरिवाना रू.७,५०,०००।– सरह जरिवाना रू. ७,५०,०००।– बुझाउन पाउने नै देखिँदा निजको हकमा समेत सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६५।३।१६ को फैसलाको तपसिल खण्डको देहाय ३ नं. मा उल्लिखित बिगो रू.१५,००,०००।– र जरिवाना रू.१५,००,०००।– गरी जम्मा रू.३०,००,०००।– असुलउपर गर्नु भन्ने लगत सच्चाई पुनरावेदन अदालत, पाटनको फैसलाअनुसार अर्का प्रतिवादी गंगाराम लघुलाई ठहरेको जरिवाना रू.७,५०,०००।– सरह यी निवेदक इन्द्रबहादुर अधिकारीको हकमा समेत जरिवानाको लगत रू.७,५०,०००।– राखी निज निवेदकले सो जरिवाना बुझाउन ल्याए बुझ्नु पर्नेमा सुरू भक्तपुर जिल्ला अदालत र सिन्धुपाल्चोक जिल्ला अदालतले बुझी नलिई यी निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको देखिन आउने।

तसर्थ माथि विवेचित कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी प्रतिवादी इन्द्रबहादुर अधिकारीलाई पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१७ को फैसलाअनुसार अर्का प्रतिवादी गंगाराम लघुलाई ठहरेको जरिवाना रू.७,५०,०००।– सरह यी निवेदक इन्द्रबहादुर अधिकारीको हकमा समेत जरिवानाको लगत सच्चाई रू.७,५०,०००।– लगत राखी यी निवेदकले सो जरिवाना बुझाउन ल्याउँदा बुझ्नु पर्नेमा सुरू भक्तपुर जिल्ला अदालत र सिन्धुपाल्चोक जिल्ला अदालतले नबुझी गैरकानूनी थुनामा राखेको देखिँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने। पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१७ को फैसलाको ठहर खण्डमा बिगो रू.१५,००,०००।– को दुई जना प्रतिवादीहरूलाई कसुर ठहर भएको हुँदा दामासाहीले रू.७,५०,०००।– जरिवाना हुने भनी उल्लेख भएको र यी निवेदकलाई ठहरेको दुई वर्ष कैद थुनामा बसी भुक्तान भइसकेको हुँदा यी निवेदक इन्द्रबहादुर अधिकारीले पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१७ को फैसलाअनुसार अर्का प्रतिवादी गंगाराम लघुलाई ठहरेको जरिवाना रू.७,५०,०००।– सरह जरिवाना रू.७,५०,०००।– बुझाउन ल्याए बुझी लिई निजलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको थुनाबाट तत्काल छाडी दिनु भनी विपक्षी भक्तपुर जिल्ला अदालत र सिन्धुपाल्चोक जिल्ला अदालतमा लेखी पठाउने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CR-०४६०, वन पैदावर अवैध कटान तथा ओसारपसार, *नेपाल सरकार वि. मजलुम मियाँसमेत*

कुनै व्यक्तिले अनुसन्धानका क्रममा व्यक्त गरेको

कुरा सत्य साँचो हो, होइन भनेर अदालतमा परीक्षण गर्ने गरिन्छ । अदालतमा न्यायिक प्रक्रियाको अवलम्बन गरी परीक्षण हुन नसकेको कुरालाई प्रमाणमा लिँदा न्यायिक मान्यताको विपरीत हुन जान्छ । त्यसैले हाम्रो कानूनी व्यवस्था तथा प्रचलित न्यायिक मान्यताले साक्षी परीक्षणमा जोड दिएको पाइन्छ। तसर्थ अदालतमा परीक्षण हुन नसकेको सर्जमिन तथा मौकामा व्यक्त गर्ने व्यक्तिहरूको कथनलाई प्रमाणमा ग्रहण गर्न सकिने अवस्था नरहने।

बरामदी मुचुल्का तथा यसको बेहोराको सत्यताको पुष्टि अदालतमा हुन नसकेको अवस्थामा उक्त बरामदी मुचुल्का निर्विवाद र निसन्देह रहेको मान्न सकिँदैन । शङ्का र विवाद गर्न सकिने थोरै मात्र पनि आधार रहेको अवस्थामा पनि त्यस्तो शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ । त्यसैले अभियोग दाबी र जिकिरको मुल आधारको रूपमा रहेको बरामदी मुचुल्का आफैँमा प्रमाणित हुन नसकी शङ्कास्पद रहेको अवस्थामा त्यस्तो मुचुल्काका आधारमा लगाएको अभियोग प्रमाणित हुन नसक्ने । वादी पक्षबाट पेस भएका प्रमाणबाट अभियोग स्पष्ट तथा शङ्कारहित तवरबाट प्रमाणित हुन नसकेको अवस्थामा केवल अभियोग लगाएकै आधारमा कसैलाई दोषी ठहऱ्याउनु नमिल्ने हुँदा यी प्रत्यर्थी / प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नै देखिन आउने।

प्रतिवादीहरू नारायण चौधरी र सिल्टु मियाँले सुरू जिल्ला अदालतमा तारिख गुजारी बसेको देखिन आएको छ । तोकिएको तारिखमा हाजिर हुनेछु नभएमा राखेको धरौटी वा सो बराबरको जेथा जफत हुने पहिले नै शर्त राखिने हुँदा र धरौटीको उद्वेश्य नै तोकिएको तारिखमा हाजिरीको सुरक्षणसमेत भएकोले तोकिएको तारिखमा हाजिर नभएमा धरौट वा जेथा जमानी जफत हुने हुन्छ। तारिख गुजारी बसेको व्यक्तिले आफू उपस्थित हुन नसकेको मनासिब कारण देखाएमा सोबमोजिम अड्डाले जफत नगर्न पनि सक्नेछ भन्ने दफा १२४ मा व्यवस्था गरेको भए पनि यसमा यी प्रतिवादीहरूले तारिख गुजारेपछि आफू उपस्थित हुन नसक्नाको कुनै मनासिब कारण अड्डामा देखाउन सकेको पाइँदैन। त्यसैले अभियोगबाट सफाइ पाएकै आधारमा तोकिएको तारिखमा उपस्थित नभए पनि धरौट वा सो बराबरको जेथा जफत नहुने भनी भन्न मिल्दैन। तसर्थ सबै प्रतिवादीहरूले सफाइ पाएकोले प्रत्यर्थी / प्रतिवादीहरू मध्येका नारायण चौधरी र सिल्टु मियाँले राखेको धरौटी जफत नहुने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट सुरू उदयपुर जिल्ला अदालतबाट भएको मिति २०६५।०४।१५ को फैसला प्रतिवादीहरूलाई सफाइ दिएको हदसम्म मिलेकै देखिएको र प्रतिवादीमध्येका नारायण चौधरी र सिल्टु मियाँले राखेको धरौटी जफत गर्ने गरी तपसिल खण्डमा उल्लेख गरेको हदसम्म मिलेको नदेखिएको भनी सुरू फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।२।२४ मा भएको फैसला उक्त धरौटी जफत नहुने ठहऱ्याएको हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०९१८, अंश दपोट, *खेदु महतो धानुक वि. सविताकुमारी मण्डल*

पुनरावेदक प्रतिवादी खेदु महतो धानुकले मानो छुट्टिएको मितिपश्चात् मिति २०६४।८।२० मा र.नं. ९५४ बाट उक्त कि.नं.१८९ को ०-३-० को घरजग्गा रामपतिदेवीबाट राजीनामा पारित गरी खरीद गरी लिएको देखिन्छ। तसर्थ उक्त कि.नं.१८९ को ०-३-० को घरजग्गा मानो छुट्टिएको मिति पश्चात् यी पुनरावेदक प्रतिवादी खेदु महतो धानुकले प्राप्त गरेको देखिँदा उक्त सम्पत्ति निजको तायदाती फाँटवारीमा उल्लेख गर्नुपर्ने सम्पत्ति हो भन्न मिलेन । तायदाती फाँटवारीमा उल्लेख गर्न नपर्ने उक्त घरजग्गा सम्पत्ति निज प्रतिवादीको तायदाती फाँटवारीमा उल्लेख नगरेको, नभएको अवस्थामा वादी दाबीबमोजिम प्रतिवादीले अंश दपोट गरेको भन्न मिल्ने

नदेखिने । उक्त घरजग्गा यी पुनरावेदक प्रतिवादी खेदु महतो धानुकले यी वादी प्रतिवादी मानो छुट्टिएको कायम भएको मिति २०६२।१।१ भन्दापछि मिति २०६४।८।२० मा र.नं. ९५४ बाट रामपतिदेवीबाट राजीनामा पारित गरी खरीद गरी लिएको देखिँदा मानो छुट्टिएको मिति कायमपछि खरीद गरी लिएको उक्त घरजग्गा सम्पत्ति यी पुनरावेदक प्रतिवादी खेदु महतो धानुकको आफ्नो निजी हुने देखियो । त्यस्तो निजी सम्पत्तिमा वादीको अंशहक लाग्ने अवस्था रहँदैन । त्यस्तो निजी आर्जन तथा स्रोतबाट मानो छुट्टिएपछि खरीद गरेको सम्पत्ति समेतबाट मानो छुट्टी भिन्न भइसकेका अंशियारलाई पैतृक सम्पत्ति जस्तो गरी अंशस्वरूप छुट्याई दिनु न्यायोचित र कानूनसङ्गत् नहुने । पुनरावेदक / प्रतिवादी खेदु महतो धानुकको निजी आफूखुशी गर्न पाउने उक्त कि.नं.१८९ को ०-३-० को घरजग्गालाई वादी प्रतिवादीको एकासगोलको पैत्रिक सम्पत्ति जस्तो मानी बन्डा गर्न मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा भएको उल्लिखित कानूनी व्यवस्थासमेतको परिप्रेक्ष्यमा वादीको अंश हक पुग्नेसमेत नदेखिएकाले पुनरावेदन अदालत, हेटौडाबाट सुरू फैसला उल्टी गरी त्यस्तो निजी आफूखुशी गर्न पाउने सम्पत्तिबाट २ भाग लगाई १ भाग वादीले छुट्याई लिन पाउने ठहऱ्याएको फैसला मिलेको नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट मिति २०६२।१।१ मा मानो छुट्टिएको मितिभन्दा पछि राजीनामाबाट प्राप्त गरेको उक्त कि.नं.१८९ को ०-३-० को घरजग्गा मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा भएको कानूनी व्यवस्थासमेतको परिप्रेक्ष्यमा वादीको अंश हक पुग्नेसमेत नदेखिएकाले सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरी वादीको अंश हक नपुग्ने यी पुनरावेदक प्रतिवादी खेदु महतो धानुकको कि.नं.१८९ को ०-३-० को घरजग्गा बन्डा हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।६।२१ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई बदर हुने ।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०७४८, अंश, *लहरी लोनियासमेत वि. रतिराम लोनिया*

मूलपुर्खा स्व.मोल्हे लोनियाको मृत्यु भएपछि निजका नाउँको मोहीयानी हक निजका चार भाइ छोराहरूका नाममा नामसारीका लागि प्रतापपुर गाउँ पञ्चायत बाँकेको सिफारिससाथ भूमिसुधार कार्यालय, बाँकेमा निवेदन दिई भूमिसुधार कार्यालय, बाँकेको मिति २०३८ मङ्सिर २६ को निर्णयबाट कि.नं. २५८ को १-९-१३ जग्गा नन्कु लोनियाका नाउँमा, कि.नं. ४५,४४, १०२, ११७ को ०-१५-६ जग्गा क्षेत्रपाल लोनियाका नाउँमा, कि.नं.१५०, १६८, १३०, १२७, ११५, २०६, ५१ को ०-१५-५ जग्गा छोटेराम लोनियाका नाउँमा र कि.नं. २१५ को ०-१८-२ जग्गा घुरे लोनियाका नाउँमा नामसारी भएको पुनरावेदन अदालत, नेपागञ्जमा पेस भएका भूमिसुधार कार्यालयको प्रमाणित निर्णय, जग्गाधनी प्रमाण पुर्जा र नापी कार्यालयको फिल्ड बुक उतारबाट देखिन्छ । यसरी तत्कालीन समयमा दाजुभाइबीचमा आपसी सहमती कायम गरी बाबुका नाउँको मोहीबापतको सम्पत्ति चारै भाइले पृथकपृथक नामसारी गराई लिई कमाई जग्गाधनीलाई कुत बुझाई आएकामा भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३।९।२४ मा भएको चौथो संशोधनबाट धनीसँग जग्गा बाँडफाँड गरी आआफ्नो नाउँमा दर्ता गरी प्राप्त हुन आएको देखिन्छ । उक्त जग्गा बाँडफाँड गरी आआफ्नो नाउँमा दर्ता गरेका उक्त जग्गाहरूसमेतलाई अन्यथा गर्नु मनासिब नहुने हुँदा उक्त जग्गाहरू मध्ये कै रतिराम लोनियाका नाउँको कि.नं. ४४०, नन्कु लोनियाका नाउँको कि.नं. ४०९ र क्षेत्रपाल लोनियाका नाउँका १०२, ११७ र १६६ समेतका जग्गाहरू आपसी सहमतीले नरम गरम मिलाएर आफ्ना नाममा मोही नामसारी गराई जग्गा बाँडफाँड गरी आ-आफ्ना नाममा दर्ता गराएको व्यवहार प्रमाणबाट देखिँदा सो जग्गाहरू बन्डा नलाग्ने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।३।१० को फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट

मोहीबाट प्राप्त गरेका रतिराम लोनियाका नाउँको कि.नं. ४४०, नन्कु लोनियाका नाउँको कि.नं. ४०९ र क्षेत्रपाल लोनियाका नाउँका १०२, ११७ र १६६ समेतका जग्गाहरू बन्डा हुन नसक्ने भनी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।३।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१६४५, कर्तव्य ज्यान, *कर्णदेव सन्यासी वि. नेपाल सरकार*

मौकामा कागज गर्ने मोतीलाल भारतीले प्रतिवादीले मृतकलाई फलामको बासुलो प्रहार गरी घाइते बनाएकोमा उपचार गर्न लैजाने क्रममा मृत्यु भएको भन्ने सुनेको हुँ भनी उल्लेख गरी अदालतमा बकपत्र गरेको देखिन्छ। जाहेरवाला तिते विश्वकर्माले प्रतिवादी कर्ण वन भन्ने कर्ण देव सन्यासीले मृतकसँग विवाद गरी मृतक केसे वि.क. को पेटमा बासुलो प्रहार गरेकोमा घाइते भएको र उपचारको लागी लैजाँदै गर्दा मृत्यु भएको हो भनी जाहेरी दरखास्तको बेहोरा अनुरूप अदालतमा बकपत्र गरेको देखिन्छ। वस्तुस्थिति मुचुल्कामा कागज गर्ने चन्द्र वि.क. समेतले दुवै जनाले सधै सँगसँगै काम गर्ने गर्दथे। उक्त दिन दुवै जनाले मदिरा सेवन गरी विवाद गरेकोमा प्रतिवादीले बासुलाले प्रहार गरेको र सोही प्रहारको कारण लागेको चोटका कारणले नै मृतकको मृत्यु भएको हो भन्ने विश्वास लाग्छ भनी उल्लेख गरेको देखिन्छ । यसबाट समेत प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतको साबिती बयान पुष्टि हुन आउने।

तसर्थ जाहेरवालाको किटानी जाहेरी दरखास्त र अदालतको बकपत्र, प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्षको साबिती बयान, मौकामा कागज गर्ने मोतिलाल भारतीले अदालतमा गरेको बकपत्र बेहोरा, लास जाँच र शव परीक्षण प्रतिवेदनको बेहोरासमेतका आधारमा यी प्रतिवादीले प्रहार गरेको बासुलोको चोटको कारण मृतक केशे वि.क.को मृत्यु भएको पुष्टि हुन आयो। यस अवस्थामा पुनरावेदन अदालत, दिपायल, डोटीबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको फैसला अन्यथा नभई मिलेकै देखिन आउने।

प्रतिवादीले मृतकलाई मार्ने उदेश्य लिएको वा प्रयास गरेको अवस्थासमेत देखिएको छैन । प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा साथै रक्सी सेवन गरेका र वादविवाद हुँदा मृतकले साइकलले प्रहार गरेकोमा आवेगमा आई रिस थाम्न नसकी तत्काल प्राप्त भएको काठ ताछ्ने बासुलोले प्रहार गरेको हो, मेरो मार्ने मनसाय थिएन भनी उल्लेख गरेको देखिन्छ । सो बयान बेहोरालाई वादी पक्षले अन्यथा हो भनी पुष्टि हुने गरी खण्डन गर्न सकेको अवस्था देखिँदैन। यसरी पूर्वरिसइवीले मार्ने योजना नभएर सामान्य विवादको परिणामस्वरूप तत्काल उठेको रिसबाट कर्तव्य गरी घाइते बनाएको र उपचारको लागि लैजाने क्रममा मृत्यु भएको मिसल संलग्न प्रमाणहरूबाट खुल्न आउनुका साथै प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष वारदात घटाएकोमा साबित भई बयान गरेबाट निजले घट्ना दवाउने वा प्रमाण लोप गर्ने जस्ता काममा नलागी स्पष्ट र साँचो कुरा भनेर अनुसन्धानमा र न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत देखिन्छ। प्रतिवादीले ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुर गरेको ठहरे तापनि घट्नाको प्रकृति र पारिवारिक अवस्थासमेत हेर्दा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने पुनरावेदन अदालत, दिपायल, डोटीको राय मनासिब देखिँदा सदर हुने।

तसर्थ उपर्युक्त आधार र कारणबाट पुनरावेदक प्रतिवादी कर्ण वन भन्ने कर्ण देव सन्यासीलाई ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई अ.बं.१८८ नं. अनुसार कैद वर्ष १० कैद सजाय हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, दिपायल, डोटीको मिति २०७२।९।२१ गतेको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-WO-०१८६, उत्प्रेषण / परमादेश, *विरेन्द्रकुमार यादव वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

मिसिल संलग्न कागजात र विपक्षी प्रहरी कार्यालयको लिखित जवाफबाट विभागीय सजाय गरी निवेदकलाई नोकरीबाट बर्खास्त गर्दा लगाइएको आरोपहरू लागु औषध मुद्दामा कारवाही भइरहेको भन्ने बाहेक आरोपित यी निवेदकले कुन कसुर बराबर उल्लघन गरेका हुन ? के कस्तो विशेष जिम्मेवारी दिएको थियो र पूरा गरेनन् ? र के कस्तो आचरण के गरी बराबर उल्लङ्घन गरेका हुन् सोको यथेष्ट तथ्यहरू रहेको पाइँदैन । सरकारी सेवामा रहेको एउटा राष्ट्रसेवकलाई सेवाबाट बर्खास्त गर्ने जस्तो गम्भीर आरोप लगाउँदा आरोप लगाउने पक्षले आफूले लगाएको आरोप पुष्टि हुने गरी यथेष्ट प्रमाण पेस गर्नुपर्ने हुन्छ । तसर्थ बिनाआधार र प्रमाणको अभावमा लगाएको आरोप पुष्टि हुने आधार देखिन नआउने ।

निवेदकलाई लागु औषध ओसार पसार गरेको भनी लगाएको अभियोगमा निवेदकले अदालतबाट सफाइ पाइसकेपछि सो लागु औषध मुद्दाको परिणामबाट प्रस्तुत विभागीय सजायमा समेत अन्तरप्रभावी रहन जान्छ । निवेदकलाई विभागीय सजाय गर्दा लगाइएको आरोप अदालतको फैसलाबाट पुष्टि हुन सकेको पाइँदैन । लागु औषध ओसार पसारको अभियोगमा अदालतबाट सफाइ पाइसकेको हुँदा अब विभागीय सजाय गर्न पर्ने मूल आधार नै प्रमाणित हुन नसक्ने ।

प्रहरी नियमावली, २०४९ को नियम ८४ (ज) बमोजिमको सजाय दिनु अघि निजलाई लगाएको आरोपको बारेमा नियम ८९, ९०, ९१ र ९२ बमोजिमको सजाय तथा पुनरावेदनसम्बन्धी कार्यविधि पूरा गर्नुपर्ने देखिन्छ । विपक्षी प्रहरी प्रधान कार्यालयसमेतको लिखित जवाफसमेतबाट निवदेकलाई लगाएको आरोपको सफाइ पेस गर्ने मनासिब मौका दिएको वा स्पष्टीकरण सोध्ने कार्य भएको थियो भनी उल्लेख गर्न सकेको पाइदैन । नियमावलीको नियम ८४ को देहाय (ज) बमोजिम नोकरीबाट बर्खास्त गर्ने गरेको निर्णयको जानकारी नियम ९२(४) बमोजिम यी निवेदकलाई अनिवार्य रूपमा दिनु पर्नेमा दिएको पाइँदैन । उक्त सजायको जानकारी निवेदकलाई दिइएको थियो भनी लिखत जवाफमा जिकिर लिन सकेको र पुनरावेदनको जानकारी निवेदकले बुझेको निस्सा पेस गर्न सकेको पाइँदैन । यस तथ्यबाट निवेदकले पुनरावेदनको जानकारी प्राप्त गरेका रहेछन भनी मान्न सकिएन । तसर्थ आफूलाई भएको सजायको बारेमा जानकारी नभइकन सोको पुनरावेदन दिन सक्ने अवस्था नरहने ।

उल्लिखित सन्दर्भमा सर्वोच्च अदालतको उक्त फैसलापश्चात् आफ्नो सेवा पुनर्बहाली गरिपाउँ भनी निवेदकले प्रहरी प्रधान कार्यालयमा निवेदन दिएकोमा सो निवेदनउपर उक्त कार्यालयले गृह मन्त्रालयलाई लेखेको पत्रबाट मिति २०६१।७।१७ गतेको विभागीय कारवाहीको विरूद्धमा पुनरावेदन नगरेको भन्ने आधार लिई निजलाई सेवामा बहाल गराउन इन्कार गर्नु प्रहरी नियमावली तथा राष्ट्रसेवक कर्मचारीहरूलाई विभागीय कारवाही गर्ने गरी सर्वोच्च अदालतबाट समय-समयमा स्थापित सिद्धान्तको रोहमा न्यायसङ्गत् देखिन नआउने ।

निवेदकलाई सेवामा बहाली गर्न इन्कार गरेको कानूनी आधारलाई विचार गर्दा, प्रहरी नियमावलीको नियम ८८ को देहाय (ग)(ङ) र (ज) को कसुरमा ऐ. नियमावलीको (ज) लाई लिएको देखिन्छ । उक्त व्यवस्था हेर्दा विपक्षीले आधार लिएको कानूनी आरोप ठहर भएमा मात्र उक्त कानूनी व्यवस्था लागू हुने हो । प्रस्तुत सन्दर्भमा निवेदकलाई लगाइएको आरोप ठहर भएको नभई केवल अभियोग मात्र रहेको देखिन आउँछ । निवेदकलाई लगाएको आरोपबाट सफाइ पाइसकेपछि निजलाई लगाएको आरोपको कुनै कानूनी अस्तित्त्व रहन सक्ने देखिँदैन । जुन आरोपको कानूनी अस्तित्त्व छैन सोही आरोपको आधारमा सेवाबाट गैरकानूनी तवरबाट बर्खास्त भएका निवेदकले सेवामा पुनर्वहाली गर्न पाउनु पर्ने देखिन आउने ।

निवेदक राष्ट्र सेवक कर्मचारी रहेको भन्ने तथ्यमा विवाद रहेको छैन । निजले प्रहरी नियमावलीको

कुन कसुरको आरोपमा विभागीय कारवाही गरिएको हो भन्ने कुरा स्पष्ट नभई लागु औषध मुद्दामा आरोप लागेकै आधारमा सेवाबाट बर्खास्ती गर्ने जस्तो कठोर र अन्तिम सजाय गर्दा निजको सेवा शर्तसम्बन्धी नियममा उल्लिखित कार्यविधिको अक्षरश: पालना भएको देखिन नआउने । अक्षरश: पालना गर्नुपर्ने नियमको ठाडो उल्लङ्घन गरी तथा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी भएको निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिन नआउने ।

तसर्थ, विवेचित तथ्य, प्रहरीसम्बन्धी कानून र सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतको आधारमा सफाइको मनासिब मौका नदिइकन लगाइएको आरोपको आधारमा बर्खास्त गर्ने निर्णय गरेको जिल्ला प्रहरी कार्यालय, सुनसरीको मिति २०६१।७।१७ गतेको निर्णय र प्रहरी प्रधान कार्यालयले विभागीय सजाय बदर भई नआएको अवस्थाको कारण देखाई सेवामा पुनर्बहाली गर्न इन्कार गरी गृह मन्त्रालयलाई पत्राचार गरेको मिति २०६७।४।२१ गतेको पत्र कानूनसम्मत् नदेखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । निवेदकलाई बर्खास्त गरेको पदमा पुनर्बहाली गराई सेवामा कामकाज लगाई निजलाई कानूनबमोजिम पाउने तलब भत्तालगायतका अन्य सेवा सुविधासमेत दिनु दिलाउनु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-१११४, वैदेशिक रोजगार ठगी, *प्रमीला के.सी. वि. नेपाल सरकार*

जाहेरवाला राजु शाक्यले वैदेशिक रोजगार विभागसमक्ष परेको जाहेरी आफूले दिएको हो । प्रतिवादी प्रमीला के.सी. ले वैदेशिक रोजगारका लागि जापान पठाइदिन्छु भनी मबाट रू.४,५०,०००।– बुझी लिई कागज गरिदिएको हो जबरजस्ती कागज गराएको हो भन्ने प्रतिवादीको बयान झुट्टा हो । भनी आफूले दिएको जाहेरी दरखास्तलाई समर्थन हुने गरी न्यायाधीकरणसमक्ष उपस्थित भई बकपत्र गरेको पाइन्छ । यसैगरी मिति २०६७।४।२० को लिखत कागजका साक्षीहरू लिखितेन्द्र श्रेष्ठ र निशा श्रेष्ठले पनि प्रतिवादी प्रमीला के.सी.ले जाहेरवालालाई वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनी रू.४,५०,०००।– बुझी लिई कागज गरिदिएको हो । उक्त लिखत र लेनदेन कारोबार हामीहरूकै अगाडी भएको हो भनी बकपत्र गरिदिएकाले उक्त लिखत समर्थित भएको पाइने ।

पुनरावेदक / प्रतिवादी प्रमीला के.सी.ले जाहेरवाला राजु शाक्यलाई वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनी मिति २०६७।४।२० मा गरिदिएको लिखत, उक्त लिखतका अन्तरसाक्षीहरूको बकपत्र तथा जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादी प्रमीला के.सी. ले जाहेरवाला राजु शाक्यलाई वैदेशिक रोजगारका लागि जापानमा पठाउछु भनी रू.४,५०,०००।– लिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको तथ्य पुष्टि हुन आएको पाइन्छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले सो ऐनबमोजिम इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न निषेध गरेको पाइन्छ । सोही ऐनको दफा ४३ ले उक्त दफा १० बमोजिम इजाजतपत्र नलिई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारमा लगाईदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा कसुर ठहरिने छ भन्ने व्यवस्था गरेको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादी प्रमीला के.सी.ले वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्नका लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम इजाजतपत्र लिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको देखिएन । यसरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कानूनबमोजिम इजाजतपत्र नलिएका पुनरावेदक / प्रतिवादी प्रमीला के.सी.ले जाहेरवाला राजु शाक्यलाई वैदेशिक रोजगारका लागि जापान पठाइदिन्छु भनी प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगारका लागि विदेश जापान नपठाई वादीले लगाएको अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीत दफा ४३ बमोजिमको कसुर अपराध गरेको देखिन

आउने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरू समेतबाट मिति २०६७।४।२० मा वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनी रकम रू.४,५०,०००।– बुझी प्रतिवादी प्रमीला के.सी. ले जाहेरवाला राजु शाक्यलाई गरिदिएको लिखतसमेतबाट यी पुनरावेदक / प्रतिवादी प्रमीला के.सी.ले अभियोग माग दाबीबमोजिमको कसुर गरेको देखिएको र पीडित राजु शाक्यलाई विदेश जापान पठाइसकेको अवस्था नदेखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम निज पुनरावेदक / प्रतिवादी प्रमीला के.सी.लाई १(एक) वर्ष ६(छ) महिना कैद र रू.१,५०,०००।–(एक लाख पचास हजार रूपयाँ) जरिवाना हुने तथा पीडितबाट लिएको बिगो रू.४,५०,०००।– (चार लाख पचास हजार रूपयाँ) र सोको ५० प्रतिशतले हुने हर्जना रकम रू.२,२५,०००।– (दुई लाख पच्चिस हजार रूपयाँ) समेत जम्मा रू.६,७५,०००।– (छ लाख पचहत्तर हजार रूपयाँ) पुनरावेदक / प्रतिवादी प्रमीला के.सी.बाट पीडित जाहेरवाला राजु शाक्यले हर्जनाबापत भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधीकरण काठमाडौंबाट मिति २०६८।६।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, ०७०-CR-१६२५, हातहतियार खरखजाना, *नेपाल सरकार वि. श्रवणकुमार मण्डल*

प्रतिवादी चन्दा मण्डल भन्ने श्रवणकुमार मण्डल तत्काल खानतलासीबाट पक्राउ परेको पाइँदैन । सहअभियुक्त प्रतिवादी भुपा भन्ने भुपेन्द्र मुखियाको मौकाको पोलबाट अभियोगपत्र दायर भएपश्चात् मात्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित भएको र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा सहअभियुक्तको पोलमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ। सहअभियुक्त भुपा भन्ने भुपेन्द्र मुखियाको मौकाको बयानबाहेक प्रतिवादी चन्दा भन्ने श्रवणकुमार मण्डलको विरूद्धमा कुनै पनि प्रमाण पेस हुन आएको नपाइने।

वादी नेपाल सरकारको तर्फबाट वस्तुनिष्ठ र ठोस प्रमाण पेस गरी शङ्कारहित तवरले प्रतिवादीउपरको कसुर प्रमाणित गर्नुपर्ने हुन्छ। शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ । सहअभियुक्तको मौकाको बयानलाई आधार मानी प्रतिवादीलाई कसुरदार करार गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने देखिँदैन । यस्तो अवस्थामा सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीको निर्णय प्रतिवादी चन्दा मण्डल भन्ने श्रवणकुमार मण्डलको हकमा उल्टी भई प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मनासिब नै देखिने।

अतः बरामद भएको हतियार प्रतिवादी चन्दा मण्डल भन्ने श्रवणकुमार मण्डलको साथबाट बरामद नभएको, प्रतिवादीउपर केवल सहअभियुक्तको मौकाको बयानमा मात्र पोल रहेको, आरोपित कसुर पुष्टि हुने कुनै किसिमको प्रमाण पेस हुन नआएको स्थितिमा पुनरावेदन अदालत, राजविराजबाट प्रतिवादी चन्दा मण्डल भन्ने श्रवणकुमार मण्डललाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी मिति २०६९।११।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कालिबहादुर साम्यु लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई**, ०७०-CR-०७८२, जबरजस्ती करणी, *नेपाल सरकार वि. गुन्नु कवाडिया*

पीडितको स्वास्थ्य जाँचको प्रतिवेदन हेर्दा, General appearance: मानसिक तनाव भएजस्तो अनि डराइरहेको जस्तो देखिएको, शरीरमा कुनै चोटपटक, घाउ, नीलडाम नदेखिएको, Genital area परीक्षणको क्रममा धेरै pain & tenderness भएको हुँदा निजद्वारा

पटकपटक Examination refuse गरिराखेको, यौनाङ्गको वरिपरि कुनै किसिमको चोटपटक, घाउ, निलडाम नभएको, Vulva वरिपरि whitish discharge present, inner surface of labia majora-erythematous & tender, Hymen; excessive tenderness & painful, seems to be partially torn, fourchettel perineum: normal & intact भन्ने उल्लेख भई पीडितको जबरजस्ती करणी भएको हुनसक्ने देखिन्छ भन्ने बेहोराको मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रतिवेदन रहेको पाइने।

प्रतिवादी गुन्नु कबडिया र पीडितको परिवारबीच कुनै रिसइवी रहेको तथ्य खुल्न आएकोसमेत पाइँदैन । यति नै प्रमाणको भरमा यी प्रतिवादी गुन्नु कबडियाले जबरजस्ती करणीको पूर्ण अपराध गरेको रहेछ भन्न नमिल्ने।

पीडितको मौकाको बकपत्र, जाहेरी दरखास्त बेहोरा, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, अन्य परिस्थिति जन्य प्रमाणसमेतको आधारमा प्रतिवादी गुन्नु कबडियाले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.को कसुर सम्म गरेको रहेछ भन्नु पर्ने हुन आयो । तसर्थ, पुनरावेदन अदालत, सुर्खेतबाट सुरू फैसला उल्टी गरी प्रतिवादी गुन्नु कबडियालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगमा ५ वर्ष कैद सजाय गर्ने ठहर गरी भएको फैसलालाई अन्यथा भन्नु पर्ने नदेखिने।

अतः जाहेरी तथा पीडिताको बकपत्रसमेतबाट यी प्रतिवादीले जबरजस्ती करणीको पूर्ण अपराध गरेको देखिन नआएकोले उद्योग ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।०२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बू

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, ०७१-CR-०६३९, वैदेशिक रोजगार, *नेपाल सरकार वि. कमला बोहरा*

प्रतिवादी कमला बोहरा सुरूबाटै साधरण तारिखमा रही मिति २०६८।०८।२० बाट तारिख गुजारेकोमा निजको अन्य कुनै वतन नखुली फरार रहेको देखिन्छ । अर्कोतर्फ जाहेरवाला तथा पीडितसमेतको नाउँमा वैदेशिक रोजगार न्यायाधीकरणबाट जारी भएको मुलुकी ऐन, अ.बं.११५ नं. बमोजिमको साक्षी प्रमाण बुझ्ने आदेश भऐकोमा सोको म्याद निज जाहेरवाला र पीडितको घर दैलोमा टाँस भई तामेल भएको देखिन्छ । न्यायाधीकरणको सो आदेशअनुसार जाहेरवाला न्यायाधीकरणसमक्ष उपस्थित भई साक्षी बकपत्र गरी रकम लेनदेनको प्रमाण तथा जाहेरी बेहोरा र अनुसन्धान तहकिकातको क्रममा पीडितको भनाईलाई पुष्टि गराउने प्रयत्नसम्म गरेको पाइँदैन। यस्तो अवस्थामा केवल जाहेरी बेहोरा र मौकाको कागजलाई प्रमाणमा लिई प्रतिवादीउपरको कसुर कायम गर्न मिल्ने नदेखिने।

प्रतिवादी कमला बोहराले अभियोग दाबीअनुसारको कसुर गरेको तथ्य पुष्टि हुने कुनै किसिमको प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन सकेको देखिँदैन । ठोस सबुत प्रमाणको अभावमा शङ्काको भरमा प्रतिवादीलाई कसुरदार करार गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने देखिन नआउने।

अतः जाहेरवाला तथा पीडित भनिएकी पुष्पा विष्ट वैदेशिक रोजगार न्यायाधीकरणको आदेशबमोजिम न्यायाधीकरणमा उपस्थित भई आवश्यक प्रमाणसमेत पेस गर्न नसकेको हुँदा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहरी वैदेशिक रोजगार न्यायाधीकरणबाट मिति २०७०।९।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०५८१, जबरजस्ती

करणी, *नेपाल सरकार वि. धनकुमार शेर्पा*

वादी नेपाल सरकारले अभियोगपत्रमा निज ग-१२ लाई साक्षीको रूपमा उल्लेख गरेकोसमेत देखिँदैन । प्रमाण मुकररको क्रममा पीडित ग-१२ लाई बुझ्ने भनी सुरू जिल्ला अदालतबाट आदेशसमेत नभएको तर पीडित ग-१२ को अदालतमा बकपत्र भएको देखिन्छ । अभियोगपत्रमा साक्षीको रूपमा उल्लेख नै नगरिएको व्यक्तिलाई अदालतको आदेश विना नै गरेको बकपत्रको बेहोरालाई प्रमाणको रूपमा ग्राह्य गरी प्रतिवादीका विरूद्ध प्रमाणमा लिनसमेत मिल्ने नदेखिने ।

अनुसन्धानकर्ताले पीडित व्यक्तिको पहिचानको लागि लिखत तयार नगरेको, मौखिक अनुरोधको आधारमा शारीरिक जाँचको लागि पठाएको र अभियोगपत्रमा पीडितलाई साक्षीको रूपमा उल्लेख नै नगरेको अवस्था हुँदा उक्त अनुसन्धानले शङ्काको स्थिति उब्जाएको छ । प्रस्तुत मुद्दामा पीडितको यकिन नै नभएको अवस्थामा शङ्काको आधारमा जबरजस्ती करणीजस्तो गम्भीर फौज्दारी अभियोगमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

तसर्थ, माथि उल्लिखित आधार कारणबाट शङ्काको सुविधा प्रतिवादीले पाउने देखिँदा आरोपित कसुरबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७२।३।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-११८१, अंश चलन, *मौजेलाल मण्डल धानुक वि. परशुराम मण्डल*

निजी आर्जनको भन्नेले निश्चयात्मक प्रमाण पेस गरी आफ्नो जिकिर प्रमाणित गर्न सक्नुपर्दछ । स्वआर्जनको ठोस सबुद प्रमाण गुजार्न नसके सगोलको परिवारमध्ये जुनसुकै अंशियारको नाउँमा सम्पत्ति रहेता पनि अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारको हक लाग्ने हुन्छ । कि.नं. ७०३ को जग्गा मिति २०४०।५।१ मा मौजेलालले राजीनामाबाट प्राप्त गरेको देखियो । सो कि.नं. ७०३ को जग्गाबाट कर्जा लिई दृष्टिबन्धक *पारित* गरिदिएको देखिन्छ । वादी प्रतिवादीहरू एकासगोलका अशियार भएको भन्ने देखिँदा बन्डापत्र भएको मिसिल संलग्न प्रमाण छैन । कि.नं. ७०३ को १० धुर जग्गा निजी आर्जनबाट खरीद भन्ने प्रमाणित गर्ने दायित्व स्वयम् प्रतिवादीउपर नै रहेको हुन्छ । सो प्रमाणित गर्न सकेको पाइँदैन । सगोलको अवस्थामा खरीद गरेको सो कि.नं. ७०३ को जग्गा बन्डा लाग्ने नै देखिने ।

अतः ऋणको हकमा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने गरी मूल २ अंशियार देखिँदा २ भाग गरी १ भागको ४ भागको १ भाग सम्पत्ति वादीले प्रतिवादीबाट अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१४२२, जबरजस्ती करणी, *रहरबहादुर तामाङ वि. नेपाल सरकार*

जाहेरवालाहरू गणेशबहादुर भण्डारी र सुरेश लामाले मौकाको जाहेरी बेहोरा र पीडितहरूको मौकाको भनाइलाई पुष्टि हुने गरी सुरू अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने इन्दिरा बुढाथोकी र कविता न्यौपानेले सो कागज बेहोरा समर्थित हुने गरी सुरू अदालतमा बकपत्र गरेको देखियो । पीडितहरूको स्वास्थ्य परीक्षण गर्ने डा. पुण्या पौडेलले सुरू अदालतमा गरेको बकपत्रमा बौद्ध ६९

(संकेत नाम) को घाउ लुतो लागेको होइन, त्यस्तो घाउ कहिलेकाँही नङले कोतरिएर, ठोक्किएर, चोटपटकबाट लाग्न सक्छ, त्यस्तो खालको घाउ करणीको उद्योग प्रयास गर्दा पनि हुन सक्छ भनी उल्लेख गरेको अवस्थाले यी प्रतिवादीको मौकाको बयान बेहोरा पुष्टि हुन आएको देखिएको छ। प्रतिवादी रहरबहादुर तामाङले बौद्ध ६७, बौद्ध ६८ र बौद्ध ६९ (संकेत नाम) लाई जबरजस्ती करणी गरेको कुरा प्रमाणबाट पुष्टि भएको देखिने।

पुनरावेदक / प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू वारदात मितिमा अन्यत्र रहेको भनी जिकिर लिएको देखिँदैन। मौकाको साबिती बयान कुटपिट गरी लेखाइदिएको भनी भने तापनि यी प्रतिवादीलाई मौकामा कुटपिट गरेको भन्ने कुरा प्रमाणले पुष्टि गरेको अवस्था देखिँदैन । प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित तवरले प्रमाणित हुन आएको देखिन आएकोले सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा आरोपित कसुर गरेको ठहऱ्याई सजायसमेत गर्ने गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।८।१८ मा भएको फैसला मनासिब देखिन आउने।

अतः माथि विवेचित आधार, प्रमाण कारणहरू समेतबाट यी प्रतिवादीउपर परेको किटानी जाहेरी, पीडित बौद्ध ६९ को शरीरमा घाउ खत देखिएको भन्ने परोपकार प्रसुती तथा स्त्रीरोग अस्पतालको मिति २०६९।०३।०५ को स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भई गरेको बयान तथा पीडितहरू बौद्ध-६७, बौद्ध-६८, बौद्ध-६९ तथा जाहेरवालाहरूको बकपत्रसमेतबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादी रहरबहादुर तामाङलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम ११ (एघार) वर्ष कैद र प्रतिवादीबाट पीडितहरूले रू.७५,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।८।१८ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल मङ्सिर २७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-०२९२, जग्गा दर्ता हक कायमसमेत, *राजेन्द्रमान सिंहसमेत वि. मोहन कुमार श्रेष्ठ*

विवादित जग्गामा पृथ्वीमान महर्जनको र निजपछि हक खाने सन्तान समेतको मोही हकसम्म रहने देखिए पनि जग्गामा स्वामित्त्व (जग्गाधनीको हक) कायम हुने अवस्था देखिँदैन । मालपोत कार्यालय, कलंकीको मोठमा आलिलाल वैद्यको नाममा दर्ता बाँकी भन्ने उल्लेख भएको देखिन्छ भने भूमिसुधार कार्यालय, काठमाडौं मिति २०६२।१।२७ गतेको पत्रमा २ नं. अनुसूचीमा आलिलाल श्रेष्ठ उल्लेख भएको भनी लेखिएको देखिन्छ। त्यसैगरी उक्त कार्यालयको २०६२।२।८ को पत्रमा आदिलालको नाममा ७ नं. फाँटबारी नदेखिएको भनी उल्लेख भएको पाइन्छ । यसबाट विवादित जग्गा आदिलाल वा आलिलाल कसको हो भन्ने प्रष्ट हुन सकेको नदेखिने। जग्गाको साबिक दर्ता स्रेस्तासम्बन्धी भरपर्दो प्रमाण पेस गरी वादीले दाबी पुष्टि गर्न सकेकोसमेत देखिँदैन। फिल्डबुकमा आदिलालको नम्बरी जग्गा हो भनी उल्लेख भएको देखिन्छ । विर्ता जग्गा भए नम्बरी जग्गा हो भनी उल्लेख गर्न पर्ने अवस्था पनि हुँदैन। विर्ता जग्गा हो भनी देखिने वस्तुनिष्ठ प्रमाणको अभाव रहेको अवस्थामा वडा कार्यालयको सिफारिस र मालपोत कार्यालयको सर्जमिनको आधारमा मात्र वादी दाबीको जग्गा विर्ता हो भनी भन्न मिल्ने नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट वादी दाबीको कि.नं. ८२ को जग्गा विर्ता जग्गा हो भन्ने तथ्य भरपर्दो र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कृतबहादुर बोहरा
इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-०२९३, जग्गा दर्ता हक कायमसमेत, *मोहनकुमार श्रेष्ठ वि. राजेन्द्रमान सिंह महर्जनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१०६५, वैदेशिक रोजगार कसुर, *चमेली लामा वि. नेपाल सरकार*

जाहेरवालीबाट रू.२,००,०००।– मात्र सापटी लिएको हो, सो रकम तिरीसकेको छु । वैदेशिक रोजगारको लागि कुनै रकम लिएको छैन भनी पुनरावेदक प्रतिवादीले जिकिर लिए पनि सो कुराको कुनै प्रमाण पेस भएको मिसिलबाट देखिँदैन । प्रतिवादीले करकाप भनी जिकिर लिएको कागज दुई तह अदालतबाट करकाप ठहर नभएको अवस्था छ। प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिसमेत नलिएको अवस्थामा वैदेशिक रोजगारमा पठाइदिन्छु भनी जाहेरवालीबाट रकम लिएको, सोबमोजिम वैदेशिक रोजगारमा पठाउन नसकेको र रकमसमेत फिर्ता नगरेको अवस्था हुँदा यी प्रतिवादीलाई कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधीकरणबाट भएको फैसला मनासिब नै देखिने।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी चमेली लामालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।७।०। (एक वर्ष सात महिना) कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालीको बिगो रू.११,४१,६९०।– र सोको ५० प्रतिशत हर्जानासमेत जम्मा रू.१७,१२,५३५।– (सत्र लाख बाह्र हजार पाँच सय पैंतीस रूपैयाँ) जाहेरवालीले भरिपाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधीकरणबाट मिति २०७१।२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल
इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०७४-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *उत्तरबहादुर खड्का वि. नेपाल सरकार*

वैदेशिक रोजगार न्यायाधीकरणमा यी निवेदक उत्तरबहादुर खड्काउपर दुईवटा मुद्दा चलेको कुरा निज आफू सो मुद्दाहरूमा हाजिर भई धरौटी तारिखमा रहेकोबाट निजलाई मुद्दाहरूका बारेमा केही थाहा भएन भनी भन्न मिल्ने पनि देखिँदैन । दुवै मुद्दामा एकै मितिमा फैसला भएको पनि पाइन्छ। सोमध्ये एउटा मुद्दाको म्याद निजको आमाले नै बुझेको देखिन्छ। अर्को मुद्दाको पुनरावेदन म्याद बेपत्ते तामेल भएर निजले जानकारी नपाएको हो भने सो म्याद बदर गराउने विधिसम्मत् बाटो निजले नै खोज्ने हो । यस अवस्थामा जहाँसम्म बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने प्रश्न छ यी निवेदकले आफू मिति २०७४।१०।१८ मा पक्राउ परेको कुरालाई स्वीकार नै गरेको देखिन्छ। निजलाई वैदेशिक रोजगार न्यायाधीकरणबाट एकै दिन र मितिमा भएको फैसलाबाट एउटामा १ वर्ष ६ महिना र अर्कोमा १ वर्ष ८ महिना कैदको सजाय भएको पाइन्छ। जरिवानाको हकमा पनि रू.१,५०,०००।- दरले दुवै मुद्दामा जरिवाना भएको छ। उक्त फैसलाहरूको सन्दर्भमा मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. र ४१ नं. को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा हेर्दासमेत कैद र जरिवाना भुक्तान भइसकेको अवस्था नहुँदा यी निवेदक गैरकानूनी थुनामा रहेको भन्न सकिने अवस्था नदेखिने।

अतः उल्लिखित आधार कारणबाट वैदेशिक रोजगार न्यायाधीकरणबाट मिति २०७०।११।२७ मा भएको फैसलाअनुसार लागेको कैद तथा जरिवानाको सजाय कार्यान्वयनको क्रममा नै यी निवेदक पक्राउमा परी लागेको कैद तथा जरिवानाबापत कैद भुक्तान गरिरहेको अवस्था भई कानूनबमोजिम भुक्तान गर्नुपर्ने सजायबापत

कैदमा राखिएको देखिँदा निजको थुनालाई गैरकानूनी भन्न सकिने अवस्था नहुँदा निवेदन माग दाबीअनुसार बन्दीप्रत्यक्षीकरणलगायत अन्य आदेश जारी गर्नुपर्ने अवस्था देखिएन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७२-CR-०२६८, हातहतियार खरखजाना, *शशिभुषण तिवारी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको साबिती बयानलाई बरामदी मुचुल्का, घटना विवरण कागज तथा प्रतिवेदकको प्रतिवेदन बेहोरा समेतले श्रृङ्खलाबद्ध रूपमा पुष्टि भए गरेको अवस्थासमेत मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । यस अवस्थामा प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानलाई नै आधार मानी कसुर अपराध गरेको होइन भनी भन्न कानून र न्यायको रोहमा मिल्ने पनि नदेखिने । पुनरावेदक प्रतिवादीको साबिती बयानलाई बरामदी मुचुल्कासमेतका अन्य श्रृङ्खलाबद्ध प्रमाणहरूले पुष्टि गरिरहेको र निजबाटै अवैध हातहतियार बरामद भएको भन्ने कुरा र तथ्यमा कुनै विवाद नभएको परिप्रेक्ष्यमा प्रमाणमा लिन मिल्ने नै देखिने ।

तसर्थ, माथि विवेचित प्रमाण एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा जिल्ला प्रशासन कार्यालय, पर्साबाट पुनरावेदक प्रतिवादी डब्लु. चुनु पाण्डे भन्ने शशिभूषण तिवारीले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र दफा ५ को कसुर अपराध गरेको ठहऱ्याई हातहतियारतर्फ सोही ऐनको दफा २०(२) अनुसार ५ वर्ष कैद र खरखजाना तर्फ सोही ऐनको दफा २०(३) अनुसार रू.६०,०००।- जरिवाना हुने ठहऱ्याई मिति २०७०।६।३ मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख १३ गते रोज २ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CI-०३५५, जग्गा नामसारी दा.खा., *रिषमलाल घर्ती वि. खलिबुढा मगर*

प्रर्त्यर्थी वादी खली घर्तीमगरले मालपोत कार्यालयमा नन्नेबीर पुन २०१५ सालदेखि बेपत्ता भएको भनी उल्लेख गरेको र पुनरावेदक प्रतिवादीले त्यसलाई अन्यथा हो भनेको नपाइए तापनि निज नन्नेबीर पुनका नाममा नापीका बखतमा नै दाबीका कित्ता जग्गाहरू नापजाँच दर्ता भई निजले जग्गाधनी प्रमाण पुर्जा पाएको देखिन्छ । यसरी सल्यान जिल्लामा भएको नयाँ नापीबाट समेत जग्गाधनी प्रमाण पुर्जा पाएका निज दर्तावाला नन्नेबीर पुन २०१५ सालमा परदेश गई बेपत्ता भएको भन्ने तथ्य स्वतः खण्डित भएको देखिन्छ । यसका अतिरिक्त २०६२/०६३ सालमा लालपुर्जामा कारोबार भएको भन्ने तथ्य देखिएको भन्ने मालपोत कार्यालयकै भनाई रहेको र २०३९।९।४ मा जग्गाधनी पुर्जा प्राप्त गरेको कुरा मिसिल संलग्न जग्गाधनी पुर्जाबाटै देखिन्छ । यसबाट जग्गा दर्तावाला नन्नेबीर पुनको मृत्यु भई निजको अपुताली परिसकेको भनी भन्न मिल्ने तथ्यतः नदेखिने ।

कुनै व्यक्तिको मृत्यु हुन गएमा निज मृतकको अपुताली कसले पाउने भन्ने कुरा कानूनबमोजिम निर्णय हुने विषय हो । यस्तोमा सम्बन्धित दैयादारले कानूनको म्यादभित्र सो दाबी गर्न पाउने नै देखिन्छ । निज नन्नेबीर पुनको मृत्यु भएपछि मात्र उठान हुने कानूनी प्रश्नका बारेमा सो घटना घट्नु अगाडि नै निर्णय गर्ने हो भने व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमा आघात पुग्न जाने अवस्था पर्छ । जुन कानून र न्यायको दृष्टिमा मान्य हुने पनि देखिँदैन । यस प्रकार वादी प्रतिवादीले उल्लेख गरे

झैं नभई दाबी जग्गावालको मृत्युको सम्बन्धमा यकिन हुन नसकेको अवस्थालाई ध्यानमा राखी जग्गावाला निज नन्नेबीर पुनको नाउँको जग्गाहरू यथास्थितिमा राख्ने भनी मालपोत कार्यालयबाट भएको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट वादी र प्रतिवादी नाउँमा नन्नेबीर पुनको नामका जग्गाहरू नामसारी दाखेल खारेज गर्न नमिल्ने र निज नन्नेबीर पुनको नाउँको जग्गाहरू यथास्थितिमा राख्ने भनी मालपोत कार्यालयबाट मिति २०६८।३।२३ मा भएको निर्णयलाई नै सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-CR-०४०१, ठगी, *शिवदास यादव वि. नेपाल सरकार*

घटनाको दिन भएको र.नं.४६३४(ङ) को हालै देखिको बकसपत्रको लिखतबमोजिमको जग्गा पाउने किशोर यादवले जाहेरवालीकै नाममा जग्गा फिर्ता गरिएको तथ्य र स्वयम् जाहेरवालीले अदालतमा गरेको बकपत्रसमेतको आधार प्रमाणबाट प्रतिवादी शिवदास यादवले वृद्ध अवस्थाकी, लोग्ने, छोरा, छोरी कोही नभएको बिरामी जाहेरवाली मुधुना अहिरनीलाई जाल परिपञ्च गरी गफलतमा पारी झुक्याई लठ्ठिने औषधीसमेत खुवाई निजको नाममा भएको रूपन्देही जिल्ला, सिपुवा गा.वि.स. वडा नं.५ कि.नं. १११४, ११२३, ११२५ गरी ३ कित्ता जग्गा आफ्नो नाममा र.नं.४६३५(ङ) बाट हालैदेखिको बकसपत्रको लिखतको माध्यमबाट आफ्नो बनाई लिई अभियोग दाबीबमोजिम यी प्रतिवादी पुनरावेदकले ठगीको कसुर गरेको पुष्टि भएकै देखियो। मालपोत कार्यालयबाट पारित लिखत भएको भन्नेसम्मको एक मात्र कारणले प्रतिवादीले ठगीको कसुर गरेको होइन भन्नु न्यायोचित नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट सुरू रूपन्देही जिल्ला अदालतबाट प्रतिवादी शिवदास यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई भएको मिति २०६८।३।२६ को फैसला उल्टी भई अभियोग माग दाबीबमोजिम प्रतिवादी शिवदास यादवले ठगीको रोहरीतबाट मालपोत कार्यालय, रूपन्देहीको र.नं.४६३५(ङ) मिति २०६६।९।२७ को लिखतबाट आफ्नो नाममा हालैको बकसपत्र गरिलिएको कि.नं.१११४, ११२३, ११२५ समेत ३ कित्ता जग्गा जाहेरवाली मुधुना अहिरनीलाई फिर्ता गराई प्रतिवादी शिवदास यादवलाई मुलुकी ऐन, ठगीको ४ नं. बमोजिम बिगो बराबर रू.८५,०००।– (पचासी हजार) जरिवाना र १ (एक) महिना कैदको सजायसमेत हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।३।१० गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ १ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७३-WO-०७१७, उत्प्रेषण / परमादेश, *सन्तोषकुमार खत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

पेसा, व्यवसाय सञ्चालन गर्न पाउने नागरिकको मौलिक हकलाई जनशक्तिको व्यवस्थापन हुन नसकेको कारण देखाई अनिश्चित समयसम्म रोक्नु मनासिब हुन सक्तैन। नागरिकले कानूनबमोजिम पेसा, व्यवसाय सञ्चालन गर्न अनुमति माग गरेमा त्यसका लागि आवश्यक पर्ने जनशक्तिलगायतका व्यवस्थापकीय

प्रबन्ध मिलाई सहजीकरण गर्नु राज्यको दायित्व हो । प्रस्तुत सन्दर्भमा अनुगमन गर्ने जनशक्तिको अभाव रहेको भन्ने कारण देखाई नागरिकको पेसा व्यवसाय गर्न पाउने संवैधानिक एवम् कानूनी हक अधिकारको प्रयोगमा अनन्त र अनिश्चित कालसम्म रोक लगाउने कार्यलाई न्यायोचित मान्न नसकिने । यसका साथै यसै विषयसँग सम्बन्धित रिट नं. ०७२-WO-१०४६ र ०७२-WO-०८२० का रिट निवेदनहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८।६।१३ को निर्णय र मिति २०६८।६।१५ को पत्र बदर हुने ठहर भई यस अदालतबाट यसअघि नै पनि फैसला भइसकेको सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सोही निर्णय एवम् पत्रलाई दर्शाई आफ्नो कानूनबमोजिमको जिम्मेवारीबाट पन्छिन कदापि पनि नमिल्ने ।

तसर्थ माथि विवेचित आधार र कारणहरूबाट नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८।६।१३ को बैठकको निर्णयको बुँदा नं. ४ र उक्त कार्यालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाएको प.सं. २०६८।६९ सा.वि.च.नं. १४६ मिति २०६८।६।१५ को पत्र, वैदेशिक रोजगार विभाग एवम् कम्पनी रजिष्ट्रारको कार्यालयले निवेदकहरूलाई दिएको जानकारी पत्रसमेतबाट निवेदकहरूको पेसा, रोजगार गर्न पाउने हकमा आघात पर्न गएको देखिँदा र यसअघि पनि यही विषयमा पर्न आएका रिट निवेदनहरूमा यस अदालतबाट उत्प्रेषणको आदेश जारी भइसकेको हुँदा उल्लिखित पत्रहरूलगायत सो पत्रसँग सम्बन्धित निर्णयहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकहरूले दिएको निवेदनबमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि एस.एस. ग्रुप अफ म्यानेजमेन्ट प्रा.लि., नेपाल मेनपावर प्रा.लि., आयाम ओभरसिज प्रा.लि., जि.एन. ह्युमन रिसोर्स प्रा.लि., रेड एण्ड ब्लु रिक्रुटमेन्ट सर्भिस प्रा.लि. र ईम्प्लाइमेन्ट रिक्रुटमेन्ट एजेन्सी प्रा.लि. नामका प्रस्तावित कम्पनीलाई अनुमतिपत्र दिने र दर्ता गर्ने सम्बन्धमा कारवाही अघि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल चैत २२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७४-RC-००७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर आलेमगर*

मृतक खड्गबहादुर मगर र दिलमाया मगरको शव परीक्षण प्रतिवेदनमा पनि मृत्युको कारण Head injury and hypovolaemic shock भनी उल्लेख भएको तथा घटनामा प्रयोग भएको खुकुरी प्रतिवादी चन्द्रबहादुर आलेमगरबाटै बरामद भएको देखिन्छ । अदालतमा बयान गर्दा बारदातमा प्रयोग भएको उक्त खुकुरी चन्द्रबहादुर आफ्नै भएको र त्यही खुकुरीले मैले मृतकहरू खड्गबहादुर आलेमगर र दिलमाया आलेमगरसमेतका अन्य घाइते ४ जनालाई खुकुरी प्रहार गरेको हुँ भनी साबिती बयान गरेको अवस्थासमेतबाट मृतकको मृत्यु र अन्य ४ जना घाइते हुनुको कारण प्रतिवादीको खुकुरी प्रहारबाट नै भएको भन्ने कुरा विवादरहित रूपमा पुष्टि हुन आउने ।

प्रतिवादी चन्द्रबहादुर आलेमगरलाई जिल्ला अदालत र पुनरावेदन अदालतले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) मा "धार भएको वा नभएको जोखमी हतियार गैहले हानी रोपी घोची ज्यान मारेमा .....सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाको घटनाको वारदातमा प्रतिवादी चन्द्रबहादुर आलेमगरले आफ्नै घरमा रहेको धारिलो हतियार खुकुरी प्रहारबाट मृतकहरू खड्गबहादुर आलेमगर र दिलमाया आलेमगरको मृत्यु भएको अवस्था र अन्य ४ जना व्यक्तिहरू ठमान सिंह

मगर, लिलमाया आलेमगर, चन्द्रमाया आलेमगर र बद्री आलेमगरलाई सो हतियार प्रहार गरी घाइते बनाएको अवस्थासमेत मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको देखिन्छ । यस अवस्थामा निज प्रतिवादीले अभियोग माग दाबीअनुसारको कसुर अपराध गरेको देखिने ।

तसर्थ माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी चन्द्रबहादुर आलेमगरको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. तथा १३(१) नं. विपरीतको कसुर भएकाले सोही कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०६५।०९।२३ मा भएको फैसला सदर गर्ने गरी मिति २०७३।०५।२९ मा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिँदा पेस हुन आएको साधक सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७४-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजन भुजेल*

जाहेरवाला रणबहादुर भुजेलको किटानी जाहेरी र सोही जाहेरीलाई समर्थन गरी अदालतमा गरेको बकपत्र, प्रतिवादी राजन भुजेलको अधिकारप्राप्त अधिकारी तथा अदालतमा आई गरेको साबिती बयान, प्रतिवादीकी आमा पार्वती भुजेलले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई जाहेरीलाई समर्थन हुने गरी गरेको बकपत्र, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा प्रतिवादी स्वयम्ले लुकाई राखेको अवस्थामा बरामद भएको फलामको पाइपसमेतबाट मृतक डिल्ली भुजेलको मृत्यु प्रतिवादीको फलामको पाइपको प्रहारबाट नै भएको भन्ने कुरा विवादरहित रूपमा पुष्टि हुन आउने ।

प्रतिवादी राजन भुजेललाई सुरू जिल्ला अदालत र पुनरावेदन अदालतले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) मा "धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा ..... सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाको घटनाको वारदातमा प्रतिवादी राजन भुजेलले आफ्नै घरमा रहेको आगो फुक्ने फलामको पाइपजस्तो जोखिम वस्तुले आफ्नै दाजु डिल्ली भुजेलको टाउकोजस्तो संवेदनशील ठाउँमा ४।५ पटक प्रहार गरी सख्त घाइते बनाएको र सोही फलामको पाइपको चोटका कारण मृतक डिल्ली भुजेलको अर्को दिन मृत्यु भएको र झगडा छुट्याउन गएको डिल्ली भुजेलको छोरा इश्वर भुजेललाई समेत सोही पाइपले २।३ पटक प्रहार गरेको अवस्थासमेत मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको देखिन्छ । यस अवस्थामा निज प्रतिवादीले अभियोग माग दाबीअनुसारको कसुर अपराध गरेको नै देखिने ।

तसर्थ माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी राजन भुजेलको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. तथा १३(१) नं. विपरीतको कसुर भएकाले सोही कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०७०।०५।२० मा भएको फैसला सदर गर्ने गरी मिति २०७४।०१।१० मा पुनरावेदन अदालत, विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मिलेकै देखिँदा पेस हुन आएको साधक सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७४-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनाराम के.सी.*

जाहेरवाला लोकराज के.सी.को किटानी

जाहेरी र सोही जाहेरीलाई समर्थन गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, प्रतिवादी विनाराम के.सी.को अधिकारप्राप्त अधिकारी तथा अदालतमा आई गरेको साबिती बयान, प्रतिवादीकी आमा खिर्माकली के.सी., चित्रबहादुर खड्का, मन जित वली, मोहनलाल वली, लिलामणी वाठा र चेत लामा पुनसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरीलाई समर्थन हुने गरी गरेको घटना विवरण कागज, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा घटनास्थालबाट बरामद भएको फलामको खुर्पासमेतबाट मृतक रेवती के.सी.को मृत्यु प्रतिवादीको फलामको खुर्पाको प्रहारबाट नै भएको भन्ने कुरा विवादरहित रूपमा पुष्टि हुन आउने।

प्रतिवादी विनाराम के.सी.लाई जिल्ला अदालत र पुनरावेदन अदालतले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) मा “धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा .....सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ” भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाको घटनाको वारदातमा प्रतिवादी विनाराम के.सी.ले श्रीमतीकै साथमा रहेको फलामको खुर्पाजस्तो जोखिम हतियारले आफ्नै श्रीमतीको घाँटीजस्तो संवेदनशील ठाउँमा पटकपटक हानी कर्तव्य गरी मारेको बेहोरासमेत मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको देखिन्छ। यस अवस्थामा निज प्रतिवादीले अभियोग माग दाबीअनुसारको कसुर अपराध गरेको नै देखिने।

तसर्थ माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी विनाराम के.सी.को उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. तथा १३(१) नं. विपरीतको कसुर भएकाले सोही कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०६५।११।१५ मा भएको फैसला सदर गर्ने गरी मिति २०७४।१।१२ मा उच्च अदालत, तुल्सीपुरबाट भएको फैसला मिलेकै देखिँदा पेस हुन आएको साधक सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

इति संवत् २०७५ साल वैशाख २३ गते रोज१ शुभम्।

## इजलास नं. १८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०३२८, कर्तव्य ज्यान, *जयकुमार यादव वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान घटना प्रकृति मुचुल्कासँग सिलसिलेवर रूपमा मिल्न आएको र वारदात घटेको कोठाको ढोकामा भित्रबाट चुकुल लागेको थियो भनी प्रतिवादी र प्रतिवादीका तर्फबाट उपस्थित अधिवक्ताले जिकिर लिए पनि सो कुरा घटनास्थल मुचुल्काबाट पुष्टि भएको देखिँदैन। मृतकको मृत्युको कारणका सम्बन्धमा मृत्युपूर्व होस छँदै व्यक्त गरेको कुराबाट प्रतिवादीको मौकाको बयान समर्थित भएको र सो मृत्युकालीन घोषणामा देवर जय कुमारले आगो लगाएको हो भनी प्रश्न गर्दा होइन, पतिले भनी जवाफ दिएबाट सो घोषणा निज मृतकले होस छँदै व्यक्त गरेको हो भन्ने कुरा पुष्टि भएकोले मृत्युकालीन घोषणा स्वतन्त्र रूपमा पुष्टि भएको छैन भन्ने विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीको अदालतसमक्षको ईन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको साथै निजले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रही बयान गरेको र सो बयानलाई सिलसिलेवर रूपमा रहेका परिस्थितिजन्य प्रमाण, मौकामा कागज गर्ने व्यक्ति र स्वयम् मृतकको मृत्युकालीन घोषणाबाट पुष्टि भइरहेको हुँदा मर्नुअघि होस छँदै मृतकले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा र कुनै घटनाका सम्बन्धमा

पीडित मानिसले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० र ११ अनुसार प्रमाणमा लिन मिल्ने नै हुँदा सोसमेतलाई प्रमाणमा लिई प्रतिवादी जयकुमार यादवले आरोपित कसुर गरेको ठहऱ्याई निजलाई अभियोग मागदाबीबमोजिम ज्यानसबन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटबलको मिति २०७२।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोखे्रल

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०८२१, ०७३-CR-०८२२, ०७३-CR-०८२३, ०७३-CR-०८२४, ०७३-CR-०८२५ र ०७३-CR-०९८१, कर्तव्य ज्यान, *डिल्ली देवान वि. नेपाल सरकार, हिरालाल सेवा, नेपाल सरकार वि. प्रताप राई वि. नेपाल सरकार, किरण बुढाथोकी क्षेत्री वि. नेपाल सरकार, सुन्दरी राई वि. नेपाल सरकार र नेपाल सरकार वि. सुभद्री राईसमेत*

प्रतिवादी किरण बुढाथोकी अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा इन्कार रही म मोटरसाईकलमा इटहरीतर्फ आउँदै गर्दा डिल्ली र प्रताप भेट भई निजहरूले मलाई एक छिन बस्दै गर हामी आइहाल्छौँ भनी मेरो मोटरसाइकल लिई गएका थिए। करिव एक घण्टा पछि दुवै जना हतारिँदै आए र पछि हामी घरमा आई बस्यौं। ५/६ दिनपछि काठमाडौं घुम्न जाँदा पक्राउ परेको हुँ भनी बयान गरे पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातमा आफ्नो उपस्थिति देखाई डिल्ली देवानले मृतकलाई टाउकोमा प्रहार गरेको र प्रताप राईको खुकुरी खोसी आफूले पनि खुकुरी प्रहार गरेको कुरा स्वीकार गरी बयान गरेको र सो बयानलाई समर्थन गरी प्रतिवादीमध्येका डिल्ली देवानले अदालतमा बयान गर्दा प्रतिवादी किरण बुढाथोकी र धनबहादुर राईले लेटाङको मान्छे मार्नुपर्ने छ, ६ लाख पाइन्छ भने पछि म र किरण भई प्रतिवादी प्रतापलाई बोलाई खोटाङस्थित पहाड घरमा मार्ने सल्लाह गरी बैनास्वरूप रू.५०,०००।– लिएको र पछि फेरी चिसाङ् खोलामा ढुकी बसी मृतक राजमणी राईलाई मैले बोकेको खुकुरीले प्रताप र मैले प्रहार गरी ढुङ्गासमेतले हानी मरेपछि किरण बुढाथोकीले सुन्दरीलाई काम फत्ते भयो भनी फोन गरेको र हतियार त्यही छाडी गएको हो भनी बयान गरेको पाइन्छ । अर्का प्रतिवादी प्रताप राईले अदालतमा बयान गर्दा डिल्ली देवानले काम छ भनी बोलाएका र निजसमेतले राजमणी राईलाई मार्ने शर्तमा पैसा लिएका रहेछन, सोहीबमोजिम म र डिल्ली देवान भई राजमणी राईलाई खुकुरीसमेत प्रहार गरी हत्या गरेका हौ भनी बयान गरेका छन्। यी प्रतिवादीहरू तीनै जनाले चोट छाडी मृतकको हत्या गरेको भन्ने कुरा पुष्टि भएकोले प्रतिवादीहरू किरण बुढाथोकी, डिल्ली देवान र प्रताप राईलाई पुनरावेदन अदालत, विराटनगरले ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला मनासिब नै देखिने।

प्रतिवादी हिरालाल सेवाले मृतक राजमणीकी श्रीमती सुन्दरी राईले आफूलाई लोग्नेले दुःख पीडा दिइरहेकोले निजलाई मार्न प्रतिवादीमध्ये हिरालाल सेवा मार्फत मान्छे खोज्न लगाएकी र प्रतिवादी हिरालालले प्रतिवादी सुन्दरी राईले अह्राएबमोजिम निजका लोग्ने राजमणीलाई मार्न भनी अन्य प्रतिवादीहरूलाई जुटाइदिएका र तीनै प्रतिवादीहरू क्रमशः किरण बुढाथोकी, डिल्ली देवान र प्रताप राईको कर्तब्यबाट नै मृतक राजमणीको मृत्यु भएको अवस्था छ। यस प्रकार मृतक राजमणी राईको मृत्यु यी प्रतिवादी हिरालाल सेवाको षडयन्त्रको क्रियाबाट नै भएको पुष्टि हुन आएको अवस्थामा यी प्रतिवादी हिरालाल सेवालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिँदा सजाय चर्को भयो भन्ने प्रतिवादी

र निजलाई ऐ. १३(४) को अभियोग दाबीबमोजिम सजाय नगरी कम सजाय गरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सुभद्री राईले अदालतमा कसुरमा इन्कार रही बयान गरेको अवस्था छ भने आफ्नो कसुर स्वीकार गर्ने सुन्दरी राईले यी प्रतिवादीलाई गढाउ गरी बयान गरेको अवस्था नदेखिएको र मुख्य भूमिका निर्वाह नगरेपनि मौकामा बुझिएका मानिस एवम् जाहेरवालाको जाहेरी दरखास्त र बकपत्रसमेतबाट यी प्रतिवादीले आफ्नो पितालाई मार्ने योजनाको जानकारी पाएकोमा त्यसलाई रोक्नेतर्फ नलागी मार्ने कार्यमा सहमतसम्म रहेको भन्ने पुष्टि भएकोले निजको वारदातमा रहेको भूमिकालाई विचार गरी प्रतिवादी सुभद्री राईलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

प्रतिवादीहरू किरण बुढाथोकी, प्रताप राई र डिल्ली देवानसमेतका प्रतिवादी वारदात स्थलबाट भागी काठमाडौं आएकोमा काठमाडौंको होटलमा बस्ने व्यवस्था यी प्रतिवादी मिलन राईले गरेको भन्ने तथ्य मिसिलबाट खुले पनि यी प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतको बयान तथा मिसिल संलग्न अन्य प्रमाणबाट यी प्रतिवादी मिलन लामाबाट मृतकलाई मार्ने कार्यमा कुनै भूमिका निर्वाह भएको देखिँदैन । वारदात घटेपश्चात् लुकी छिपी बस्नको लागि आएका व्यक्ति हुन् भन्ने पूर्व जानकारी यी प्रतिवादीलाई रहेको थियो भन्ने समेत मिसिलबाट नदेखिँदा प्रतिवादी मिलन लामालाई सफाइ दिने गरी भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी सुन्दरी राई आफू मृतक राजमणीको जेठी श्रीमती रहेको र निजलाई मृतक लोग्नेले कान्छी श्रीमती लगाई यातना दिने र कुटपिट गर्ने गरेको हुँदा निजलाई मार्न प्रतिवादी हिरालाल सेवामार्फत लोग्नेलाई सिध्याउने मान्छे खोज्न लगाई निजले खोजेका व्यक्तिहरू क्रमशः प्रतिवादीहरू किरण बुढाथोकी, डिल्ली देवान र प्रताप राईलाई आफ्नो लोग्नेलाई मार्न लगाएको मिसिल संलग्न कागज प्रमाणहरूबाट नै पुष्टि हुन गएको अवस्था छ। सहप्रतिवादीहरूले सुन्दरी राईको लागि नै आफूले वारदात घटाएको कुरालाई आफ्नो बयानमा खुलाएको र यी प्रतिवादी स्वयम् आफू निर्दोष रहेको भनी जिकिर लिएको अवस्थासमेत छैन । छोरी सुभद्री राईको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट समेत यी प्रतिवादी सुन्दरी राईकै कारण मृतकको हत्या भएको भन्ने कुरा खुलेको छ। प्रतिवादी सुन्दरी राईले प्रतिवादी हिरालालले आफूले भनेअनुसार खोजेका व्यक्तिहरू अन्य प्रतिवादीहरू क्रमशः किरण बुढाथोकी डिल्ली देवान र प्रताप राईलाई पैसा दिएर मार्न लगाएको क्रिया नै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) को दायराभित्र नै पर्ने देखिन आउछ। यस अवस्थामा प्रतिवादी सुन्दरी राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

अत: माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू किरण बुढाथोकी क्षेत्री, डिल्ली देवान र प्रताप राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. बिपरित १३(१) नं. बमोजिमको कसुरमा सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादी सुन्दरी राईलाई ऐ १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने, प्रतिवादी हिरालाल सेवालाई ऐ. १६ नं. बमोजिम १०(दश) वर्ष कैद हुने, प्रतिवादी सुभद्री राईलाई ऐ. १७(३) बमोजिम ३ वर्ष कैदको सजाय हुने र प्रतिवादीमध्येका मिलन लामाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।०५।०६ को फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७३।४।१९ को फैसला मिलेकै दिखिँदा सदर हुने ठहर्छ । तथापि प्रतिवादी सुन्दरी राईलाई मृतकले दु:ख दिने गरेको, निज मृतकको जेठी श्रीमती भएको र जिवित छँदा निजलाई हेरचाह तथा वास्तासमेत नगर्ने गरेको, निज प्रतिवादी शारीरिक रूपमा अपाङ्ग रही जीवनयापनमा कठिनाईसमेत रहेको अवस्थासमेतलाई बिचार गर्दा यी प्रतिवादी सुन्दरी राईलाई जन्मकैदको सजाय नगरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने नै देखिँदा निज प्रतिवादी सुन्दरी

राईलाई १५(पन्ध्र) वर्ष कैद हुने।
इजलास अधिकृत: ढाकाराम पौडेल
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०८३४, निषेधाज्ञा, *नमिता पोखरेल (घिमिरे) समेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, केशरमहलसमेत*

बाटो विस्तार गर्ने सम्बन्धमा स्वयम् निवेदक मध्येका कल्याणी रिमाल र नमिता पोखरेलसमेतले मिति २०७०।४।७ र २०७०।४।११ मा निवेदन दिएको आधारमा काठमाडौं उपत्यका विकास प्राधिकरणले मिति २०४५।७।२९ को निर्णयबमोजिम GLD अन्तर्गतको सडक विस्तार गर्न लागेको अवस्थामा उक्त मिति २०४५।७।२९ को निर्णयलाई यी निवेदकहरूले आफूहरूको हकमा बदर गराउन नसकी यथास्थितिमा कायम रहिरहेको देखिँदा सो आधारमा काठमाडौं उपत्यका विकास प्राधिकरणले गर्न लागेको बाटो विस्तार कार्यमा निवेदकहरूको पूर्ण सहयोग रहने प्रतिवद्धता रहेको देखिएकोले बाटो विस्तार गर्न लागेको कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावदेन अदालत, पाटनबाट मिति २०६९।९।१२ मा भएको फैसला मिलेको देखिँदा परिवर्तन गरिरहनु पर्ने अवस्था देखिन आएन। पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने।
इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-०२६१, निषेधाज्ञा, *अमर शमशेर ज.ब.रा. वि. महानगरीय प्रहरी परिसर साबिक, हनुमानढोका हाल टेकुसमेत*

निवेदकलाई लेनदेन विषयमा पक्राउ गर्ने, थुनामा राख्ने, कागज गराउने, यातना दिने सम्भावना रहेको भन्ने निवेदकको बेहोरा मिसिल प्रमाणबाट पुष्टि भएको देखिन आएन। निवेदकलाई लेनेदेन विषयमा पक्राउ गर्ने, थुन्ने, कागज गराउने यातना दिने आशङ्काको स्थिति पुष्टि भएको नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञा आदेश जारी हुन सक्ने अवस्था विद्यमान रहेको नदेखिँदा निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।११।१३ को फैसला मिलेकै देखिँदा परिवर्तन गरिरहनु पर्ने अवस्था देखिएन। पुनरावेदन अदालतको फैसला सदर हुने।
इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-०३२६, निषेधाज्ञा / परमादेश, *सुमित्रा शाहसमेत वि. वैदेशिक रोजगार विभाग तिनकुने (हाल बुद्धनगर) समेत*

निवेदिकाले आफूले आफ्नो जग्गा दृष्टिबन्धक राखी रू.१२ लाख मात्र गोकुलप्रसाद शिवहरेको लागि लिइदिएको भने पनि स्वइच्छाले निजले जे जस्तो कागजमा सही गरेका छन् सोहीबमोजिम नै दायित्व व्यहोर्नु पर्ने हुन्छ। कसैले झुक्याएर जालसाजी पूर्वक बेइमानीका नियतले खाली कागजमा सही गराएको अवस्था पुष्टि नभएसम्म कुनै दायित्व व्यहोर्न नपर्ने। महानगरीय प्रहरी वृत्तको कार्यालय, काठमाडौंले निवेदिकाहरूलाई पक्राउ गर्न र कुनै धरपकड गर्न खोजिएको छैन भने पछि निवेदिकाहरूलाई पक्राउ गर्ने र प्रहरी वृत्तमा आउनु भनी कुनै पत्र पठाएको र तारिखमा राखेको पुष्टि नभएसम्म महानगरीय प्रहरी वृत्तले निवेदिकाहरूलाई पक्राउ गर्न र धरपकड गरिएको छैन भन्ने भनाईलाई नै मान्नु पर्ने।

गोकुलप्रसाद शिवहरेसमेतका नाममा पटकपटक म्याद जारी गरी पठाउँदासमेत म्याद तामेल हुन नसकी बेपत्ते तामेल भई आएको देखिन्छ। निजको नाउँको म्याद बेपत्ते तामेल भएको अवस्था र निज उपस्थित भई निजले निवेदिकाहरूबाट कुनै दायित्व पर्ने विषयको कागज गराएको भन्ने जिकिर लिई सोको

पुष्टि नभएसम्म निवेदकले आफूलाई तीनवटा खाली कागजमा सही गराए र सो आधारमा प्रहरीद्वारा पक्रन र धरपकड गर्न खोजे भन्ने तथ्यलाई पत्यार लायक मान्न मिल्दैन । निवेदकहरूलाई खाली कागजमा सही गराइएको भन्ने कार्य पुष्टि नहुनुको साथै सो विषयलाई लिएर महानगरीय प्रहरी वृत्तको कार्यालय, काठमाडौंको भनाईसमेतले निवेदकलाई धरपकड र पक्राउ गर्ने कार्य नगरेको भन्ने लिखित जवाफको बेहोराले नै निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा पुनरावेदकको निवेदन खारेज गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१५५०, कर्तव्य ज्यान, *उदयबहादुर शाही वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए पनि अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी लेनदेनका विषयमा विवाद भएको मैले निजलाई लछार पछार गर्दा भान्सा कोठामा चुरा फुटेको थियो, पछि पनि विवाद भएको कारण उठी निज निदाएको अवस्थामा हातले घाँटी थिची मारेर आफैँ मरेको जस्तो देखाउन झुण्डाएको हुँ भनी बयान गरेको देखिन्छ । पोष्टमार्टम रिपोर्टबाट पानसा सिंहको मृत्यु Strangulaion बाट भएको देखिएको, पुनरावेदक प्रतिवादीका विरूद्ध किटानी जाहेरी परेको, प्रतिवादी अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित भएका, मृतकको नाबालक छोराछोरीको बकपत्र र घटनास्थल तथा लास प्रकृति मुचुल्का बीचको सामञ्जस्यतासमेतबाट प्रतिवादीउपरको आरोपित कसुर पुष्टि हुने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी ओपेन्द्र भन्ने उदयबहादुर शाहीलाई ज्यानसमबन्धी महलको १ नं. का कसुरमा ऐ. १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याई गरेको बाँके जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७२।४।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**